## २०८२/०१/०३ गते । गोरखापत्र । ज्ञान सागर । वस्तुगत प्रश्नोत्तर ।

१. फोब्र्सद्वारा सन् २०२५ मा प्रकाशित विश्वका अर्बपतिहरूको सूची अनुसार पहिलो स्थानमा पर्न सफल धनाढ्य को हुन् ?
= एलन मस्क
-फोब्र्सका अनुसार हाल विश्वभर ३,०२८ जना अर्बपति रहेका
-नेपालबाट सन् २०१३ यता फोब्र्सको सूचीमा लगातार प्रतिनिधित्व गर्दै आएका उद्योगी एवं राजनीतिकर्मी विनोद चौधरी दुई अर्ब डलरका साथ १,७२९ औँ स्थानमा रहेका छन् । सन् २०२४ मा उनी विश्वभरका २,७८१ अर्बपतिमध्ये १७६४ औँ स्थानमा थिए ।
विश्वका सर्वाधिक दस धनाढ्य नाम कम्पनी क्षेत्र सम्पत्ति
१. इलन मस्क टेस्ला, स्पेसएक्स प्रविधि, अन्तरिक्ष ३४२
२. मार्क जुकरवर्ग मेटा प्रविधि २१६
३. जेफ बेजोस अमेजन प्रविधि, इकमर्स २१५
४. ल्यारी एलिसन ओऱ्याकल प्रविधि १९२
५. बर्नार्ड अर्नल्ट एलभीएमएच फेसन, खुद्रा व्यापार १७८
६. वारेन बफेट हाथवे वित्त, लगानी १५४
७. ल्यारी पेज गुगल प्रविधि १४४
८. सर्गेई ब्रिन गुगल प्रविधि १३८
९. अमान्सिया ओर्टेगा जारा फेसन, खुद्रा व्यापार १२४
१०. स्टिभ बल्मर माइक्रोसफ्ट प्रविधि ११८
२. वासुशशि साहित्य सम्मान २०८१ बाट सम्मानित हुने स्रष्टा को हुन् ?
= नाटककार मनबहादुर मुखिया, कवि विमल वैद्य र सन्ध्या पहाडी
-नाटककार मुखियाका अनि देउराली रुन्छ, फेरि इतिहास दोहोरिन्छ, कवि विमल वैद्यका आकाश छुन खोज्ने मनहरू, समय र सपनाहरू तथा सन्ध्या पहाडीका सिम्फोनी, युगको तटमा उभिएर नामक कृति प्रसिद्ध छन् ।
३. नेपालमा दोस्रो अन्तर्राष्ट्रिय वैज्ञानिक सम्मेलन कहिले आयोजना गरियो ?
= विसं २०८१ चैत १४
–१६ ४. लन्डनस्थित स्पेल्थोन सिम्रिक अवार्ड ट्रस्टले ‘स्पेल्थोन सिम्रिक अवार्ड २०२५/ बाट कसलाई सम्मानित गऱ्यो ?
= पत्रकार चिरन शर्मा

-सन् १९८२ मा स्थापना गरिएको सिम्रिक अवार्ड ट्रस्टले बेलायतका समुदायमा विभिन्न क्षेत्रमार्फत स्वयंसेवकका रूपमा योगदान पुऱ्याउने व्यक्तिहरूलाई यो अवार्डबाट सम्मान गर्दै आएको

-नेपाल पत्रकार महासङ्घ बेलायतका पूर्वअध्यक्षसमेत रहेका शर्माले विगत १८ वर्षदेखि नेपाल ब्रिटेन डटकम नामक समाचार पोर्टल सञ्चालन गर्दै आएका

-उनी नेपालको राष्ट्रिय दैनिक नागरिक न्युजका बेलायत संवाददातासमेत हुन् ।

-शर्मा सो अवार्ड प्राप्त गर्ने पहिलो गैरआवासीय नेपाली हुन् ।

५. कोशी प्रदेश पर्यटन वर्ष २०८२ कहिले घोषणा गरिएको हो ?

= विसं २०८१ चैत २७

६. अरुण, तमोर र सुनकोशी नदीको सङ्गमस्थलमा रहेको विशाल ढुङ्गालाई के नामले चिनिन्छ ?

= खुवालुङ

-धनकुटा, भोजपुर र उदयपुरको सीमा क्षेत्रमा अवस्थित यो ढुङ्गा किराँत राई समुदायको सांस्कृतिक आस्थाको केन्द्र मानिन्छ ।

७. पद्मश्री साहित्य पुरस्कार–२०८१ कसलाई प्रदान गरियो ?

= प्रा. कृष्ण गौतम (उपन्यास : अद्वैत)

-द्वैत, अद्वैत तथा बहुलवादमा आस्था भए पनि मानवताको सार मूलतः एक रहेको तथा विश्वास, मत र मार्ग भए पनि मुहान एक रहेको व्याख्या गर्दै मानव समाजमा समभाव, समानुभूति तथा ऐक्यबद्धता स्थापना गर्ने विषयमा बोधगम्य भाषा शैलीमा उक्त उपन्यास लेखिएको

-प्रा. गौतमका समालोचनात्मक र आख्यानात्मक एक दर्जनभन्दा बढी पुस्तक प्रकाशित छन् ।

-त्यस्तै नेपाली भाषा, साहित्य तथा संस्कृतिको उन्नयनका लागि सिर्जना, पत्रकारिता तथा साहित्यिक गतिविधिमा निरन्तर स क्रिय साहित्यिक अभियन्ता तथा चिन्तक पवनकुमार चाम्लिङलाई पद्मश्री साधना सम्मान प्रदान गरिएको चाम्लिङ २४ वर्ष भारतको सिक्किम राज्यमा मुख्यमन्त्री रहेका

-त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति, पूर्वराजदूत तथा नागरिक समाजका अभियन्ता प्राडा केदारभक्त माथेमालाई पद्मश्री गौरव पुरस्कार प्रदान गरिएको

-यी पुरस्कारको राशि जनही तीन लाख रुपियाँ रहेको

८. लेखा व्यवसायीको चौथो राष्ट्रिय सम्मेलन कहिले सम्पन्न भएको हो ?

= विसं. २०८१ चैत २६–२७

-'कर र सार्वजनिक वित्तीय व्यवस्थापनको आधुनिकीकरणमार्फत अर्थतन्त्रको रूपान्तरण/ भन्ने नाराका साथ सम्मेलन सम्पन्न भएको

९. कानुन व्यवसायीको छाता सङ्गठन नेपाल बार एसोसिएसनको अध्यक्षमा को निर्वाचित भएका छन् ?

= प्राडा विजयप्रसाद मिश्र

-सो निर्वाचनमा सत्ता गठबन्धननिकट कानुन व्यवसायीको प्यानल नै विजयी भएको



www.laxmiprasadjoshi.com.np

-सत्ता गठबन्धननिकट कानुन व्यवसायीको प्यानलबाट अध्यक्ष पदमा उम्मेदवार बनेका मिश्र ५,०५२ मत ल्याई विजयी भएका । उनका प्रतिस्पर्धी तथा विपक्षी गठबन्धनका तर्फबाट उम्मेदवार बनेका वरिष्ठ अधिवक्ता रमणकुमार श्रेष्ठले २,६२१ मत प्राप्त गरेका

-महासचिवमा मिश्रको प्यानलका उम्मेदवार वरिष्ठ अधिवक्ता केदारप्रसाद कोइराला विजयी भएका

-बारको २७ औँ कार्यसमितिका लागि विसं २०८१ चैत २३ गते निर्वाचन सम्पन्न भएको थियो ।

१०. अन्तर्राष्ट्रिय टी–२० क्रिकेटमा धैरै इनिङ्स शून्यमा आउट नहुने रेकर्ड आफ्नो नाममा लेखाउँदै कीर्तिमान कायम गर्न सफल नेपाली क्रिकेटर को हुन् ?

= दीपेन्द्रसिंह ऐरी

-उनले सन् २०२५ अप्रिलमा हङकङमा सञ्चालित चारदेशीय टी–२० आई सिरिजमा कुवेतविरुद्ध खेल्दै गर्दा सो कीर्तिमान कायम गर्न सफल भएका

-अन्तर्राष्ट्रिय टी–२० क्रिकेटमा धैरै इनिङ्स शून्यमा आउट नहुने वेस्ट इन्डिजका मार्लोन सामुइल्सको रेकर्ड ऐरीले तोडेका

-ऐरीको नाममा टी–२० आईमा ६ बलमा ६ छक्का प्रहार गर्ने रेकर्ड पनि रहेको छ ।

-त्यस्तै उनको नाममा अर्को दुर्लभ विश्व कीर्तिमान पनि रहेको छ । उनले सन् २०२३ मा चीनको हाङझाउमा भएको १९ औँ एसियन खेलकुद अन्तर्गत क्रिकेट विधामा मङ्गोलियाविरुद्ध नौ बलमा ५० रन बनाएका । टी–२० आईमा धैरै इनिङ्स शून्यमा आउट नहुने क्रिकेटर खेलाडी खेल इनिङ्स शतक अर्ध शतक

१. दीपेन्द्रसिंह ऐरी (नेपाल) ७६ ६६ १ १०

२. मार्लोन सामुइल्स (वेस्ट इन्डिज) ६७ ६५ ० १०

३. दिनेश चन्दिमाल (श्रीलङ्का) ६८ ६१ ० ६

४. डु प्लेसिस (द. अफ्रिका) ५० ५० १ १०

५. नजमुल हुसेन (बङ्गलादेश) ४९ ४७ ० ४

११. नगरकोट क्षेत्रको संस्कृति, प्रकृति एवं इतिहासलाई प्रवर्धन गर्ने उद्देश्यका साथ 'नगरकोट भ्रमण वर्ष–२०८२/ को सुरुवात कहिलेदेखि भएको हो ?

= विसं २०८२ वैशाख १ नगरकोट भ्रमण वर्ष उद्घाटन : विसं २०८२ वैशाख १ को बाट : राष्ट्रपति रामचन्द्र पौडेल

-आन्तरिक १० लाख र बाह्य एक लाख पर्यटक भित्र्याउने लक्ष्य

१२. जुडशीतल पर्व कहिले मनाइन्छ ?

= वैशाख २

-तराई मधेशका जिल्ला तथा मिथिलाञ्चल क्षेत्रमा वैशाख २ गते मनाइने यस पर्वमा मिथिलावासीले एकअर्कालाई हिलो र पानी छयाप्ने, लगाउने गर्दछन् ।

-यसअघि परिवारका श्रेष्ठजनबाट बिहानै टाउकोमा पानी थापेर आशीर्वाद लिने चलन छ ।



www.laxmiprasadjoshi.com.np

-शरीरमा हिलो र पानी छयाप्नाले स्वास्थ्य लाभ हुने र छालासम्बन्धी रोग नलाग्ने विश्वास रहेको छ ।
-शीतलताको प्रतीकका रूपमा यो पर्व मनाउने गरिन्छ ।
१३. 'राष्ट्र–पारराष्ट्र/ नामक कृतिका सर्जक को हुन् ?
= डा. भेषबहादुर थापा
१४. 'जोगियाना/ नामक कृतिका लेखक कुमार नगरकोटी हुन् भने 'कर्मणा/ नामक कृतिका लेखक को हुन् ?
= झमककुमारी घिमिरे
१५. हालै लागुऔषधमुक्त घोषणा गरिएको स्थानीय तह कुन हो ?
= नाम्खा गाउँपालिका, हुम्ला
-देशकै ठुलो गाउँपालिका लागुऔषधमुक्त स्थानीय तह घोषित भएको
-लागुऔषध प्रयोग गर्नेहरू फेला नपरेको र आगामी दिनमा यसको प्रयोग गर्ने वातावरण नबनोस् भन्ने उद्देश्यका साथ २०८१ चैत २७ का दिन लागुऔषधमुक्त पालिका घोषणा गरिएको
१६. बिम्स्टेकमा सदस्य नभएका सार्क राष्ट्र कुन कुन हुन् ?
= अफगानिस्तान, पाकिस्तान र माल्दिभ्स (सार्क सदस्य नभएका बिम्स्टेक राष्ट्र थाइल्यान्ड र म्यान्मार हुन् ।)
१७. संयुक्त राष्ट्रसङ्घद्वारा अन्तर्राष्ट्रिय पारिस्थितिकीय प्रणालीको पुनर्स्थापना दशकका रूपमा घोषणा गरिएको दशक कुन हो ?
= सन् २०२१–२०३० १८. 'WWF/ को आदर्श वाक्य के हो ?
-फर नेचर, फर पिपुल, फर इभर
१९. बाल साहित्यको महत्व उजागर तथा पठन संस्कृति प्रवर्धन गर्ने उद्देश्यसहित राजधानी काठमाडौँमा प्रथम अन्तर्राष्ट्रिय बालसाहित्य सम्मेलन कहिले सम्पन्न भयो ?
-विसं २०८१ असोज ४–५
-सम्मेलनमा नेपालबाट दुई सयभन्दा बढी र बाहिरबाट १० देशका ३१ जना विदेशी सर्जकको सहभागिता रहेको
-नेपाल प्रज्ञा–प्रतिष्ठान, नेपाल बाल साहित्य समाज र रुम टु रिडद्वारा संयुक्त रूपमा आयोजित सम्मेलनमा बाल साहित्यसम्बन्धी पुस्तक प्रदर्शनी, कथा वाचन, बाल चित्रकला प्रदर्शनी तथा समूहगत छलफल गरिएको
२०. सरकारले याक दिवसका रूपमा मनाउन तय गरेको दिन कुन हो ? = वैशाख ७
-विसं २०८१ आश्विन २ को मन्त्रीपरिषद् बैठकले सो निर्णय गरेको
-याकलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२ ९ ले संरक्षित वन्यजन्तुको सूचीमा राखेको
-याक अनुवांशिक स्रोतकेन्द्रले २०८० वैशाख ७ गते आफ्नो ५० औँ स्थापना दिवस मनाउने सन्दर्भमा याक तथा चौँरीको संरक्षण र संवर्धनका लागि वैशाख ७ लाई राष्ट्रिय याक दिवस घोषणा गरी मनाउने निर्णय गरिएको

www.laxmiprasadjoshi.com.np

२१. राष्ट्र बैङ्कका अनुसार कुन आधार वर्षलाई आधार मानी मूल्य सूचकाङ्क गणना गरिने भएको छ ?
= आर्थिक वर्ष २०८०/८१
-हालसम्म आधार वर्ष २०७१/७२ अनुसार मूल्य सूचकाङ्क गणना हुँदै आएको
-चालु आव २०८१ /८२ को साउनदेखि नै नयाँ आधार वर्ष अनुसार उपभोक्ता मूल्य सूचकाङ्क गणना गरिने राष्ट्र बैङ्कले जनाएको (२०८१ असोज ९ मा)
-राष्ट्र बैङ्कका अनुसार अब ५२५ वस्तु तथा सेवाका आधारमा मूल्य सूचकाङ्क गणना गरिने छ । हालसम्म ४९६ वटा वस्तु तथा सेवाका आधारमा मूल्य सूचकाङ्क गणना गरिन्थ्यो । केही विलय भएका वस्तु तथा सेवालाई हटाएर थप भएका वस्तु तथा सेवा यसमा जोडिएको
-अब ७७ जिल्लाबाट मूल्य सूचकाङ्कको नमुना सङ्कलन गरिने छ । हालसम्म ५० जिल्लाबाट मात्रै मूल्य सूचकाङ्कको नमुना सङ्कलन गरिन्थ्यो ।

www.laxmiprasadjoshi.com.np

**2082/1/10 गते । गोरखापत्र । ज्ञान सागर । वस्तुगत प्रश्नोत्तर ।**

१. विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) का सदस्य मुलुकबिच भविष्यका महामारीको सामना गर्नेसम्बन्धी सम्झौतामा कहिले सम्झौता भएको हो ?

= सन् २०२५ अप्रिल १६

-कोभिड–१९ को समयमा गरिएका गल्ती नदोहोऱ्याइ भविष्यका महामारीसँग जुध्ने उद्देश्यका साथ ऐतिहासिक सम्झौतामा सहमत भएका ।

-सम्झौताको मूल उद्देश्य रोगविरुद्ध औषधी कम्पनीसँग द्रुत साझेदारी सहज बनाउनु र महामारीविरुद्धको सङ्घर्ष सहज पार्नु हो ।

२. नेपाल ललितकला प्रज्ञा–प्रतिष्ठानको आयोजनामा ‘राष्ट्रिय मूर्तिकला सम्मेलन/ कहिले सम्पन्न भएको हो ? = विसं २०८२ वैशाख ५–६, काठमाडौँ

-सम्मेलनले १५ बुँदे घोषणापत्र जारी गरेको ।

३. कोशी प्रदेश सरकारद्वारा पहिलो पटक लगानी सम्मेलनको आयोजना कहिले गरिने भएको छ ?

= विसं २०८२ वैशाख १८ र १९

-यसअघि माघ ११–१३ का लागि तय गरिएको सम्मेलन स्थगन भएको थियो ।

-सम्मेलनमा प्रस्तुत हुने परियोजनामा उद्योग र पर्यटन क्षेत्रका आयोजना बढी रहने जनाइएको ।

४. नेपालमा हाल (२०८२ वैशाख) सम्म चरा प्रजातिको सङ्ख्या कति पुगेको छ ? = ८९९

-पूर्वी नेपालको इलाम सुखानीमा नयाँ प्रजातिको चरा ‘बैजनी कोइली/ ‘भ्वाइलेट कुक्कु/ फेला परेको ।

-वैज्ञानिक नाम : क्राइसोककस साइन्थोरिकस

-नेपाल पन्छीविद् सङ्घले विसं २०८२ वैशाख ३ मा यस बारेमा जानकारी दिएको ।

-८९८ औँ : पर्पल–रम्पेड सनबर्ड (२०८१ फागुन)

-८९७ औँ : खैरो झाडी फिस्टो (ब्राउन बुस वाब्लर), (२०८१ मङ्सिर))

-८९६ औँ : तालु धर्से अर्जुनक (स्पोटेड फ्लाइक्याचर), (२०८१ श्रावण)

-८९५ औँ : फुस्रो सारौँ (विसं २०८१ वैशाख)

५. नेपालको प्रवासन दर प्रतिहजार जनसङ्ख्यामा कति रहेको छ ? = ७.५ प्रतिशत

६. हात्तीको मुखाकृति जस्तै रहेको हात्तीढुङ्गा कहाँ अवस्थित छ ?

= जैमिनी नपा–९, पैयुँथन्थाप

-हात्तीको मुखाकृतिको रूपमा रहेको सो शिला २००६ सालतिर देखिएको स्थानीयको भनाइ रहेको ।

-सो आकृतिलाई २०१२ सालदेखि गणेशको रूपमा पूजा गर्दैं आएको ।

-उक्त हात्तीढुङ्गा स्थानीय पर्यटकको आकर्षणको केन्द्र बने पनि बाह्य पर्यटकको पर्खाइमा रहेको छ ।

७. शिलापत्र वर्ष खेलाडी २०८१ घोषित हुन सफल खेलाडी को हुन् ? = पलेशा गोवर्धन

-उनले सन् २०२४ को पाराओलम्पिकमा नेपाललाई पहिलो ऐतिहासिक पदक (काँस्य) दिलाएकी ।

-उनी दोस्रो पटक 'वर्ष खेलाडी/ घोषित भएकी । यसअघि २०७८ सालमा पनि उनी शिलापत्र वर्ष खेलाडी घोषित भएकी हुन् ।

-शिलापत्र वर्ष खेलाडी २०८० क्रिकेटर दीपेन्द्रसिंह ऐरी घोषित भएका थिए ।

८. वल्ड इकोनोमिक फोरमको योङ ग्लोबल लिडर–२०२५ छनोट हुन सफल व्यक्तित्व को हुन् ?

= कामपा उपमेयर सुनिता डङ्गोल

-संसारभरबाट संस्कृति, सम्पदा, खेल, व्यापार, समाजसेवा, राजनीतिलगायत विभिन्न विधामा ४० वर्ष मुनिका ११६ जना छनोटमा परेका । दक्षिण एसियाबाट ११ जना छनोट हुँदा नेपालबाट डङ्गोल मात्र छानिएकी हुन् ।

-डङ्गोल राजनीति क्षेत्रबाट छानिएका १९ जनामध्ये एक हुन् ।

-डङ्गोलसँगै थाइल्यान्डकी प्रधानमन्त्री पेटोङटार्न सिनावात्रा र भारतका नागरिक उड्डयनमन्त्री किंजरापु राममोहन नायडु पनि राजनीति क्षेत्रबाटै छनोट भएका ।

९. कफी खेती सर्वेक्षण, २०७५ अनुसार कफी उत्पादनमा पहिलो स्थानमा रहेको जिल्ला कुन हो ?

= काभ्रेपलाञ्चोक (दोस्रो : स्याङ्जा र तेस्रो सिन्धुपाल्चोक)

१०. ह्वाइट हेल्मेट के सँग सम्बन्धित छ ?

= सिरियाको द्वन्द्वग्रस्त क्षेत्रमा त्यहाँका नागरिकहरूको रक्षार्थ सञ्चालित स्वयंसेवी सङ्गठन

११. पारिवारिक डिएनएको माध्यमबाट हराएको व्यक्तिको पहिचान गर्नका लागि इन्टरपोलद्वारा सञ्चालनमा ल्याइएको डाटा बेसलाई के भनी चिनिन्छ ?

= आई फेमिलिया

१२. नेपालमा सन् २०२५ सम्ममा कुपोषणको दर कति प्रतिशतमा झार्ने लक्ष्य रहेको छ ?

= २४ प्रतिशत (सन् २०३० सम्म १४ प्रतिशतमा झार्ने लक्ष्य रहेको ।)

१३ कृषि ज्ञानकेन्द्र कहाँ स्थापना गरिने भएको छ ?

= फक्ताङलुङ, ताप्लेजुङ

१४. नेपालले कहिलेसम्म हात्तीपाइले रोग निवारण गर्ने लक्ष्य लिएको छ ?

= सन् २०३० १५. विश्व पृथ्वी दिवस कहिले मनाइन्छ ?

= अप्रिल २२

-सन् २०२५ को नारा : आवर पावर : आवर प्लानेट (हाम्रो शक्ति : हाम्रो प्लानेट)

-सन् २००९ मा संयुक्त राष्ट्रसङ्घको ६३ औँ महासभा बैठकले अप्रिल २२ को दिनलाई विश्व पृथ्वी दिवसका रूपमा मनाउने निर्णय गरेको ।

१६. मिसेस डिभा नेपाल–२०२५ को ताज चुम्न सफल युवती को हुन् ?

= सङ्गीता अधिकारी (सिनामङ्गल, काठमाडौँ)

-उनले ताजसँगै एनएफइए अवार्ड २०२६ लण्डनमा सहभागी हुनका लागि इन्ट्री प्याकेजसमेत प्राप्त गरेकी



www.laxmiprasadjoshi.com.np

-सो प्रतियोगितामा टीका रानामगर फस्ट रनरअप र सम्झना गौतम सेकेन्ड रनरअप चयन भएका ।

१७. पोप फ्रान्सिसको निधन कहिले भएको हो ?

= सन् २०२५ अप्रिल २१ (८८ वर्षको उमेरमा)

-पोप फ्रान्सिसको नाम जर्ज मारियो बर्गोग्लियो हो ।

-उनी रोमन क्याथोलिक चर्चको नेतृत्व गर्ने पहिलो ल्याटिन अमेरिकी जेसुइट थिए ।

१८. सरकारले प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा उच्चस्तरीय सुशासन आयोग गठन गर्ने निर्णय कहिले गरेको हो ?

= विसं २०८२ वैशाख ८

-निजी क्षेत्रको समेत प्रतिनिधित्व रहने सो आयोग १५ सदस्यीय हुने ।

-आयोगमा गृह मन्त्रालय, अर्थ मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, लोकसेवा आयोग, योजना आयोगलगायत निकायका अधिकारी सदस्य रहने ।

१९. भारतले शक्तिशाली लेजर हतियारको सफल परीक्षण कहिले गऱ्यो ?

= सन् २०२५ अप्रिल २०

-यो हतियारले साना क्षेप्यास्त्र, हेलिकप्टर र ड्रोनलाई खसाल्न सक्ने जनाइएको ।

-डिफेन्स रिर्सच डेभलपमेन्ट अर्गनाइजेसन (डिआरडिओ) ले अप्रिल २० का दिन आन्ध्र प्रदेशको कुर्नुलमा परीक्षण गरेको ।

-यो परीक्षण पछि भारत आधुनिक लेजर हतियार भएका चिन, अमेरिका, रुस, बेलायत, जापान जस्ता देशको सूचीमा परेको छ ।

२०. बिसु पर्व कहाँ प्रचलनमा रहेको छ ? = सुदूरपश्चिम

-नयाँ वर्षको पहिलो दिनलाई धुमधामका साथ बिसु पर्वका रूपमा मनाउने चलन रहेको ।

-विशेष गरी सुदूरपश्चिम अछाम, डोटी, डडेलधुरा, बझाङ, बाजुरा र बैतडी जिल्लामा यो पर्व मनाउने गरिएको ।

-देवर–भाउजू, नन्द–भाउजू र साली–भिनाजुले एकआपसमा सिस्नु पानी छ्यापेर यो पर्व मनाउने चलन रहेको । देवर नहुने नन्द नहुने भाउजू, भाउजू नहुने देवर, भिनाजु नहुने साली एवं साली नहुने भिनाजुले विसु तिहारको दिनमा आफैँले भए पनि शरीरमा सिस्नो लगाउनुपर्ने परम्परा रहेको ।

-विसु पर्वमा घरहरू लिपपोत गर्ने, मिठा–मिठा परिकार बनाई खाने र विशेष गरी सिस्नु लगाउने प्रचलन रहिआएको ।

-शरीरमा सिस्नो लगाउँदा छालामा भएका खटिरा निको हुने, छालासम्बन्धी रोग निर्मूल हुने साथै वर्षभरि शरीरमा कुनै पनि रोग नलाग्ने जनविश्वास रहेको ।

-पछिल्लो समय सिस्नो लगाउने चलन बिस्तारै कम हुँदै जान थालेको ।



www.laxmiprasadjoshi.com.np

२१. वातावरण र पर्यावरण क्षेत्रमा काम गर्न 'वातावरण प्रहरी/ को व्यवस्था गर्ने महानगर कुन हो ?
= ललितपुर महानगरपालिका
२२. भ्रष्टाचार निवारणका सम्बन्धमा प्रधानमन्त्री जङ्गबहादुर राणाको पालामा स्थापित अड्डाको नाम के हो ? = धर्म कचहरी
२३. 'ए हाउस फर मिस्टर विश्वास/ र 'इन अ फ्री स्टेट/ नामक कृतिका सर्जक को हुन् ?
= भीएस नायपाल
-उत्तर औपनिवेशकालीन परिवर्तनका पीडाका बारेमा प्रखर वक्ताका रूपमा परिचित नायपाल (सर विद्याधर सुरजप्रसाद नायपाल) ले सन् २००१ मा साहित्यतर्फको नोबेल पुरस्कार प्राप्त गरेका ।
-सन् १९३२ मा ट्रिनिडाडमा जन्मेका नायपालले नोबेल पुरस्कार ग्रहणका क्रममा दिएको मन्तव्यमा आफ्ना पुर्खा नेपालबाट आएको हुन सक्ने बताएका ।
२४. 'पार्लियामेन्ट अफ नेपाल/ नामक मोबाइल एप कहिलेदेखि सञ्चालनमा आएको हो ?
= विसं २०७४ श्रावण १२ (युएनडीपीको सहयोगमा बनाइएको यो एपमार्फत संसदीय गतिविधि अर्थात् संसद्को बैठक प्रत्यक्ष रूपमा हेर्न र सुन्न सकिने ।)
२५. संयुक्त राष्ट्रसङ्घले 'क्लाइमेट प्रोमिस/ (जलवायु प्रतिज्ञा) २०२५ कहिले सुरु गरेको हो ?
= विसं २०८१ वैशाख ११
-यो पेरिस सम्झौतामा निर्धारित तापक्रमलाई १.५ डिग्री सेल्सियसभन्दा बढी बढ्नबाट रोक्न संयुक्त विश्वव्यापी प्रयास हो ।
-राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेस र संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमको नेतृत्वमा यो पहल सुरु भएको हो ।
-यसले सामाजिक सञ्चार माध्यमका प्रभावशाली व्यक्तिहरू, आदिवासी नेता तथा प्रमुख निकायसहितका सरोकारवालालाई जलवायु अनुकूलनका मुद्दामा एकीकृत गर्ने छ ।
-साथै महासचिव गुटेर्रेसको 'सबै विनाश निराशा होइन/ भन्ने महत्वपूर्ण सन्देशलाई विश्वमाझ पुऱ्याउन सो अभियान सार्थक बन्ने अपेक्षा गरिएको ।
-जलवायु परिवर्तनको प्रतिकार्यका लागि वित्त प्रवाह गर्न र जलवायु अनुकूलनको महत्वाकाङ्क्षा सफल बनाउन राष्ट्रसङ्घले स क्रिय पहल गर्दै आएको गुटेर्रेसले जनाएका ।
प्रस्तुतकर्ता : टङ्क केसी

www.laxmiprasadjoshi.com.np

**2082/1/17 गते । गोरखापत्र । ज्ञान सागर । वस्तुगत प्रश्नोत्तर ।**

१. अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) र आर्थिक विश्लेषणसम्बन्धी अमेरिकी ब्युरो (बिइए) का अनुसार अमिरिकी राज्य क्यालिफोर्निया आर्थिक शाक्तिमा कति औँ स्थानमा रहन सफल भएको छ ?

= चौथो

– सन् २०२४ मा विश्वका बलिया मानिएका देशभन्दा तीव्र गतिको आर्थिक वृद्धि हासिल गरेको क्यालिफोर्नियाले हालै चौथो स्थानमा रहेको जापानलाई पछि पारेको ।

– क्यालिफोर्नियाको अर्थतन्त्र झन्डै ४१ खर्ब अमेरिकी डलर बराबर भएको । यससँगै क्यालिफोर्निया छुटै देश हुँदो हो त यो विश्वको चौथो ठुलो आर्थिक शक्ति हुने थियो । आर्थिक हिसाबले प्रमुख राष्ट्र (सन् २०२५ अप्रिल) राष्ट्र खर्ब (अमे डलर) अमेरिका ३०० चीन १९५ जर्मनी ४९ जापान ४० भारत ४० बेलायत ३७

– झन्डै चार करोड जनसङ्ख्या रहेको क्यालिफोर्नियाले अमेरिकाको कुल गार्हस्थ उत्पादनमा एक्लैले १४ प्रतिशतको योगदान पुऱ्याउने ।

– अमेरिकामै दोस्रो स्थानमा रहेको न्युयोर्कको अर्थतन्त्र २३ खर्ब, टेक्ससको २२ खर्ब, मासाच्युसेट्सको १८ खर्ब र फलोरिडाको १७ खर्ब डलर रहेको आर्थिक प्रतिवेदनबाट देखिएको ।

आइएमएफका अनुसार विश्वका प्रमुख आर्थिक शक्ति राष्ट्रहरूको आर्थिक वृद्धिदर अमेरिका : २.७ प्रतिशत चीन : ४.६ प्रतिशत जर्मनी : ०.८ प्रतिशत जापान : १.१ प्रतिशत भारत : ६.५ प्रतिशत बेलायत : १.६ प्रतिशत

२. तेस्रो नेपाल सुपर लिग (एनएसएल) २०२५ को उपाधि कसले जित्यो ?

= ललितपुर सिटी एफसी (उपविजेताः पोखरा थन्डर्स)

– ललितपुर सिटी एफसीले लगातार दोस्रोपल्ट उपाधि जित्न सफल भएको ।

– सर्वोत्कृष्ट खेलाडी : आयुष घलान (पोखरा थन्डर्स)

– उत्कृष्ट गोलरक्षक : प्रिसो (पोखरा थन्डर्स)

– सर्वाधिक गोलकर्ता : अहमद हिजाजी (धनगडी एफसी)

– इनर्जेटिक प्लेयर : मणि लामा (ललितपुर सिटी एफसी)

– इमर्जिङ प्लेयर : सन्तोष खत्री (ललितपुर सिटी एफसी)

– फेयर प्ले अवार्ड : झापा एफसी

– च्याम्पियन ललितपुरले ८० लाख र उपबिजेता पोखराले ३० लाख रुपियाँ पुरस्कार हासिल गरेका ।

– त्यस्तै, आयुषले दुई लाख ५० हजार, प्रिसो र हिजाजीले एक लाख ५० हजार तथा मणि र सन्तोषले एक /एक लाख रुपियाँ व्यक्तिगत पुरस्कार प्राप्त गरेका ।

३. सन् २०२५ मा विश्वकै ठुलो धार्मिक मेला प्रयागराज महाकुम्भ मेला कुन कुन नदीको सङ्गममा आयोजना भएको थियो ?

= गङ्गा, जमुना र सरस्वती



www.laxmiprasadjoshi.com.np

४. विश्व बैङ्कद्वारा सन् २०२५ अप्रिलमा प्रकाशित प्रतिवेदन अनुसार सन् २०२५ मा दक्षिण एसियाको आर्थिक वृद्धिदर कति हुने अनुमान छ ?
= ५.८ प्रतिशत
– सन् २०२६ मा भने सो वृद्धिदर ६.१ प्रतिशत पुग्ने अनुमान रहेको । विश्व बैङ्कका अनुसार दक्षिण एसियाली राष्ट्रहरूको आर्थिक वृद्धि प्रक्षेपण देशहरू सन् २०२५ सन् २०२६ अफगानिस्तान बङ्गलादेश भुटान भारत माल्दिभ्स नेपाल पाकिस्तान श्रीलङ्का २.५ प्रतिशत ३.३ प्रतिशत ६.६ प्रतिशत ६.५ प्रतिशत ५.७ प्रतिशत ४.५ प्रतिशत २.७ प्रतिशत ३.५ प्रतिशत २.२ प्रतिशत ४.९ प्रतिशत ७.६ प्रतिशत ६.३ प्रतिशत
-५.२ प्रतिशत ३.१ प्रतिशत ३.१ प्रतिशत
५. नागरिक दैनिकको प्रकाशन संस्था नेपाल रिपब्लिक मिडियाले यस वर्षको नागरिक नायक
-२०८२ उपाधिबाट कसलाई सम्मानित गऱ्यो ?
= नन्दादेवी कुँवर (संरक्षणकर्मी), घनश्याम पाठक (प्राध्यापन) र पुजा महतो ( क्रिकेटर)
६. सन् २०२५ को अमेरिकन कलेज अफ फिजिसियन (एसिपी) अन्तर्गत प्रतिष्ठित ओस्लर कप उपाधि जित्न सफल नेपाली चिकित्सक को हुन् ?
= डा. रिया बोहरा
-एसिपी ओस्लर कप जित्ने रिया पहिलो नेपाली हुन् ।
-प्रतियोगितामा भारत, जापान, क्यानडा, मेक्सिको, अमेरिकालगायतका देशका ६० उत्कृष्ट इन्टर्नल मेडिसिन रेसिडेन्ट टोलीको सहाभागिता रहेको ।
-सो प्रतियोगितामा प्रतिस्पर्धीले उच्चस्तरीय क्लिनिकल चुनौतीमा सहभागिता जनाएका थिए ।
७. डेटा सेन्टर र क्लाउड सेवा प्रदायकका रूपमा सूचीकृत हुने पहिलो नेपाली कम्पनी कुन हो ?
= एनसेल
-सञ्चार तथा सूचना प्रविधि मन्त्रालय अन्तर्गतको सूचना प्रविधि विभागमा विसं २०८२ वैशाख ७ गते एनसेल डेटा सेन्टर सेवा प्रदायक र क्लाउड सेवा प्रदायकका रूपमा सूचीकृत भएको हो ।
-सूचीकृत भएसँगै नियमन, पारदर्शिता र साइबर सुरक्षा सुदृढ हुने अपेक्षा गरिएको छ ।
-हाल एनसेलको ललितपुरको नख्खुमा बैङ्क, सरकारी निकाय र ठुला व्यावसायिक संस्थाले प्रयोग गर्न मिल्ने अत्याधुनिक टियर थ्री डेटा सेन्टर सञ्चालनमा रहेको छ । त्यसै गरी यसले पोखरा र हेटौँडामा डिजास्टर रिकभरी डेटा सेन्टर सञ्चालन गर्दै आएको छ ।
८. भारत र पाकिस्तानबिच सन् १९६० मा भएको जलसन्धि भारतद्वारा निलम्बन गर्ने निर्णय कहिले भएको हो ?
= सन् २०२५ अप्रिल २३

www.laxmiprasadjoshi.com.np

-भारतले कस्मिरको पहलगाममा सन् २०२५ अप्रिल २२ मा २६ जनाको ज्यान जाने गरी भएको आतङ्ककारी हमलामा पाकिस्तानी नागरिकको संलग्नता देखिएको भन्दै भारतले कूटनीतिक सम्बन्ध घटाउने, सिन्धु जलसन्धि निलाम्बन र भिसा रद्द गर्नेलगायतका निर्णय गरेको ।

९. नइ एकेडेमी अस्ट्रेलिया शाखाद्वारा साहित्यतर्फको 'नइ पारिजात अवार्ड

-२०२५/ कसलाई प्रदान गरियो ?

= साहित्यकार रामप्रसाद कोइराला पत्रकारितातर्फ : निरु त्रिपाठी र सीता रसाइली

नइ वर्ष युवा पुरस्कार २०२५ (१२–२४ वर्षका पाँच जना सम्मानित) साहित्यतर्फ : मोक्षदा अम्गाई गीत /सङ्गीततर्फ : सन्देश पौडेल नृत्यतर्फ : गौरीमा रायमाझी र सिमोन सिर्पाली खेलकुदतर्फ : मिया पुन

१०. नेपाल–भारतबिच चार सय केभी क्षमताका दुई अन्तरदेशीय प्रसारण लाइन निर्माणका लागि संयुक्त कम्पनी स्थापनासम्बन्धी सम्झौता कहिले भएको हो ?

= विसं २०८२ वैशाख ९ गते

– यस अघि २०८१ माघ २९ मा भारको नयाँ दिल्लीमा भएको ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समितिको बैठकले नेपाल–भारतबिच इनरुवा–न्यू पूर्णिया र दोदोधरा (न्यू लम्की)

-बरेली बिचको चार सय किलोभोल्ट क्षमताका अन्तरदेशीय प्रसारण लाइनहरू संयुक्त कम्पनी स्थापना गरेर निर्माण गर्ने सहमति भएको थियो । ११. ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री दीपक खड्का र भारतका विद्युत्, आवास सहरी मन्त्री मनोहरलाल खट्टरको संयुक्त उपस्थितिमा सो सम्झौतामा हस्ताक्षर भएको ।

१२. राष्ट्रिय फोटो पत्रकार मञ्च नेपालले फोटो पत्रकारिता अवार्ड

-२०२५ बाट कसलाई सम्मानित गऱ्यो ?

= मनोज शाही र कविता थापा (गोरखापत्र)

१३. सुनसरीको तरहरामा २०८२ वैशाखमा सम्पन्न राष्ट्रिय कविता प्रतियोगितामा प्रथम हुन सफल कवि को हुन् ?

= अविनाश भट्टराई (कविता : झ्यालको सौन्दर्यशास्त्र) प्रथम : अविनाश भट्टराई (कविता : झ्यालको सौन्दर्य शास्त्र) द्वितीय : शुभचन्द्र राई (कविता : आशा) तृतीय : एलिसा एकलास (कविता : पृथ्वीको अन्तिम रुख) सान्त्वना : रोमा लम्साल (कविता : मानिसलाई रुखको अन्तिम प्रश्न) र दीपिन सिजापती (कविता : सङ्घर्ष र संकल्प)

१४. नेपाली समुदायको सौन्दर्य तथा प्रतिभा प्रदर्शन गर्ने उद्देश्यले आयोजित 'मिस नेपाल क्यानडा २०२५/ को उपाधि जित्ने युवती को हुन् ?

= अनु सुवेदी

-त्यसै गरी मिसेस नेपाल क्यानडा २०२५ को उपाधि मेग्ना गजमेरले हात पारेकी ।

-प्रतियोगितामा मिस क्याटेगोरी तर्फ प्रशंसा भट्ट फस्ट रनरअप तथा स्वर्णपरी श्रेष्ठ सेकेन्ड रनरअप घोषित भएका ।

-मिसेस क्याटेगोरीमा मञ्जु बस्नेत फस्ट रनरअप र प्रतीक्षा कुँवर सेकेन्ड रनरअप घोषित भएका।
१५. छिन्नलता गीत पुरस्कार गुठीले २०८१ सालको छिन्नलता गीत पुरस्कार कसलाई प्रदान गर्‍यो ?
= गीत रचनातर्फ : राजेन्द्र रिजाल सङ्गीततर्फ : आभास (अच्चुत फुयाँल) गायनतर्फ : इतु जोजिजु र रामभक्त जोजिजु
-युवा प्रतिभा पुरस्कार एसडी योगीलाई प्रदान गरिएको।
-विसं २०७९ देखि छिन्नलता गीत पुरस्कारको राशि एक लाख रुपियाँ तथा युवा प्रतिभा पुरस्कारको राशि ५० हजार रुपियाँ कायम भएको।
१६. बसुन्धरा–मान प्रज्ञा प्रतिष्ठानले २०८२ सालको प्रतिष्ठित बसुन्धरा श्री पुरस्कार कसलाई प्रदान गर्ने निर्णय गर्‍यो ?
= कवि तुलसी दिवस
-बसुन्धराश्री पुरस्कारको राशि रु. ७५ हजार रुपियाँ रहेको।
-प्रतिष्ठानले २०८२ सालको मानश्री पुरस्कार कवि तोया गुरुङलाई प्रदान गर्ने निर्णय गरेको।
-यस पुरस्कारको राशि ५० हजार रुपियाँ रहेको।
१७. शिलापत्र वर्षव्यक्ति २०८१ बन्न सफल जनप्रतिनिधि को हुन् ?
= रेनु दाहाल (मेयर, भरतपुर मनपा)
-उनी बेलायतको संसद् भवन हाउस अफ कमन्समा इन्टरनेसनल मेयर अवार्डबाट समेत सम्मानित भएकी ।
१८. पूर्वप्रहरी महानिरीक्षक दुर्लभकुमार थापाको निधन कहिले भएको हो ?
= विसं २०८२ वैशाख १०
– थापा विसं २०३५ साउनदेखि २०३९ जेठसम्म आइजिपी भई कार्यसम्पदान गरेका।
१९. सन् २०२५ अप्रिलमा ‘एसियन फोरस अफ पार्लियामेन्टेरियन्स अन पपुलेसन एन्ड डेभलपमेन्ट/ को युवा समिति अध्यक्षमा निर्वाचित हुन सफल व्यक्तित्व को हुन् ?
= योगेश गौचन थकाली (प्रतिनिधि सभा सांसद)
-मलेसियाको क्वालालम्पुरमा अप्रिल २७–२८ मा भएको महासभाबाट थकाली अध्यक्ष निर्वाचित भएका ।
-‘एसियन फोरम अफ पार्लियामेन्टेरियन्स अन पपुलेसन एन्ड डेभलपमेन्ट/ एसिया–प्रशान्त र मध्य एसियाका ३० वटा राष्ट्रिय समितिका सांसदहरू मिली बनेको एक क्षेत्रीय सञ्जाल हो।
-महिला, बालबालिका, युवा र वृद्ध जस्ता समूहहरूको हितका लागि नीतिगत संवाद र सहकार्य प्रवर्धन गर्ने यस संस्थाको उद्देश्य रहेको।

www.laxmiprasadjoshi.com.np

**2082/1/24 गते । गोरखापत्र । ज्ञान सागर । वस्तुगत प्रश्नोत्तर ।**

१. राष्ट्रपति रामचन्द्र पौडेलद्वारा नेपाल सरकारको आव २०८२ /८३ को नीति तथा कार्यक्रम सङ्घीय संसद्मा कहिले प्रस्तुत गरिएको हो ?

= विसं २०८२ वैशाख १९ नीति तथा कार्यक्रमका प्रमुख व्यवस्था

-'सबैसँग मित्रता, छैन कसैसँग शत्रुतत/ का आधारमा परराष्ट्र सम्बन्ध विस्तार गरिने ।

-गैरआवासीय नेपालीको क्षमता र सञ्जाललाई उपयोग गरी सार्वजनिक र सांस्कृतिक कूटनीतिको माध्यमबाट अन्तर्राष्ट्रिय स्तरमा मुलुकको पहिचान र सम्मान अभिवृद्धि गरिने ।

-नेपाललाई योग तथा ध्यान पर्यटन केन्द्र बनाउने घोषणा ।

-इन्टर्नमा काम गर्ने विद्यार्थीलाई कार्य घण्टामा आधारित ज्याला प्रणाली लागु गर्ने ।

-योगदानमा आधारित सामाजिक सुरक्षा अनिवार्य गर्ने । श्रम अडिटका माध्यमबाट आधारभूत श्रम मापदण्ड लागु गर्ने ।

-आगामी दशकलाई आन्तरिक रोजगार दशक घोषणा ।

-राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमलाई परिमार्जन गरी राष्ट्रिय शैक्षिक सुधार कार्यक्रमको रूपमा सुदृढ गरिने ।

-पर्यटनलाई रोजगारी र समृद्धिको आधारका रूपमा विकास गर्ने ।

-दिगो आय तथा रोजगारमूलक, वातावरणमैत्री पर्यटन,

-हवाई सेवा र पूर्वाधारमा निजी क्षेत्रको प्रवर्धन गरिने ।

-सार्वजनिक पूर्वाधारमा निजी पुँजी आकर्षित गर्ने ।

-सम्पत्ति व्यवस्थापन कम्पनी स्थापना गरिने ।

-डिजिटल अर्थतन्त्रको विकास गरिने ।

-आधुनिक कृषिका लागि यान्त्रिकीकरण गरिने ।

-बिमा सेवालाई सर्वसुलभ र भरपर्दो बनाइने । बिमा साक्षरता कार्यक्रम सञ्चालन गराइने ।

२. भ्वाइस अफ नेपाल सिजन छ को उपाधि जित्ने प्रतिभा को हुन् ?

= धादिङका प्रोसेस पाण्डे

-विसं २०८२ वैशाख १९ मा भएको ग्रान्ड फिनालेमा उनले उपाधि चुमेका । जितसँगै उनले २० लाख नगद पुरस्कार प्राप्त गरेका ।

-सो प्रतियोगितामा खोटाङका रोशन राई फस्ट रनरअप, इलामका प्रमेश सेकेन्ड रनरअप र सिक्किमकी अर्पणा आचार्य थर्ड रनरअप घोषित भएकी ।

३. विश्वमै लामो पत्रकार सम्मेलन गर्ने राष्ट्रपति को हुन् ?

= माल्दिभ्सका राष्ट्रपति मोहम्मद मुइज्जु



www.laxmiprasadjoshi.com.np

-मुइज्जुले सन् २०२५ मे ३ मा बिहान १० बजे सुरु गरेको पत्रकार सम्मेलन १४ घण्टा ५४ मिनेटसम्म चलेर सकिएको थियो ।

-यस अघि यो रेकर्ड युक्रेनी राष्ट्रपति जेलेन्स्कीको नाममा रहेको थियो । उनीद्वारा सन् २०१९ अक्टोवरमा आयोजित पत्रकार सम्मेलन १४ घण्टासम्म सञ्चालन भएको थियो ।

-मुइज्जुका पूर्ववर्ती मोहम्मद नसिदले सन् २००९ मा समुद्रको सतह बढ्न सक्ने खतरालाई उजागर गर्न पहिलोपटक पानी मुनि मन्त्रीपरिषद्को बैठक आयोजना गरेर विश्व रेकर्ड कायम गरेका थिए ।

४. सरकारले कति वटा सार्वजनिक प्रतिष्ठान (सरकारी लगानी) को व्यवस्थापनका लागि स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ ?

= सात

-विसं २०८२ वैशाख १५ गतेको मन्त्रीपरिषद् बैठकले सात सार्वजनिक प्रतिष्ठान व्यवस्थापन गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरेको । व्यवस्थापनका लागि स्वीकृति प्रदान गरिएका संस्थानहरू :

१. जनकपुर चुरोट कारखाना

२. गोरखाकाली रबर उद्योग

३. उदयपुर सिमेन्ट उद्योग

४. हेटाँ ैडा सिमेन्ट उद्योग

५. नेपाल मेटल कम्पनी

६. बुटवल धागो कारखाना

७. नेपाल ओरिमन्ड म्याग्नेसाइट ।

-सरकारले अध्यादेशमार्फत निजीकरण ऐन, २०५० लाई संशोधन गर्दा निजीकरण शब्दको सट्टा 'सार्वजनिक प्रतिष्ठान/ (सरकारी लगानी) व्यवस्थापन भन्ने उल्लेख गरेकाले मन्त्रीपरिषद्बाट भएको निर्णयमा पनि निजीकरण शब्दको सट्टा सरकारी लगानी व्यवस्थापन गर्ने उल्लेख भएको ।

-संशोधित ऐन अनुसार सरकारी लगानीको व्यवस्थापन भन्नाले प्रतिष्ठानको व्यवस्थापनमा निजी क्षेत्रलाई सहभागिता गराउने, बिक्री गर्ने, भाडामा दिने, सरकारी स्वामित्वलाई जनसाधारणमा लैजाने वा अन्य माध्यमबाट निजी क्षेत्र वा त्यस्ता प्रतिष्ठानका कर्मचारी कामदार वा इच्छुक सबै समूहको आंशिक वा पूर्ण सहभागिता गर्ने /गराउने उल्लेख छ ।

५. काठमाडौँ–तराई–मधेश द्रुतमार्ग (फास्ट ट्र्याक) को निर्माण कार्य कहिले सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको छ ?

= विसं २०८३

-खोकनादेखि निजगढसम्म जोड्ने यस द्रुतमार्गको कुल लम्बाइ ७०.९७७ किलोमिटर रहेको छ ।

-विसं २०७४ मा चार वर्षभित्र काम सक्ने गरी सरकारले नेपाली सेनालाई यो मार्ग निर्माणको जिम्मा दिएको थियो ।



www.laxmiprasadjoshi.com.np

-२०८० /८१ सम्म सम्पन्न गर्ने लक्ष्य राखिएकोमा काम पूरा नभएपछि २०८३ सालसम्मको म्याद थपिएको ।

-सुरुमा अनुमानित निर्माण लागत एक खर्ब ७५ अर्ब रहेकोमा पछिल्लो अनुमान अनुसार लागत बढेर दुई खर्ब ११ अर्ब ९३ करोड पुगेको छ ।

-२०८१ चैत्र मसान्तसम्म फास्ट ट्र्याक निर्माणको काम ३९ प्रतिशत सकिएको छ ।

६. नेपाल प्रहरीमा पहिलो पटक स्टाफ कलेज कोर्सको सुरुवात कहिलेबाट गरिएको हो ?

= विसं २०८२ वैशाख

-नेपाल प्रहरी स्थापनाको ७० वर्षपछि सङ्गठनभित्र पहिलो पटक स्टाफ कलेज कोर्स सुरु गरिएको ।

-यो कोर्सले प्रहरी सङ्गठनमा सकारात्मक रूपान्तरण ल्याउने विश्वास लिइएको ।

-२०८१ पौष ११ गतेको 'पुलिस लिडरसिप एन्ड स्टाफ कलेज व्यवस्थापन समिति/ को बैठकले पुलिस लिडरसिप एन्ड स्टाफ कोर्स कार्यप्रणाली–२०८१ र प्रवेश परीक्षा कार्यादेश–२०८१ पारित गरेसँगै कोर्सको कार्यान्वयन अघि बढेको ।

-१४ महिनाको यो कोर्स १२ महिना आवासीय प्रशिक्षण र दुई महिना अनुसन्धान (थेसिस) कार्यका लागि छुट्याइएको ।

७. राष्ट्रिय लेखक पुरस्कारबाट सम्मानित स्रष्टा को हुन् ?

= आख्यानकार धुरवचन्द्र गौतम (विसं २०८२ वैशाख)

-तेस्रो राष्ट्रिय लेखक दिवसका अवसरमा उनी सम्मानित भएका ।

-सो अवसरमा वरिष्ठ साहित्यकार कवि वैरागी काइँला, डा. तुलसी भट्टराई, डा. बेञ्जु शर्मा, प्राडा हेमाङ्गराज अधिकारी, डा. गोविन्दराज भट्टराई, डा. रत्नराज आचार्य, डा. कुमारप्रसाद कोइरालालगायत ३२ जनालाई मानार्थ लेखक सम्मान प्रदान गरिएको थियो ।

८. राउटे समुदायका मुखिया सूर्यनारायण शाहीको निधन कहिले भएको हो ?

= विसं २०८२ वैशाख १५

-मुखिया शाहीको निधनसँगै राउटेको जनसङ्ख्या १३५ मा झरेको छ ।

-तीन जना मुखिया रहेको राउटे समुदायका मुख्य मुखिया सूर्यनारायण थिए ।

-मध्यपान र धूमपानको अत्यधिक सेवनका कारण राउटेको मृत्यु हुने गरेको छ । पछिल्ला अध्ययन प्रतिवेदनहरूले राउटेको अस्तित्व नै सङ्कटमा परेको देखाइरहेको छ । 'राउटेको मानव अधिकार अवस्था अध्ययन प्रतिवेदन २०८१/ ले यस्तो तथ्याङ्क देखाएको हो ।

९. राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस कहिले मनाइन्छ ?

= मे २

-आठौँ राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस, २०८२ को नारा 'सूचना प्रविधिको अभियान : डिजिटल नेपालको निर्माण/ रहेको ।



www.laxmiprasadjoshi.com.np

१०. २०८१ सालको वानीरा प्रज्ञा पुरस्कार कसलाई प्रदान गरियो ?
= रामकुमार पाँडे
-त्यसै गरी वानीरा शङ्कर पुरस्कार शशि शाहलाई प्रदान गरिएको।
-उपर्युक्त दुवै पुरस्कारको राशि जनही एक लाख रुपियाँ रहेको।
-५० हजार रुपियाँ राशिको वानीरा पुरस्कारबाट कवि कृष्ण बाउसे सम्मानित भएका।
११. संयुक्त राज्य अमेरिका र युक्रेनबिच खनिज सम्झौतामा हस्ताक्षर कहिले भएको हो ?
= सन् २०२५ अप्रिल ३०
१२. तनहुँमा निर्माणाधीन तनहुँ जलविद्युत् आयोजनाको विद्युत् उत्पादन क्षमता कति रहेको छ ?
= १४० मेवा
-यस आयोजनाको समग्र निर्माण २०८३ असारभित्र सक्ने लक्ष्य राखिएको।
-आयोजनाको कुल लागत अनुमान ५० करोड ५० लाख अमेरिकी डलर रहेको। जसमा एडिबीले १५ करोड, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) ले १८ करोड ४० लाख, युरोपियन लगानी बैङ्कले आठ करोड ५० लाख र नेपाल सरकार /नेपाल विद्युत् प्राधिकरणले आठ करोड ६० लाख डलर बेहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको।
१३. राष्ट्रिय सूचना प्रविधि पुरस्कार २०८२ कसलाई प्रदान गरियो ?
= माभोरियन सिस्टम्स (विसं २०८२ वैशाख)
-सन् २०१६ मा स्थापना भएको माभोरियन सिस्टम्स नेपालको अग्रणी सफ्टवेयर विकास कम्पनी हो।
-कम्पनीले विशेष गरी हस्पिटल इन्फरमेसन सिस्टम र इलेक्ट्रोनिक मेडिकल रेकर्डमा विशेषज्ञता हासिल गरेको छ।
-कम्पनी सफ्टवेयर विकास, क्लाउड कम्प्युटिङ, डाटा सेन्टर, नेटवर्किङ, सुरक्षा र प्रणाली एकीकरणमा केन्द्रित छ।
१४. २०८१ को उत्तम शान्ति पुरस्कार कसलाई प्रदान गरियो ?
= जीवा लामिछाने (कृतिः अक्षत अन्टार्कटिका)
-पुरस्कारको राशि रु. एक लाख रुपियाँ रहेको।
-उत्तम कुँवर स्मारक पुरस्कार गुठीले २०४४ सालदेखि पुरस्कार प्रदान गर्दै आएको।
१५. चार्ली फोस्टर भनेको के हो ?
= साइबर अपराधविरुद्ध नेपाल र चीनद्वारा सञ्चालित आपरेसन
१६. नेपालमा पहिलो पटक न्युक्लियर मेडिसिन सेवाको सुरुवात कहिले भएको हो ?
= विसं २०७७ पुस ६
-खास गरी क्यान्सर, थाइराइड एवं हड्डीसम्बन्धी समस्या (दुखाइ) पत्ता लगाउन यो प्रविधि प्रयोग गरिने।


www.laxmiprasadjoshi.com.np

-यस प्रविधिमार्फत कम स्तरको रेडियो एक्टिभ सामग्री मौखिक एवं इन्जेक्सनमार्फत शरीरभित्र प्रवेश गराई शरीरको अवस्थाबारे जानकारी लिन सकिने ।

१७. सार्क राष्ट्रका कुन व्यक्तित्वलाई गुरुदेव भनी चिनिन्छ ?

= रवीन्द्रनाथ टैगोर (भारत)

१८. पाश्चात्य राजनीतिका कौटिल्य भनी कसलाई चिनिन्छ ?

= मेकियाबेली

www.laxmiprasadjoshi.com.np

**2082/2/1 गते । गोरखापत्र । ज्ञान सागर । वस्तुगत प्रश्नोत्तर ।**

१. देशकै उत्कृष्ट घोषित हुन सफल होमस्टे गाउँ कुन हो ?

= भादा, कैलाली (विसं २०८२ वैशाख)

– थारू कला, संस्कृतिको खुला सङ्ग्रहालयका रूपमा परिचित कैलालीको होमस्टे गाउँ भादा देशकै उत्कृष्ट घोषित भएको ।

– संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गतको तारागाउँ विकास समितिले सो घोषणा गरेको ।

– धनगढी उपमहानगरपालिका

–१६ स्थित यो गाउँमा २०६७ सालदेखि होमस्टे सुरु गरिएको ।

– यसै गरी बर्दियाको डल्ला होमस्टे दोस्रो र काठमाडौँको हाँडीगाउँ होमस्टे तेस्रो उत्कृष्ट घोषित भएका ।

– प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्न सफल उपर्युक्त होमस्टे क्रमशः रु. एक लाख, रु. ७५ हजार र रु. ५० हजार पुरस्कारका हकदार बनेका ।

२. न्युबिज विजनेस वुमन समिट एन्ड अवार्डस् २०२५ मा लाइफटाइम एचिभमेन्ट अवार्डबाट सम्मानित उद्यमी को हुनुहुन्छ ?

= ज्ञानीशोभा तुलाधर

– न्यू विजनेस एज लिमिटेडले उद्यमशीलतामा लागेका महिला उद्यमीलाई प्रोत्साहन गर्न र उनीहरूले दिएको योगदानको कदर गर्न सन् २०२१ देखि बर्सेनि यो अवार्ड प्रदान गर्दै आएको । बेस्ट वुमन इन्टरप्रेनर आभा शाह इन्सपाइरिङ वुमन इन्टरप्रेनरः गङ्गा छन्त्याल युथ वुमन इन्टरप्रेनर केश्मा थापा प्रोफेसनल वुमन अफ एक्सिलेन्स सङ्गीता थापा वुमन इन टेक सुनैता पाण्डे इमर्जिङ इन्टरप्राइजिङ वुमन अफ दि इयर : दीपा गुरुङ (कोशी), कविता खड्का (मधेश), गीता अमात्य (बागमती), रजनी शर्मा चपाईं (गण्डकी), प्रेमकुमारी पुन (लुम्बिनी) कलसादेवी चौलागाई (कर्णाली), इन्दिरा रेग्मी (सुदूरपश्चिम)

३. वल्ड इको आउटलुकको प्रतिवेदन (सन् २०२५ मे) अनुसार भारत विश्वको कति औँ अर्थतन्त्र बनेको छ ?

= चौथो

– सो प्रतिवेदन अनुसार जापानलाई पछि पार्दै भारत विश्वको चौथो ठुलो अर्थतन्त्र बनेको ।

– भारतको जिडिपी सन् २०२५ अप्रिल महिनामा बढेर ४.१८७ ट्रिलियन डलर पुगेको सो प्रतिवेदनमा उल्लेख गरिएको । जापानको जिडिपी ४.१८६ ट्रिलियन डलर रहेको ।

– आउटलुक प्रतिवेदन अनुसार आगामी तीन वर्षमा भारतले जर्मनीलाई उछिनेर विश्वको तेस्रो ठुलो अर्थतन्त्र बन्ने अनुमान रहेको । वल्ड इको आउटलु कको प्रतिवेदन अनु सार प्रमु ख पाँच अर्थतन्त्र देश अर्थतन्त्र (अमेरिकी डलर) अमेरिका ३०.५०७ ट्रिलियन चीन १९.२३१ ट्रिलियन जर्मनी ४.७४४ ट्रिलियन भारत ४.१८७ ट्रिलियन जापान ४.१८६ ट्रिलियन

www.laxmiprasadjoshi.com.np

४. राष्ट्रिय पत्रकारिता दिवस कहिले मनाइन्छ ?
= वैशाख २४
– मुलुककै जेठो समाचारमूलक पत्रिका गोरखापत्रको प्रकाशन आरम्भ भएको विसं १९५८ वैशाख २४ गतेको स्मरणमा हरेका वर्षको वैशाख २४ गते यो दिवस मनाइने । विसं २०७३ देखि राष्ट्रिय पत्रकारिता दिवस मनाउन थालिएको ।
५. नेपाल सरकार र आन्दोलनरत शिक्षकबिच नौ बुँदे सहमति कहिले भएको हो ?
= विसं २०८२ वैशाख १७
– विसं २०८१ चैत्र २० देखि सुरु भएको आन्दोलन चैत्र–वैशाखको प्रचण्ड गर्मी झेल्दै २९ औँ दिनमा नौ बुँदे सहमति कायम भई रोकिएको ।
– नेपाल शिक्षक महासङ्घको नेतृत्वमा सञ्चालित सो आन्दोलनले विद्यालय शिक्षा ऐन र शिक्षक एवं विद्यालय कर्मचारीका सेवा सुविधासम्बन्धी विविध मागहरूलाई प्रमुख एजेन्डाका रूपमा प्रस्तुत गरेको थियो ।
– विसं २०८२ असार १५ गतेभित्रै प्रतिनिधि सभाबाट विद्यालय शिक्षा विधेयक पारित गर्ने प्रतिबद्धता गरिएको छ ।
६. हाल देशका कति स्थानीय तहमा बैङ्किङ पहुँच पुगेको छ ?
= ७५३
– सबैभन्दा पछि बैङ्किङ शाखा पुगेको पालिका बझाङको साइपाल गाँउपालिका हो ।
– सरकारले आव २०८१ /८२ को बजेटमा यसै वर्ष साइपालमा बैङ्क शाखा पुर्‍याउने घोषणा गरेको थियो ।
७. सरकारद्वारा चेक बाउन्ससम्बन्धी कसुरमा प्रहरीले मात्र अनुसन्धान गरेर मुद्दा प्र क्रिया अघि बढाउनेसम्बन्धी कानुनी व्यवस्था कहिलेदेखि लागु गरिएको हो ?
= विसं २०८२ वैशाख २४
– सरकारले बैङ्किङ कसुर तथा सजाय ऐन, २०६४ लाई संशोधन गरी चेक अनादर (बाउन्स) सम्बन्धी कसुरमा वैशाख २४ देखि लागु हुने गरी नयाँ कानुनी व्यवस्था गरेको ।
– अब चेक बाउन्ससम्बन्धी कसुरमा प्रहरीले मात्र अनुसन्धान गरेर मुद्दा प्र क्रिया अघि बढाउने ।
– यसअघि सर्वसाधारणले चेक अनादरको मुद्दा सिधै अदालतमा दर्ता गर्न सक्ने विकल्प थियो ।
– बैङ्किङ कसुर तथा सजाय ऐन संशोधनमार्फत विनिमेय अधिकार ऐन, २०३४ दफा १०७ (क) खारेज गरिएको । यो खारेज भएसँगै बाउन्स भएका एक वर्षभन्दा पुराना चेक काम नलाग्ने भएका छन् ।
– विनिमेय अधिकार ऐन, २०३४ अनुसार बाउन्स भएको चेकको हदम्याद पाँच वर्षको हुन्थ्यो ।
– अब चेक बाउन्स भएको एक वर्षभित्र प्रहरीमा जाहेरी दर्ता गरिसक्नुपर्ने हदम्याद राखिएको छ । त्यसरी जाहेरी परेको मितिले छ महिनाभित्र सम्बन्धित जिल्ला अदालतसमक्ष मुद्दा दायर गरिसक्नुपर्ने छ ।


www.laxmiprasadjoshi.com.np

– चेकमा उल्लेख भए अनुसार खातामा पर्याप्त निक्षेप नभएमा अब बैङ्कले खातावालालाई ४५ दिनको समय दिएर पैसा जम्मा गर्न सूचना दिनुपर्ने व्यवस्था गरिएको छ । त्यति गर्दा पनि पैसा जम्मा नगरे तीन दिनभित्र चेक अनादर गरेको प्रमाणित गरी धारक (चेकमा उल्लेख रकम भुक्तानी पाउनुपर्ने व्यक्ति) लाई चेक फिर्ता दिने प्रावधान छ ।

– यसअघि जरिबाना शतप्रतिशत रहेकोमा अब बिगो भराएर पाँच प्रतिशत मात्र राखिएको छ ।

– ऐनमा मिलापत्रको व्यवस्था पनि गरिएको छ । यसअघि मिलापत्र हुनेमा मुलुकी अपराध कार्यविधि संहिता अनुसार हुने गर्दथ्यो ।

८. २६७ औँ पोपका रूपमा कसलाई चयन गरियो ?

= रोबर्ट फ्रान्सिस प्रिभोस्ट

– इलिनोइस राज्य अन्तर्गत शिकागोका ६९ वर्षीय प्रिभोस्ट संयुक्त राज्य अमेरिकाका पहिलो पोप हुन् ।

– पोपका रूपमा 'लियो चौधौँ/ भनेर चिनिने प्रिभोस्टले विश्वका १.४ अर्ब क्याथोलिकको नेतृत्व गर्ने छन् ।

९. दसौँ संस्कारणको 'नेपाल अन्तर्राष्ट्रिय व्यापार मेला

-२०२५/ कहिले सम्पन्न भएको हो ?

= विसं २०८२ वैशाख २५–२९

१०. विसं २०८२ वैशाखमा सम्पन्न हेटौँडा महिला गोल्डकपको उपाधि कसले जित्यो ?

= एपिएफ क्लब (उपविजेता : नेपाल पुलिस क्लब)

– उपाधि विजेता एपिएफले सात लाख रुपियाँ र ट्रफी हात पारेको ।

– त्यस्तै उपविजेता पुलिसले पाँच लाख रुपियाँ प्राप्त गरेको ।

– प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी एपिएफकी रश्मी घिसिङले स्कुटर प्राप्त गरेकी ।

११. वामपन्थी नेता, पूर्वमन्त्री एवं साहित्यकार प्रदीप नेपालको निधन कहिले भएको हो ?

= विसं २०८२ वैशाख २३

– उहाँ २०५१ मा मनमोहन अधिकारी नेतृत्वको सरकारमा सूचना तथा सञ्चारमन्त्री र २०६३ मा गठित गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारमा शिक्षा तथा खेलकुदमन्त्री हुनु भएको थियो ।

– भूमिगत कालमा सञ्जय थापाको नामबाट कलम चलाउनु भएका राजनीतिक एवं साहित्यकर्मी उहाँ पछिल्लो समय प्रदीप नेपालकै नामबाट साहित्य सिर्जनामा क्रियाशील हुनुहुन्थ्यो ।

– उहाँका देउमाईको किनारमा, मुक्त आकाशको खोजीमा, एक्काइसौँ शताब्दीको सुम्निमा, खुइते कडेरिया, पूर्वतिर, चरैवति चरैवति, हजार वर्षको यात्रा, आकाश गङ्गाको तिरैतिर, सुर्जेमानको बाल्यकाललगायतका चार दर्जनभन्दा बढी कृति प्रकाशित छन् ।

१२. जर्मनीको चान्स्लरमा को निर्वाचित भएका छन् ?

= फ्रिदिश मेर्च (सन् २०२५ मे)



www.laxmiprasadjoshi.com.np

१३. नाट्यारत्न २०८२ बाट सम्मानित व्यक्तित्व को को हुनुहुन्छ ?
= हेमराज भुसाल, कमल गाउँले, डिल्ली नारायण पाण्डेय, नारायण योगी, शान्तराम गिरी, प्राडा रामचन्द्र पोखरेल, दिल साहनी, झपेन्द्र जिसी, भावना खनाल, डा. नारायणप्रसाद पन्थ र पुष्कर रेग्मी अथक।
१४. सरकारले यस वर्षको राष्ट्रिय पत्रकारिता पुरस्कार २०८१ बाट कसलाई सम्मानित गऱ्यो ?
= सागर पण्डित (सम्पादक : नेपाल समाचार पत्र)
१५. चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स) हेल्थ रिसर्च अवार्ड–२०२५ बाट सम्मानित चिकित्सक को हुन् ?
= डा. रामहरि चापागाईं (बालरोग विशेषज्ञ : कान्ति बाल अस्पताल)
१६. पहलगाम घटनालाई लिई एक अर्काविरुद्ध हमलामा उत्रिएका भारत र पाकिस्तानबिच युद्धविराम सहमति कहिले भएको हो ?
= सन् २०२५ मे १०
– दुवै पक्षबिच मे १० का दिन जमिन, आकाश र समुद्र सबैतिरको गोलीबारी र सैन्य कारबाही बन्द गर्ने तथा कुनै तटस्थ भूमिमा वार्ता गर्ने सम्बन्धमा सहमति भएको।
– यी दुई मुलुकबिच युद्धविराम गराउन अमेरिकाले मध्यस्थता गरेको थियो।
– भारतको जम्मु–कश्मीर राज्यको पहलगाममा २२ अप्रिलमा आतङ्कवादी समूहले गरेको हमलामा एक नेपालीसहित २६ पर्यटकको ज्यान गएको थियो।
– सो घटनालगत्तै भारतले पाकिस्तानीका लागि भिसा रद्द गरेको थियो भने सिन्धु जलसन्धिलाई निलम्बलन गरेको थियो। त्यस्तै दिल्लीमा रहेका पाकिस्तानी सुरक्षातर्फको कूटनीतिक अधिकारीलाई भारत छाड्न भनिएको थियो। जवाफमा पाकिस्तानले पनि भारतीय जहाजका लागि आफ्नो हवाई रुट बन्द गरेको थियो भने भारतीय कूटनीतिज्ञलाई देश छाड्न निर्देशन दिएको थियो।
– पहलगाम घटनामा जवाफदेही बनाउने प्रतिबद्धता व्यक्त गरेको भारतले मे ७ मा बिहान १ बजेर ५ मिनेटमा पाकिस्तानका विभिन्न स्थानमा हवाई आक्रमण गरेको थियो। त्यसलाई भारतले अपरेसन सिन्दुर नाम दिएको थियो।
– पाकिस्तानले मे १० का दिन मात्रै 'अपरेसन बुनयान उल मरसुस/ घोषणा गरेको थियो।
१७. राष्ट्रिय तथ्याङ्क कार्यालयद्वारा विसं २०८२ वैशाख १७ मा सार्वजनिक वार्षिक राष्ट्रिय लेखा तथ्याङ्क, २०८१ /८२ अनुसार मुलुकको कुल गार्हस्थ उत्पादन (अर्थतन्त्रको आकार) कति रहेको अनुमान छ ?
= रु. ६१ खर्ब सात अर्ब
– अर्थतन्त्रको आकार आव २०८० /८१ मा ५७ खर्ब नौ अर्ब र आव २०७९ /८० मा ५३ खर्ब ६७ अर्ब रहेको थियो।
– आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) : ३.९९ प्रतिशत


www.laxmiprasadjoshi.com.np

– आर्थिक वृद्धिदर (उपभोक्ता मूल्यमा) : ४.६१ प्रतिशत
– प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन १४९६ अमेरिकी डलर
– प्रतिव्यक्ति कुल राष्ट्रिय आयः १५१७ अमेरिकी डलर
– वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणको हिस्सा : कुल गार्हस्थ उत्पादनको २५.८९ प्रतिशत
– कुल राष्ट्रिय बचत : कुल गार्हस्थ उत्पादनको ३६.२४ प्रतिशत
– आयात (वस्तु तथा सेवा) : कुल गार्हस्थ उत्पादनको ३२.९१ प्रतिशत
– निर्यात (वस्तु तथा सेवा) : कुल गार्हस्थ उत्पादनको ८.७४ प्रतिशत

१८. कतारद्वारा प्रदान गरिने प्रतिष्ठित ‘कतार सिएसआर अवार्ड–२०२५/ प्राप्त गर्न सफल कम्पनी कुन हो ?

= क्युएसटी ट्रेनिङ एन्ड कन्सल्टेन्सी
– महोत्तरीको यासमिन नाजको सो कम्पनी उक्त अवार्डबाट सम्मानित भएको ।
– यो सँगै यासमिनको कम्पनी सिएसआर अवार्ड प्राप्त गर्ने पहिलो नेपाली स्वामित्वको संस्था बनेको ।
– यस कम्पनीले कतारमा रहेका नेपालीसहित भारत, फिलिपिन्स, श्रीलङ्का, अफ्रिकालगायतका कामदारलाई सशुल्क तथा निःशुल्क सिपमूलक र वृत्तिविकाससम्बन्धी तालिमहरू प्रदान गर्दै आएको ।

www.laxmiprasadjoshi.com.np

**2082/2/7 गते । गोरखापत्र । ज्ञान सागर । वस्तुगत प्रश्नोत्तर ।**

१. सगरमाथा संवाद २०२५ कहिले सम्पन्न भएको हो ?

= विसं २०८२ जेठ २–४

-नेपाल सरकारले पहिलो पटक आयोजना गरेको सगरमाथा संवाद २५ बुँदे 'सगरमाथा कार्य आह्वान/ जारी गर्दै सम्पन्न भएको ।

-परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाद्वारा सो घोषणापत्र सार्वजनिक गर्दै विश्व समुदायलाई जलवायु सङ्कटविरुद्ध एकजुट भई कदम चाल्न आह्वान ।

-घोषणापत्रमा १.५ डिग्री सेल्सियसको तापक्रम सीमा कायम राख्न आवश्यक उपायहरू प्रस्तुत गरिएको साथै विकासोन्मुख देशहरूलाई सहयोगको आवश्यकता औँल्याइएको ।

-सगरमाथा संवादमार्फत हिमाल मात्र नभई समुद्र सतहसम्म प्रभावित हुने मुलुकहरूको सरोकार उजागर गर्न खोजिएको ।

२. एसियाका ठुला अर्थतन्त्रबिच डलरमाथिको निर्भरता घटाउने उद्देश्यका साथ नयाँ सहमति कहिले कायम भएको हो ?

= सन् २०२५ मे ११

-चीन, जापान, दक्षिण कोरिया र आसियान राष्टबिच डलरमाथिको निर्भरता घटाउन नयाँ सहमति भएको जनाइएको ।

-यी देशहरूले पहिलो चिनियाँ युआनसहित क्षेत्रीय मुद्राहरू प्रयोग गर्ने गरी एउटा नयाँ तीव्र वित्तीय सहायता प्रणाली स्वीकृत गरेका ।

-नयाँ तीव्र वित्तीय सहायता प्रणाली 'चियाङमाइ इनिसिएटिभ मल्टिल्याटरलिजम (सिएमआइएम)/ नामक योजना अन्तर्गतको एक हिस्सा हो । जुन १० सदस्यीय आसियान राष्ट्रहरू र चीन, जापान तथा दक्षिण कोरियाबिचको मुद्रा सटही व्यवस्था हो ।

-सिएमआइएमको उत्पत्ति सन् १९९० को दशकको एसियाली वित्तीय सङ्कटपछि भएको हो । आपत्कालीन अवस्थामा भुक्तानी सन्तुलन र अल्पकालीन नगद प्रवाहको समस्यामा परेका देशहरूलाई छिटो सहयोग पुऱ्याउने उद्देश्यले यो पहल गरिएको थियो ।

-११ मे, २०२५ का दिन इटालीको मिलानमा आयोजित आसियान प्लस तीन राष्ट्रका अर्थमन्त्री र केन्द्रीय बैङ्क गभर्नरहरूको बैठकमा आकस्मिक भुक्तानी सन्तुलन समस्यामा परेका अर्थतन्त्रहरूलाई छिटो वित्तीय सहयोग उपलब्ध गराउने नयाँ संयन्त्र 'सिएमआइएम ऱ्यापिड फाइनान्सिङ फेसिलिटी/ स्वीकृत गरिएको ।

-अघिल्ला संयन्त्र अमेरिकी डलरमा निर्भर थिए तर नयाँ संयन्त्रले चिनियाँ युआन र अन्य क्षेत्रीय मुद्रा प्रयोग गर्ने छ ।

३. विश्वमा चिया उत्पादनमा नेपाल कति औँ स्थानमा रहेको छ ?

www.laxmiprasadjoshi.com.np

= १४ औँ (पहिलो : चीन, दोस्रो : भारत र तेस्रो : केन्या) चिया उत्पादनका हिसाबले प्रमुख १० राष्ट्र क्रसं राष्ट्र उत्पादन (मेट) विश्वमा स्थान १. चीन १,६०,१३,२५० पहिलो २. भारत ६३,४३,१६५ दोस्रो ३. केन्या २५,७७,८०० तेस्रो ४. श्रीलङ्का १४,३३,५४३ चौथो ५. टर्की १३,५६,५५६ पाँचाँ ६. भियतनाम ११,२५,०६५ छैटौँ ७. इन्डोनेसिया ६,४७,००० सातौँ ८. बङ्गलादेश ४,०६,००० आठौँ ९. युगान्डा ३,९०,४९४ नवौँ १०. अर्जेन्टिना ३,६९,०२२ दसौँ स्रोत : विश्व खाद्य सङ्गठन

४. राष्ट्रिय सूचना आयोगले आफ्नो १९ औँ स्थापना दिवसका अवसरमा सर्वोत्कृष्ट अभियन्ता पुरस्कार २०८२ बाट कसलाई सम्मानित गर्‍यो ?

= वरिष्ठ पत्रकार तारानाथ दाहाल

-आयोगले सूचना अधिकारको प्रवर्धन, पारदर्शिता तथा सुशासनमा योगदान पुर्‍याउने सूचना अधिकारी, कर्मचारी र पत्रकारहरूलाई पुरस्कार तथा सम्मान प्रदान गरेको । पुरस्कृत व्यक्तित्वहरू

– सर्वोत्कृष्ट अभियन्ता पुरस्कार : तारानाथ दाहाल

– विनय कसजु उत्कृष्ट सूचनाको हक अभियन्ता पुरस्कार : दीपक रिजाल (नेपाल समाचारपत्र)

– अभियन्ता पुरस्कार : गजेन्द्र बुढाथोकी, कविता थापा र हरिराम कोण्डा

– उत्कृष्ट सूचना अधिकारी पुरस्कार : देवी प्रसाद थपलिया, केशव सिलवाल, पदमकुमार श्रेष्ठ, हेमन्त कुमार बुढाथोकी र बुद्धिराम न्यौपाने ।

– उत्कृष्ट कर्मचारी पुरस्कार : उपसचिवद्वय सन्तोषकुमार दाहाल र सुदर्शन ढकाल, शाखा अधिकृत दिनेश लुइँटेल तथा नायब सुब्बा रञ्जनाकुमारी दाहाल

– प्रोत्साहन पुरस्कार : सीताराम बस्नेत र माइली तामाङ

५. नेपाललाई कहाँ सम्पन्न अन्तर्राष्ट्रिय पर्यटन मेलामा 'वर्ष २०२५ को लोकप्रिय सांस्कृतिक पर्यटन गन्तव्य/ घोषणा गरियो ?

= चीनको ग्वान्झाओ (सन् २०२५ मे)

६. संयुक्त राष्ट्रसङ्घद्वारा अन्तर्राष्ट्रिय पारिस्थितिकीय प्रणालीको पुनस्र्थापना दशकका रूपमा घोषणा गरिएको दशक कुन हो ?

= सन् २०२१–२०३०

७. सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक प्रतिनिधि सभाबाट कहिले पारित भएको हो ?

= विसं २०८२ जेठ ४ गते

८. एनसेलले अपाङ्गता भएका व्यक्तिका लागि डिजिटल समावेशीकरण प्रवर्धन गर्ने सिद्धान्तमा कहिले हस्ताक्षर गरेको हो ?

= विसं २०८२ जेठ ५

-यी सिद्धान्तमा हस्ताक्षर गर्ने एनसेल पहिलो नेपाली मोबाइल सेवाप्रदायक कम्पनी हो ।



www.laxmiprasadjoshi.com.np

-जिएसएमए विश्वभरिका मोबाइल सेवा प्रदायक कम्पनीको छाता सङ्गठन हो ।
-जिएसएमएका सिद्धान्तले डिजिटल समावेशीकरण प्रवर्धन गर्न र मोबाइल सेवामा अपाङ्गता भएका व्यक्तिको पहुँचको खाडल हटाउन विश्वभरिका मोबाइल सेवा प्रदायकलाई प्रेरणा र मार्ग निर्देश गर्दछ ।
९. आव २०८२ /८३ को वार्षिक नीति तथा कार्यक्रम अनुसार राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमलाई के बनाउने घोषणा भएको छ ?
= राष्ट्रिय शैक्षिक सुधार कार्यक्रम नीति तथा कार्यक्रममा शिक्षा सम्बन्धमा भएका केही प्रमुख व्यवस्था
-विद्यालय शिक्षाको शासकीय सुधार र पुनर्संरचना,
-विद्यालय शिक्षा विधेयक यही अधिवेशनबाट पारित गर्ने ,
-प्राविधिक शिक्षालाई विश्वविद्यालय तहसम्म पुऱ्याउने,
-२०८४ सालभित्र सबै बालबालिकालाई आधारभूत शिक्षा,
-विकट क्षेत्रमा आवासीय विद्यालय खोल्ने,
-किताबखानाको काम प्रदेशमा हस्तान्तरण गर्ने,
-पहुँचसहितको भर्चुअल शिक्षा प्रणाली,
-सामुदायिक विद्यालयका पाठ्यक्रममा एकरूपता,
-संस्थागत–सामुदायिक विद्यालय साझेदारी,
-राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमलाई राष्ट्रिय शैक्षिक सुधार कार्यक्रम बनाइने,
-इन्टर्नमा काम गर्ने विद्यार्थीलाई कार्य घण्टामा आधारित ज्याला प्रणाली लागु गर्ने घोषणा,
-विश्वविद्यालयसँगको सहकार्यमा शिक्षक बैङ्क स्थापना गर्ने,
-शिक्षकको राष्ट्रिय योग्यता मापदण्ड जारी गर्ने,
-शिक्षक दरबन्दीको पुनरवलोकन गर्ने,
-विश्वविद्यालयको शासकीय प्रणालीमा सुधार ।
१०. विसं २०८२ वैशाख शुक्ल पूर्णिमाका दिन कतिऔँ बुद्धजयन्ती मनाइयो ?
= २५६९
११. नेपाल प्रहरीमा आर्थिकसम्बन्धी अपराध अनुसन्धान गर्ने उद्देश्यका साथ आर्थिक तथा वित्तीय अपराध अनुसन्धान एकाइको गठन कहिले भएको हो ?
= विसं २०८२ वैशाख (अहिले यो एकाइलाई केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) कै मातहतमा राखिएको ।)
१२. बाल ब्रह्मचारी षडानन्द अधिकारीले भोजपुरको दिङ्लामा संस्कृत पाठशालाको स्थापना कहिले गरेका थिए ?
= विसं १९३२
१३. ट्रान्सपरेन्सी इन्टरनेसनलको स्थापना कहिले भएको हो ?

= सन् १९९३ मे (यसको प्रधान कार्यालय जर्मनीको बर्लिनमा रहेको ।)

१४. श्रमसम्बन्धी मुद्दा हेर्ने उद्देश्यका साथ श्रम अदालतको गठन कहिले गरिएको हो ?

= विसं २०७७ असोज २९

१५. भौगोलिक खोजकर्ता क्रिस्टोफर कोलम्बस र भास्को डि गामाद्वारा प्रयोग गरिएको नक्साको निर्माण गर्ने व्यक्ति को हुन् ?

= मुहम्मद अल–इद्रिसी

१६. एसिया प्रशान्त आर्थिक सहयोग (एपेक) को स्थापना कहिले भएको हो ?

= सन्ॖ १९८९

१७. नेपाललाई कहिलेसम्म सहयोगापेक्षी सडक मानवरहित नेपाल घोषणा गर्ने लक्ष्य लिइएको छ ?

= विसं २०८२

१८. नैरोवी फ्लाई भन्नाले के बुझिन्छ ?

= छालामा सङ्क्रमण ल्याउने किरा (नेपालमा २०७९ असारमा देखिएको ।)

१९. अरुण, तमोर र सुनकोशी नदीको सङ्गमस्थलमा रहेको विशाल ढुङ्गालाई के नामले चिनिन्छ ?

= खुवालुङ

-धनकुटा, भोजपुर र उदयपुरको सीमा क्षेत्रमा अवस्थित यो ढुङ्गा किराँत राई समुदायको सांस्कृतिक आस्थाको केन्द्र मानिन्छ ।

२०. राष्ट्रिय लेखक दिवस कहिले मनाइन्छ ?

= वैशाख १६

-नेपाली लेखक सङ्घद्वारा २०८२ जेठ १६ गते तेस्रो राष्ट्रिय लेखक दिवस मनाइएको ।

-राणाकालमा लेखक तथा बुद्धिजीवीले पुस्तकालय स्थापना गर्न खोज्दा तत्कालीन प्रधानमन्त्री भीमशमशेरले दण्डित गरेको घटनालाई पुस्तकालय पर्वका नामले चिनिन्छ । सो दिनलाई आधार मान्दै वैशाख १६ लाई लेखक दिवसका रूपमा मनाउँदै आइएको ।

-सङ्घले विसं २०८० देखि लेखक दिवस मनाउन थालेको ।

-सङ्घले प्रत्येक दुई वर्षमा प्रदान गर्ने राष्ट्रिय लेखक पुरस्कार यस वर्ष (२०८२) आख्यानकार ध्रुवचन्द्र गौतमलाई प्रदान गरेको ।

२१. बाल साहित्यको महत्व उजागर तथा पठन संस्कृति प्रवर्धन गर्ने उद्देश्यसहित राजधानी काठमाडौँमा प्रथम अन्तर्राष्ट्रिय बालसाहित्य सम्मेलन कहिले सम्पन्न भयो ?

= विसं २०८१ असोज ४–५

-सम्मेलनमा नेपालबाट दुई सयभन्दा बढी र बाहिरबाट १० देशका ३१ जना विदेशी सर्जकको सहभागिता रहेको ।



www.laxmiprasadjoshi.com.np

-नेपाल प्रज्ञा–प्रतिष्ठान, नेपाल बाल साहित्य समाज र रुम टु रिडद्वारा संयुक्त रूपमा आयोजित सम्मेलनमा बाल साहित्यसम्बन्धी पुस्तक प्रदर्शनी, कथा वाचन, बाल चित्रकला प्रदर्शनी तथा समूहगत छलफल गरिएको ।

२२. ब्लु इकोनोमी भन्नाले के बुझिन्छ ?

= समुद्रसँग जोडिएर गरिने आर्थिक क्रियाकलापसँग सम्बन्धित दिगो विकासको मोडल

www.laxmiprasadjoshi.com.np

**2082/2/21 गते । गोरखापत्र । ज्ञान सागर । वस्तुगत प्रश्नोत्तर ।**

१. उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलद्वारा आर्थिक वर्ष २०८२ /८३ का लागि कति राशिको बजेट प्रस्तुत गरियो ?

= रु. १९ खर्ब ६४ अर्ब ११ करोड चालुतर्फ : ११ खर्ब ८० अर्ब ९८ करोड (६०.१ प्रतिशत) पुँजीगततर्फ : चार खर्ब सात अर्ब ८९ करोड (२०.८ प्रतिशत) वित्तीय व्यवस्थापनतर्फ : तीन खर्ब ७५ अर्ब २४ करोड (१९.१ प्रतिशत) बजेट व्यवस्थापनका प्रमुख स्रोतहरू

-कुल राजस्व रु. १३ खर्ब १५ अर्ब

-वैदेशिक अनुदान रु. ५३ अर्ब ५८ करोड

-वैदेशिक ऋण रु. दुई खर्ब ३३ अर्ब ६६ करोड

-आन्तरिक ऋण रु. तीन खर्ब ६२ अर्ब बजेटका प्रमुख प्रावधान

-आव २०८२ /८३ मा छ प्रतिशतको आर्थिक वृद्धि,

-मुद्रास्फीति ५.५ प्रतिशत कायम गरिने,

-दुई वर्षभित्र चामलमा आत्मनिर्भर बनाउन चैते धान खेती प्रवर्धन कार्यक्रम,

-कर्मचारीको महँगी भत्ता पाँच हजार पुर्‍याइएको,

-कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषले प्राइभेट इक्विटी र भेन्चर क्यापिटलमा लगानी गर्न पाउने,

-वृद्धभत्ता पाउन अब ७० वर्ष पुग्नु पर्ने,

-महिलाको नाममा उद्योग दर्ता र नवीकरण गर्दा शुल्क नलाग्ने,

-एसेट म्यानेजमेन्ट कम्पनी स्थापना गरिने,

-संविधान संशोधन गरिने,

-भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई रु. एक खर्ब ५२ अर्ब बजेट,

-खानेपानी मन्त्रालयलाई रु. ३३ अर्ब ८९ करोड,

-ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयलाई ८६ अर्ब एक करोड,

-स्वास्थ्य बिमा कार्यक्रमका लागि १० अर्ब विनियोजन,

-महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई रु. दुई अर्ब आठ करोड,

-युवा तथा खेलकुद मन्त्रालयलाई छ अर्ब आठ करोड विनियोजन,

-हरेक प्रदेशमा रोजगारी मेला सञ्चालन गर्ने,

-सहकारीका बचतकर्ताको रु. पाँच लाखसम्मको कर्जा सुरक्षण गरिने,

-सामाजिक सुरक्षा भत्ताको लागि एक खर्ब नौ अर्ब रुपियाँ, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई रु. ९५ अर्ब ८१ करोड,

-शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई रु. दुई खर्ब ११ अर्ब विनियोजन,



www.laxmiprasadjoshi.com.np

-एआई र मेसिन लर्निङका लागि 'एआई सेन्टर/ स्थापना गरिने, वैदेशिक लगानी भित्र्याइने र नाफा फिर्ता लैजाने प्र क्रियालाई सरल बनाइने,
-सहकारी ठगीका आरोपितको राहदानी रोक्का गरिने,
-हरेक स्थानीय तहमा भूमि बैङ्क स्थापना गरिने,
-पाँच लाख परिवारलाई जग्गा धनी प्रमाणपत्र उपलब्ध गराइने,
-प्रदेश र स्थानीय तहमा रु. दुई खर्ब ४१ अर्ब ८१ करोड विनियोजन,
-उद्योग मन्त्रालयलाई रु. १० अर्ब १४ करोड बजेट,
-कृषि मन्त्रालयका लागि रु. ५७ अर्ब ४८ करोड,
-दुई वर्षभित्र चामलमा आत्मनिर्भर बनाउन चैते धान खेती प्रवर्धन कार्यक्रम,
-बैङ्क–वित्तीय र सहकारी संस्थाबाट हुने जग्गा रोक्का तथा फुकुवा अनलाइनबाट हुने,
-बाली तथा पशु बिमाको प्रिमियममा रु. दुई अर्ब ३० करोड रुपियाँ अनुदान,
-१६ वर्षमाथिका युवालाई राष्ट्रिय स्वयंसेवक परिचयपत्र,
-विश्वविद्यालयसँग मिलेर शिक्षक बैङ्क स्थापना गरिने,
-कुल निर्यातको २५ प्रतिशतसम्म विदेशमा लगानी गर्न दिइने,
-नागरिक उड्डयन प्राधिकरणलाई नियामक र सेवा प्रदायकमा छुट्याउने,
-बजेटमा जेनजी पुस्ता : स्टार्टअप उद्योगलाई तीन प्रतिशतमा कर्जा,
-उपभोक्ता अदालत सबै प्रदेशमा विस्तार गरिने ।

२. राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको आव २०८१ /८२ को प्रारम्भिक प्रादेशिक राष्ट्रिय लेखा अनुमान अनुसार सबैभन्दा धेरै आर्थिक वृद्धिदर कुन प्रदेशको रहेको छ ?
-गण्डकी प्रदेश सात प्रदेशको आर्थिक वृद्धिदर प्रदेश वृद्धिदर गण्डकी ५.५१ बागमती ५.१८ कर्णाली ४.७४ लुम्बिनी ४.७० मधेश ४.५० कोशी ३.३४ सुदूरपश्चिम ३.३२
-सुदूरपश्चिम प्रदेशको वृद्धिदर सबैभन्दा कम ३.३२ प्रतिशत रहेको ।
-राष्ट्रिय औसत वृद्धिदर ४.६१ प्रतिशत रहेको ।
-उपभोक्ताको मूल्यमा आधारित कुल गार्हस्थ उत्पादन (जिडिपी) आव २०८१ /८२ मा ६१ खर्ब ७ अर्ब रुपियाँ पुग्ने अनुमान रहेको । जिडिपीमा विभिन्न प्रदेशको योगदान (प्रतिशत) प्रदेश योगदान ९५० गार्हस्थ उत्पादन (जिडिपी) बागमती ३६.५२ २२ खर्ब ३० अर्ब कोशी १५.९० ९ खर्ब ७१ अर्ब लुम्बिनी १४.२३ आठ खर्ब ६९ अर्ब मधेश १३.१६ आठ खर्ब चार अर्ब गण्डकी ८.९८ पाँच खर्ब ४८ अर्ब सुदूरपश्चिम ७.०३ चार खर्ब ३० अर्ब कर्णाली ४.१९ दुई खर्ब ५६ अर्ब

३. मधुपर्क सम्मान २०८२ बाट सम्मानित स्रष्टा को हुन् ?
= पद्यतर्फ : त्रिभुवचन्द्र वाग्ले (निमित्त सम्पादक, मधुपर्क), गद्यतर्फ : कथाकार ध्रुव सापकोटा, खुला प्रतिभातर्फ : कथाकार पद्मावती सिंह



www.laxmiprasadjoshi.com.np

४. गायक तथा सङ्गीतकर गणेश रसिकको निधन कहिले भएको हो ?

= विसं २०८२ जेठ १८

५. विश्वविख्यात आरोही कामिरिता शेर्पाले सगरमाथाको ३१ औँ पटक सफल आरोहण कहिले गरेका हुन् ?

-विसं २०८२ जेठ १३ (सन् २०२५ मे २७)

-कामिरिताले सर्वाधिक सगरमाथाको आरोहणको आफ्नै रेकर्ड तोड्दै नयाँ रेकर्ड कायम गरेका ।

-उनले यसअघि विसं २०८१ जेठ ९ मा ३० औँ पटक आरोहण गरी विश्व रेकर्ड कायम गरेका थिए ।

६. इन्टरनेसनल बुकर पुरस्कार जित्न सफल साहित्यकार को हुन् ?

= भारतीय लेखिका बानु मुस्ताक

-भारतीय लेखिका, वकिल तथा सामाजिक अभियन्ता मुस्ताकले लघु कथासङ्ग्रह 'हार्ट ल्याम्प/ का लागि सो अवार्ड प्राप्त गरेकी ।

-उनी बुकर पुरस्कार प्राप्त गर्ने कन्नड भाषाकी पहिलो साहित्यकार हुन् ।

-सो कथासङ्ग्रहलाई दीपा भास्थीले अङ्ग्रेजीमा अनुवादी गरेकी ।

-पुरस्कारको राशि ५० हजार पाउन्ड रहेको; जुन लेखक र अनुवादकबिचमा बराबरी बाँडिने ।

– कन्नड भारतीय राज्य कर्नाटकमा बोलिने भाषा हो । यो भाषा करिब छ करोड ५० हजारले बोल्छन् ।

-यसअघि सन् २०२२ मा भारतीय लेखिका गीताञ्जली श्रीको 'टम्व अफ स्यान्ड/ ले इन्टरनेसनल बुकर पुरस्कार जितेको थियो । सो पुस्तक डेजी रोकवेलले हिन्दीबाट अङ्ग्रेजीमा अनुवाद गरेकी थिइन् ।

७. सरकारले कुन निकाय अन्तर्गत राष्ट्रिय अनुसन्धान तथा विकास परिषद् स्थापना गर्ने निर्णय गरेको छ ?

= राष्ट्रिय योजना आयोग

-सरकारले २०८२ कात्तिक महिनाभित्र राष्ट्रिय अनुसन्धान तथा विकास परिषद् स्थापना गर्ने निर्णय गरेको ।

-२०८२ जेठ ५ गते बसेको मन्त्रीपरिषद् बैठकले यो कार्ययोजना स्वीकृत गरेको ।

-उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग, २०८१ को सुझाव कार्यान्वयनका लागि तयार पारिएको आर्थिक सुधार कार्यान्वयन कार्ययोजना, २०८२ मन्त्रीपरिषद्ले स्वीकृत गरेको ।

-परिषद्मा नास्ट, नार्क, राष्ट्रिय स्वास्थ्य अनुसन्धान केन्द्र, राष्ट्रिय तथ्याङ्क कार्यालय, विश्वविद्यालय, नीति अनुसन्धान प्रतिष्ठान, निजी क्षेत्र, विद्युत् समूहबाट सदस्य रहने । यसको सहजीकरण प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले गर्ने कार्ययोजनामा उल्लेख ।

८. नेपालमा हाल चरा प्रजातिको सङ्ख्या कति पुगेको छ ?

= ९००

-९०० औँ चरा : छोटो पुच्छ«े समुद्री (सर्ट टेल्ड सियरवाटर) नामक फिरुते चरा ।

-सम्तरीको हनुमाननगर कङ्कालिनी नगरपालिका स्थित कोशी बाँध जलाशयमा पौडी खेलिरहेको अवस्थामा देखिएको ।
-यो नेपालका लागि नयाँ प्रजाति मात्र नभएर समुद्रमा पाइने चराको परिवारको पहिलो रेकर्ड भएको बताइएको ।
-सो चरा विसं २०८२ वैशाख २० मा देखिएको ।
९. नेपाल राष्ट्र बैङ्कको १८ औं गभर्नरमा कसलाई नियुक्त गरियो ?
= डा. विश्वनाथ पौडेल
-विसं २०८२ जेठ ६ को मन्त्रीपरिषद् बैठकले पौडेललाई गभर्नरमा नियुक्त गरेको ।
-उहाँ राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष पनि हुनुहुन्छ ।
-डा. पौडेल २०७८ श्रावण १२ गते राष्ट्रिय योजना आयोगको उपाध्यक्ष नियुक्त हुनुभएको थियो ।
-डा. पौडेलले अमेरिकास्थित 'युनिभर्सिटी अफ क्यालिफोर्निया बर्कले/बाट अर्थशास्त्रमा विद्यावारिधि गर्नुभएको ।
-चीनको साँघाइस्थित एक विश्वविद्यालयबाट इन्जिनियरिङमा स्नातक तहको अध्ययनसमेत गर्नुभएका गभर्नर पौडेल चीन र अमेरिकाको अर्थतन्त्र समाज र इतिहासका अध्येता पनि हुनुहुन्छ ।
१०. बुटवल उपमहानगरपालिका र मुस्ताङको घरपझोङ गाउँ पालिकाबिच आपसी सहकार्य र धार्मिक पर्यटन प्रवर्धनमा जोड दिँदै भगिनी सम्बन्ध कहिले कायम भएको हो ?
= विसं २०८२ जेठ ८
११. अन्तर्राष्ट्रिय मुद्राकोषका अनुसार विश्वको चौथो ठुलो अर्थतन्त्र भएको मुलुक कुन बनेको छ ?
= भारत
-आईएमएफले सन् २०२५ मेमा प्रकाशित गरेको प्रतिवेदन अनुसार भारत जापानलाई उछिनेर विश्वको चौथो ठुलो अर्थतन्त्र बनेको । आइएमएफका अनुसार विश्वका प्रमुख पाँच अर्थतन्त्र अमेरिका ३०.५१ अमे.ड चीन १९.२३ अमेड जर्मनी ४.७४ अमेड भारत ४.१८७ अमेड जापान ४.१८६ अमेड
-यी राष्ट्रपश्चात् क्रमशः बेलायत, फ्रान्स र इटाली रहेका ।
-ठुलो जिडिपीले देशसँग बढी आर्थिक स्रोत छन् भन्ने देखाउँछ ।
१२. नेपाल खानेपानी संस्थानको अध्यक्षमा कसलाई नियुक्त गरियो ?
= डा. ढुण्डीराज भट्टराई
-नेपाल खानीपानी संस्थान ऐन, २०४६ बमोजिम नियुक्त गरिएको ।
-२०८२ जेठ १२ को मन्त्रीपरिषद्को निर्णय अनुरूप नियुक्त ।
-कार्यकाल : तीन वर्ष ।
१३. नेपाल विश्व स्वास्थ्य सङ्गठनको कार्यकारी सदस्यमा कहिले निर्वाचित भएको हो ?
= सन् २०२५ मे

www.laxmiprasadjoshi.com.np

-स्विट्जरल्यान्डको जेनेभामा सम्पन्न सङ्गठनको ७८ औँ महासभाका क्रममा नेपाल दक्षिण पूर्वी एसिया क्षेत्रबाट सदस्यमा सर्वसम्मान भएको ।

-नेपाल अब तीन वर्ष सङ्गठनको कार्य समितिमा रहने ।

१४. अन्तर्राष्ट्रिय नेपाली युवा उद्यमी महासङ्घले कसको अध्यक्षतामा बागमती प्रदेश कमिटी गठन गरेको हो ?

= कृष्ण खतिवडा

-विसं २०८२ जेठ ३ मा कृष्ण खतिवडाको अध्यक्षतामा प्रदेश कमिटी गठन गरेको ।

-कार्यसमितिमा वरिष्ठ उपाध्यक्ष अमिर बगाले र महासचिव अङ्कितराज पाण्डे चयन भएका ।

-विदेशमा मात्र सञ्जाल रहेको फिनेले बागमती प्रदेशमा आफ्नो सञ्जाल विस्तार गरेर नेपालमा रहेका युवा उद्यमीहरूलाई जोड्ने पहिलो खुड्किलो तयार गरेको ।

१५. नेपाल विद्युत् प्राधिकरणले विद्युत् खपत तथा नियमित महसुल भुक्तानीलाई आधार मानी छनोट गरेको उत्कृष्ट उपभोक्ताको सूचीमा पर्न सफल १० कम्पनी कुन कुन हुन् ?

-सर्वोत्तम स्टिल लिमिटेड, विजयश्री स्टिल्स लिमिटेड, गोयल इस्पात प्रालि, आरती स्ट्रिप्स प्रालि, प्रिमियर स्टिल प्रालि, श्री स्टिल्स प्रालि, होङ्सी सिमेन्ट प्रालि, हुलास वायर इन्डस्ट्रिज लिमिटेड, स्वस्तिक रोलिङ मिल्स र जगदम्बा वायर्स प्रालि

१६. सिंहदरबारमा मेलम्चीको शुद्ध खानेपानी वितरण कार्यको शुभारम्भ कहिले गरियो ?

= विसं २०८२ जेठ ५

-खानेपानी मन्त्री प्रदीप यादवद्वारा सिंहदरबारमा शुद्ध खानेपानी वितरण कार्यको शुभारम्भ गरिएको ।

१७. गौतम बुद्ध अन्तर्राष्ट्रिय शान्ति पुरस्कारको स्थापना कहिले भएको हो ?

= विसं २०६२ (प्रत्येक पाँच–पाँच वर्षमा प्रदान गरिने गौतम बुद्ध अन्तर्राष्ट्रिय शान्ति पुरस्कार पहिलो पटक विसं २०६५ बुद्ध पूर्णिमाका दिन प्रदान गरिएको ।)

www.laxmiprasadjoshi.com.np

**2082/2/28 गते । गोरखापत्र । ज्ञान सागर । वस्तुगत प्रश्नोत्तर ।**

१. नेपाल बिमा प्राधिकरणले २०८२ जेठ २३ मा सार्वजनिक गरेको तथ्याङ्क अनुसार हाल बिमामा पहुँच पुगेको जनसङ्ख्या कति छ ?

= ४७.३९ प्रतिशत

-तथ्याङ्क अुनसार सबै प्रकृतिको बिमालेख गरेर बिमाको पहुँच ४७.३९ प्रतिशत कायम भएको छ ।

-यो तथ्याङ्क अनुसार अब ५३.६१ प्रतिशत नागरिक बिमाको दायरामा आउन बाँकी छ ।

-प्राधिकरणले आव २०८१ /८२ मा बिमा पहुँच ५० प्रतिशत पुर्‍याउने लक्ष्य राखेको छ ।

२. सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा २०८२ अनुसार हाल नाफामा रहेका सार्वजनिक संस्थान कति छन् ?

= २८ वटा (नोक्सानमा रहेका : १५, दुई वटाको विवरण प्राप्त नभएको ।)

३. इन्डियन प्रिमियर लिग (आइपिएल)

-२०२५ को उपाधि जित्न सफल टोली कुन हो ?

= रोयल च्यालेन्जर्स बेङ्गलुरु

-सञ्चालन मिति : सन् २०२५ मार्च २२–जुन ३

-संस्करण : १८ औँ

-विजेता : रोयल च्यालेन्जर्स बेङ्गलुरु

-उपविजेता : पन्जाब किङ्ग्स

-विजेता बेङ्गलुरुले २० करोड भारु र उपविजेता पन्जाबले १२.५ करोड भारु नगद पुरस्कार प्राप्त गरेका ।

-फेयर प्ले अवार्ड : चेन्नई सुपर किङ्ग्स

-सर्वाधिक रन : साई सुदर्शन (७५९ रन)

-सर्वाधिक विकेट : प्रसिद्ध कृष्ण (२५ विकेट), गुजरात टाइटन्स

-प्लेयर अफ दी सिरिज : सूर्यकुमार यादव, मुम्बई इन्डियन्स

४. तारका माध्यमबाट फिक्स्ड ब्रोडब्यान्ड इन्टरनेट सेवा प्रदान गर्ने कम्पनीमध्ये सबैभन्दा धेरै बजार हिस्सा कुन कम्पनीको रहेको छ ?

-वल्र्ड लिङ्क कम्युनिकेसन (३२.०५ प्रतिशत)

-बजार हिस्साका आधारमा

-प्रमुख पाँच कम्पनी (२०८२ वैशाखसम्म) कम्पनी बजार हिस्सा (प्रतिशत)

-वल्र्ड लिङ्क ३२.०५

-नेपाल दूरसञ्चार (कं.लि.) ११.२३

-डिस मेडिया नेटवर्क लि. ११.१९

-सुबिसु केबुल नेट लि. ९.९



www.laxmiprasadjoshi.com.np

-भायानेट कम्युनिकेसन लि. ७.८५ स्रोत : नेपाल दूरसञ्चार प्राधिकरण

५. विश्वकै लामो मुक्तिनाथ केबुलकारको लम्बाइ कति रहेको छ ?

= ८१.०१४ किमि

-विसं २०८२ जेठ २२ को लगानी बोर्डको बैठकले सो परियोजनाको ५७ अर्ब ६४ करोड लगानी स्वीकृत गरेको ।

-परियोजना बनेपछि नेपालको कुल गार्हस्थ उत्पादन (जिडिपी) मा वार्षिक ७० अर्ब रुपियाँ योगदान पुग्ने जनाइएको । परियोजनाका कारण सिर्जना हुने आर्थिक अवसर (होटेल, रोजगारी, स्थानीय उत्पादन र बजारलगायत) का आधारमा जिडिपीमा सो बराबरको योगदान पुग्ने देखिएको ।

-मुक्तिनाथ केबुलकार परियोजनामा ४१६ वटा टावर र ७७६ गोन्डला रहने ।

-परियोजनामा छ वटा अनिवार्य ट्रान्जिट र नौ वटा स्वेच्छिक स्टेसन हुने छ ।

६. विश्व वातावरण दिवस कहिले मनाइन्छ ?

= जुन ५

-सन् २०२५ को नारा : प्लास्टिक प्रदूषण घटाऔँ (बिट प्लास्टिक पोलुसन) ।

-राष्ट्र सङ्घीय वातावरण कार्यक्रम (युएनइपी) को आह्वानमा सन् १९७२ देखि हरेक वर्ष जुन ५ का दिन यो दिवस मनाउँदै आइएको छ ।

-विश्वमा प्रत्येक वर्ष करिब ४० करोड टन प्लास्टिकजन्य फोहोर उत्पादन हुने गरेको छ ।

-नेपाल सरकारले ४० माइक्रोनभन्दा पातलो प्लास्टिक झोलाको उत्पादन, आयात, भण्डारण, बिक्री वितरण तथा प्रयोगमा रोक लगाएको छ ।

-प्लास्टिक झोला प्रतिबन्धसम्बन्धी कार्ययोजना, २०७८ तर्जुमा गरी कार्यान्वयनमा रहेको छ ।

-राष्ट्रिय वातावरण नीति, २०७६, वातावरण संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियमावली २०७७ ले पनि यस विषयलाई सम्बोधन गरेका छन् ।

७. नेपालमै पहिलो पटक ट्रान्सजेन्डर (जन्मँदा यौनाङ्गका आधारमा इङ्गित गरिएको लिङ्गसँग मेल नखाने लैङ्गिक पहिचान भएका व्यक्ति) को शल्य क्रियामार्फत लिङ्ग परिवर्तन कहिले गरियो ?

= विसं २०८२ जेठ १३ (त्रिवि शिक्षण अस्पताल, महाराजगन्ज)

-महाराजगन्जस्थित त्रिवि शिक्षण अस्पतालमा अमेरिकी चिकित्सकको सहयोगमा सो अपरेसन गरिएको ।

-जनकपुर निवासी २५ वर्षीय ट्रान्सजेन्डरमा लिङ्ग परिवर्तन शल्य क्रिया (सेक्स चेन्ज अपरेसन) गरिएको ।

-विदेशी प्लास्टिक सर्जन डा. अलरिजा हामिदियान जारोमीको नेतृत्वमा प्राडा ईश्वर लोहनी, प्राडा जयनमान श्रेष्ठलगायतको टोलीले उक्त शल्य क्रिया गरेको । सो शल्य क्रिया (मेल टु फिमेल) मा पुरुषको लिङ्गको तन्तुलाई चाहिने मात्रामा उपयोग गरेर महिलाको जननेन्द्रीय अङ्गको पुनर्निर्माण गरिएको ।

-शिक्षण अस्पतालमा जेन्डर एफर्मिङ क्लिनिकको स्थापना गरेर नियमित रूपमा यो सेवा सञ्चालन गरिने जनाइएको छ ।

८. कमल राष्ट्रिय सुकर्म पुरस्कार २०८१ कसलाई प्रदान गरियो ?

= साहित्यकार मोहन दुवाल (पुरस्कार राशि रु. ५० हजार)

९. मुलुकभरिका स्थानीय तहका उपमेयर र उपाध्यक्षको राष्ट्रिय सम्मेलन कहिले सम्पन्न भएको हो ?

= विसं २०८२ जेठ २३–२४, विराटनगर,

-सम्मेलनले २० बुँदे विराटनगर घोषणापत्र जारी गरेको,

-घोषणापत्रमा स्थानीय तहबाट प्रवाह गरिने सबै प्रकारका सेवालाई थप जनमुखी तथा सेवाग्राहीमैत्री बनाउन सरलीकृत प्रक्रिया अपनाई कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरिएको ।

-समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्न स्थानीय तहलाई थप सशक्त बनाउनुपर्नेमा जोड ।

-न्यायिक समितिको कार्यलाई प्रभावकारी बनाउन न्यायिक समितिका निर्णय र फैसलाको अभिलेखका लागि प्रदेशस्तरीय सफ्टवेयर र सर्भरको व्यवस्थापन गर्न प्रदेश सरकारसँग माग ।

-सबै स्थानीय तहमा न्यायिक समितिका कार्यमा एकरूपता कायम गर्न कार्यविधि निर्माण गरी लागु गर्न भनिएको ।

-स्थानीय तहको आर्थिक सशक्तीकरणका लागि वित्तीय समानीकरणको अनुदान वृद्धि गरी ससर्त अनुदानको रकमबाट योजना तथा कार्यक्रम छनोट गर्ने अधिकार स्थानीय तहलाई दिन माग ।

-संस्थागत बहाल कर स्थानीय तहको क्षेत्राधिकारभित्र पर्ने भएकाले सङ्घीय सरकारलाई यस्तो कर सङ्कलन नगर्न अनुरोध ।

-राजस्व बाँडफाँटबाट प्राप्त हुने प्रतिशत स्थानीय तहमा बढाउन सम्बन्धित कानुनमा संशोधन गर्न माग ।

-स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम लघु, घरेलु तथा साना उद्योगको इजाजत, दर्ता, नवीकरण तथा खारेजी गर्ने सम्पूर्ण अधिकार स्थानीय तहले प्रयोग गर्न पाउने व्यवस्थालाई पूर्ण रूपमा कार्यान्वयन गर्न माग ।

१०. पहलमानसिंह स्वाँर नेपाल–भारत अन्तर्राष्ट्रिय साहित्य सम्मेलन तथा दोस्रो प्रादेशिक कविता महोत्सव २०८२ कहिले सम्पन्न भएको हो ?

= विसं २०८२ जेठ २४–२५, धनगढी (कैलाली)

११. मनोरम पञ्चकुण्ड ताल कहाँ रहेको छ ?

= म्याग्दी

१२. सरकारले गैरबैङ्किङ सम्पत्ति व्यवस्थापन गर्न कहिलेसम्ममा 'एसेट म्यानेजमेन्ट कम्पनी/ स्थापना गर्ने घोषणा गरेको छ ?

= आव २०८२ /८३ (आव २०८२ /८३ को नीति तथा कार्यक्रम र बजेटमार्फत)



www.laxmiprasadjoshi.com.np

१३. स्वास्थ्य संस्थाको गुणस्तर मापन गर्न बनेको न्यूनतम सेवा मापदण्ड (एमएमएस) मूल्याङ्कन अनुसार देशभरकै उत्कृष्ट अस्पताल कुन बनेको छ ?

= भक्तपुर अस्पताल (विसं २०८२ जेठ)

१४. गण्डकी प्रदेश सरकारले आव २०८२ /८३ का लागि प्रदेश सभा बैठकमा नीति तथा कार्यक्रम कहिले प्रस्तुत गऱ्यो ?

= विसं २०८२ जेठ २१

-गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले सो नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको,

-प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाले तय गरेको रणनीतिबमोजिम उत्पादन तथा उत्पादकत्व वृद्धि, रोजगारीका अवसर सिर्जना र आयात प्रतिस्थापन गर्न स्थानीय तह एवं निजी क्षेत्रसमेतको साझेदारीमा आत्मनिर्भर तथा समुन्नत अर्थतन्त्र निर्माणको आधार तयार गर्ने विषयलाई कार्यक्रममा समेटिएको,

-१० स्थानलाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्नका लागि पहल गर्ने नीति तथा कार्यक्रममा उल्लेख,

-'पहिले घरदेश, अनि परदेश/ कार्यक्रम, आरोग्य पर्यटन हवका रूपमा प्रदेशलाई विकास गर्ने,

-इन्भेस्ट गण्डकी कार्यक्रममार्फत लगानी सम्मेलन गर्ने,

-तनहुँ तथा कास्कीको पुँडीटारलाई औद्योगिक क्षेत्रका रूपमा विकास गर्ने,

-'मेरो देश : मेरो दायित्व/ कार्यक्रम सञ्चालन गर्ने,

-एक सामुदायिक वन, एक पोखरी निर्माण गर्ने,

-उज्यालो गण्डकी प्रदेश अभियान सम्पन्न गरी विद्युत् सेवालाई भरपर्दो र नियमित बनाउनेलगायतका कार्यक्रम नीति तथा कार्यक्रममा समेटिएको ।

१५. नेपाली कराँते स्टार एरिका गुरुङ विश्व वरीयतामा कतिऔँ स्थानमा रहन सफल भएकी छन् ?

= २७ औँ (सन् २०२५ जुन)

-विश्व कराँते महासङ्घले जारी गरेको विश्व वरीयतामा एरिकाले आफ्नो विधामा छलाङ मारेकी ।

-यसअघि उनी विश्व वरीयतामा ५० औँ स्थानमा थिइन् ।

-हालै मोरक्कोको रावतमा भएको कराँते वान प्रिमियर लिगमा महिला ६८ किलोग्राममाथि समूहमा कांस्य पदक जितेपछि उनको विश्व वरीयतामा सुधार भएको ।

१६. बङ्गलादेशले आफ्नो देशलाई स्वतन्त्र बनाउन भएको क्रान्तिको नेतृत्व गरेका सेख मुजिबुर रहमानको स्वतन्त्रता सेनानीको मान्यता कहिले रद्द गरेको हो ?

= सन् २०२५ जुन ३

-सेख मुजिबुरसहित सन् १९७० को चुनाव जित्ने चार सयभन्दा बढी राजनीतिज्ञको स्वतन्त्रता सेनानीको मान्यता रद्द गरिएको ।

-राष्ट्रिय स्वतन्त्रता सेनानी परिषद् (जामुका) अध्यादेशले यी नेताको पहिचानलाई 'मुक्ति योद्धाका सहयोगीहरू/ भनेर परिभाषित गरेको ।

-मुहम्मद युनुसको नेतृत्वमा रहेको अन्तरिम सरकारले बङ्गबन्धु सेख मुजिबुर रहमानका अतिरिक्त सन् १९७१ को स्वतन्त्रता सङ्ग्रामको समयमा अस्थायी सरकारका राष्ट्रपति तथा प्रधानमन्त्री सैयद नजरुल इस्लाम र ताजुद्दिन अहमदको स्वतन्त्रता सेनानीको मान्यता पनि खारेज गरेको ।
-राष्ट्रपिता बङ्गबन्धु शेख मुजिबुर रहमानको नेतृत्वमा सन् १९७१ मा पाकिस्तानविरुद्ध नौ महिनाको रक्तपातपूर्ण युद्धबाट बङ्गलादेशले स्वतन्त्रता प्राप्त गरेको थियो ।
१७. विश्वप्रसिद्ध फाइनान्सियल टाइम्स समूह अन्तर्गतको दी बैङ्कर्सले प्रदान गरेको दी बैङ्कर्स टेक्नोलोजी अवार्ड २०२५ बाट सम्मानित हुन सफल नेपाली बैङ्क कुन हो ?
= नबिल बैङ्क लि. (सन् २०२५ जुन) (एसिया–प्रशान्त क्षेत्रका लागि प्रदान गरिएको अवार्डबाट बैङ्क सम्मानित भएको ।)
१८. मानव शरीरको रक्त सञ्चालन प्र क्रिया विलियम हार्बेले पत्ता लगाएका हुन् भने वंशानुक्रमको सिद्धान्त कसले पत्ता लगाएका हुन् ?
= ग्रेगर मेण्डल
१९. प्रस्तावित मेरापिक राष्ट्रिय निकुञ्ज कुन जिल्लामा पर्छ ?
= सोलुखुम्बु
-प्रस्तावित क्षेत्र जैविक विविधता, पर्यापर्यटन र संस्कृतिका हिसाबले धनी रहेको ।
-मेरापिक हिमाल रहेको यो क्षेत्र पर्वतारोहणका लागि समेत प्रसिद्ध रहेको ।
२०. सार्जे हिमाललाई शान्ति पिक भनेर चिनिन्छ भने कञ्चनजङ्घा हिमाललाई के भनी चिनिन्छ ?
= नेपाल पिक
२१. राष्ट्रिय अपराध सूचना केन्द्रको उद्देश्य के रहेको छ ?
= देशभरका सम्पूर्ण अपराधको एकीकृत तथ्याङ्क राख्ने गत अङ्कमा प्रकाशित ज्ञानसागर स्तम्भमा मधुपर्क सम्मान २०८२ बाट सम्मानित हुने स्रष्टाहरूमा पद्यतर्फ
-‘कवि ज्ञान उदास/ हुनुपर्नेमा अन्यथा भएकाले सो सामग्रीबाट विद्वत् पाठक महानुभावमा पर्न गएको असुविधा एवं मर्काप्रति क्षमाप्रार्थी छौँ । –सं

www.laxmiprasadjoshi.com.np

**2082/3/4 गते । गोरखापत्र। ज्ञान सागर। वस्तुगत प्रश्नोत्तर।**

१. मानव विकास प्रतिवेदन, २०२५ मा नेपाल कति औँ स्थानमा रहेको छ ?

= १४५ औँ

-संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युनडिपी) ले सन् २०२५ जुन १० मा सार्वजनिक गरेको सो प्रतिवेदन अनुसार नेपाल ०.६२२ सूचकाङ्कसहित १४५ औँ स्थानमा रहेको।

-पछिल्लो ३५ वर्षमा नेपालको मानव विकास सूचकाङ्कमा ५४ प्रतिशतको वृद्धि भएको पनि प्रतिवेदनमा उल्लेख रहेको।

-मानव विकास सूचकाङ्कमा नेपाल मध्यम खालको मानव विकास भएका मुलुकको सूचीमा रहेको। मानव विकास सूचकाङ्क २०२५ मा शीर्ष १० स्थानमा रहेका राष्ट्र स्थान राष्ट्र मानव विकास सूचकाङ्क(एचडिआइ) १ आइसल्यान्ड ०.९७२ २ नर्वे ०.९७० २ स्विट्जरल्यान्ड ०.९७० ४ डेनमार्क ०.९६२ ५ जर्मनी ०.९५९ ५ स्विडेन ०.९५९ ७ अस्ट्रेलिया ०.९५८ ८ नेदरल्यान्ड ०.९५५ ८ हङकङ ०.९५५ १० बेल्जियम ०.९५१ ११ आयरल्यान्ड ०.९४९ १२ फिनल्यान्ड ०.९४८ १३ सिङ्गापुर ०.९४६ १३ संयुक्त अधिराज्य ०.९४६ मानव विकास सूचकाङ्क २०२५ मा अन्तिम १० स्थानमा रहेका राष्ट्रहरू स्थान राष्ट्र मानव विकास सूचकाङ्क (एचडिआइ) १९३ साउथ सुडान ०.३८८ १९२ सोमालिया ०.४०४ १९१ सेन्ट्रल अफ्रिकन रिपब्लिक ०.४१४ १९० चाड ०.४१६ १८८ नाइजर ०.४१९ १८८ माली ०.४१९ १८७ बुरुन्डी ०.४३९ १८६ बुर्किना फासो ०.४५९ १८५ सियरा लियोन ०.४६७ १८४ यमन ०.४७० १८३ मडगास्कर ०.४८७ मानव विकास सूचकाङ्क २०२५ मा सार्क राष्ट्र स्थान राष्ट्र मानव विकास सूचकाङ्क (एचडिआइ) ८९ श्रीलङ्का ०.७७६ ९३ माल्दिभ्स ०.७६६ १२५ भुटान ०.६९८ १३० इन्डिया ०.६८५ १३० बङ्गलादेश ०.६८५ १४५ नेपाल ०.६२२ १६८ पाकिस्तान ०.५४४ १८१ अफगानिस्तान ०.४९६

२. अन्तर्राष्ट्रिय स्तरको 'आइरिस/ प्रमाणपत्र प्राप्त गर्ने नेपालको पहिलो मेनपावर कम्पनी कुन हो ?

= आइएमआर (इन्टरनेसनल मेनपावर रिक्रुटमेन्ट)

-वैदेशिक रोजगारी क्षेत्रमा पारदर्शिता, न्यायोचित प्र क्रिया र श्रमिक अधिकारको संरक्षण सुनिश्चित गरेको भन्दै आइएमआरलाई अन्तर्राष्ट्रिय भर्ना एकीकृत प्रणाली (आइरिस) को प्रमाणपत्र प्रदान (२०८२ जेठ २६) गरिएको।

-आइरिसका अनुसार हालसम्म यो प्रमाणपत्र पाउने ५ वटा (नेपाल, सिङ्गापुर, पोल्यान्ड, केन्या, मेक्सिकोका एक

-एक) मात्रै मेनपावर कम्पनी रहेका।

३. इजरायल र इरानबिच युद्धको सुरुवात कहिले भएको हो ?

= सन् २०२५ जुन १३

-जुन १३ मा इजरायलले इरानका आणविक केन्द्र र शीर्ष सैन्य अधिकारी लक्षित गर्दै अचानक आक्रमण सुरु गरेपछि दुई देशबिच लडाइँ सुरु भएको।



www.laxmiprasadjoshi.com.np

-इरानको इस्लामिक रिभोलुसनरी गार्ड कोप्रसले इजरायलले आक्रमण जारी राखे आफ्ना आक्रमण थप बढाउने चेतावनी दिएको ।

४. विसं २०८२ असार १ मा सात वटै प्रदेशद्वारा आव २०८२ /८३ का लागि कुल कति राशिको बजेट प्रस्तुत गरियो ?

= रु. दुई खर्ब ८७ अर्ब ७० करोड सातै प्रदेशको बजेट (२०८२ /८३) : सङ्क्षिप्त झलक बागमती प्रदेश :

-कुल बजेट : रु. ६७ अर्ब ४७ करोड ७३ लाख
-चालुतर्फ : रु. २६ अर्ब चार करोड ४७ लाख (३८.६०५)
-पुँजीगत तर्फ : रु. ४१ अर्ब ४३ करोड २६ लाख (६१.४०५) कोशी
-कुल बजेट : ३५ अर्ब ८७ करोड ९९ लाख
-चालु : १८ अर्ब ६७ करोड ३३ लाख (५२.०४ प्रतिशत)
-पुँजीगततर्फ : १७ अर्व १० करोड ६५ लाख (४७.६८ प्रतिशत)
-वित्तीय व्यवस्थातर्फ : रु. १० करोड (०.२८ प्रतिशत) मधेश
-कुल बजेट : ४६ अर्ब ९८ करोड ३३ लाख
-चालुतर्फ : १६ अर्ब ७२ करोड पाँच लाख (३५.५९ प्रतिशत)
-पुँजीगततर्फ : ३० अर्ब २६ करोड २८ लाख (६४.४१ प्रतिशत) गण्डकी
-कुल बजेट : रु. ३१ अर्ब ९७ करोड ९९ लाख
-चालुतर्फ : रु. १२ अर्व ६३ करोड ६६ लाख (३९.५२ प्रतिशत)
-पुँजीगततर्फ : रु. १९ अर्ब नौ करोड ३३ लाख (५९.७१ प्रतिशत)
-वित्तीय व्यवस्थातर्फ : रु. २५ करोड (०.७८ प्रतिशत) लुम्बिनी
-कुल बजेट : रु. ३८ अर्ब ९१ करोड
-चालुतर्फ : रु. १२ अर्ब एक करोड ४७ लाख (३०.८८ प्रतिशत)
-पुँजीगततर्फ : रु. २३ अर्ब ४७ करोड १४ लाख (६०.३२ प्रतिशत)
-वित्तीय व्यवस्थातर्फ : रु. तीन अर्ब ४२ करोड ३७ लाख (८.८०प्रतिशत) कर्णाली
-कुल बजेट : रु. ३२ अर्ब ९९ करोड ६६ लाख
-चालुतर्फ : रु. सात अर्ब ७९ करोड ९१ लाख (२३.६३ प्रतिशत)
-पुँजीगततर्फ : रु. १९ अर्ब ९८ करोड २९ लाख (६०.५६ प्रतिशत)
-वित्तीय व्यवस्थातर्फ : रु. ६१ करोड ५० लाख (१.८६ प्रतिशत) वित्तीय हस्तान्तरण : रु. चार अर्ब ५९ करोड ९८ लाख (१३.९४ प्रतिशत) सुदूरपश्चिम –कुल बजेट : रु. ३३ अर्ब ४७ करोड ६० लाख –चालुतर्फ : रु. १० अर्ब २० करोड ८१ लाख (३०.४९ प्रतिशत) –पुँजीगततर्फ : १९ अर्ब ८३ करोड दुई

www.laxmiprasadjoshi.com.np

लाख (५९.२४ प्रतिशत) –वित्तीय व्यवस्थातर्फ : रु. एक करोड (०.०३ प्रतिशत) –वित्तीय हस्तान्तरण : रु. तीन अर्ब ४२ करोड ७७ लाख (१०.२४ प्रतिशत)

५. हालै (विसं २०८२ जेठ) आइएसओ २१००१ गुणस्तर प्रमाणपत्र प्राप्त गर्न सफल विद्यालय कुन हो ?

= नीलकण्ठ बालमन्दिर माध्यमिक विद्यालय (धादिङ)

-आइएसओ २१००१ गुणस्तर प्रमाणपत्र प्राप्त गर्ने सो विद्यालय नेपालको दोस्रो सामुदायिक विद्यालय बनेको।

६. भेरी–१ अर्धजलाशययुक्त जलविद्युत् आयोजनाको विद्युत् उत्पादन क्षमता कति रहेको छ ?

= २७० मेगावाट

-जाजरकोटको नलगाढ नगरपालिका र रुकुम पश्चिमको आठविसकोट नगरपालिका बिच रहेको भेरी नदीमा सो जलविद्युत् आयोजना निर्माण हुने भएको।

-निर्माण सम्पन्न अवधि : पाँच वर्ष।

-लागत अनुमान : रु. ४६ अर्ब

-उक्त आयोजना स्थलमा पुग्न मुख्य बाटोबाट ११ किलोमिटरको सहायक बाटो निर्माण गर्नुपर्ने जनाइएको।

-नदीमा तीन वटा बेलिब्रिजसमेत निर्माण गर्नुपर्ने भएको।

७. नेपाल राष्ट्र बैङ्कले विसं २०८२ जेठ २७ मा सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थितिसम्बन्धी प्रतिवेदन अनुसार गत वैशाखमा मुद्रास्फीति कतिमा झरेको छ ?

= २.७७ प्रतिशत

-आर्थिक गतिविधि शिथिल हुँदा उपभोक्ता मूल्य वृद्धिदर पाँच वर्ष पछि कै न्यून विन्दुमा झरेको।

-राष्ट्र बैङ्कका अनुसार २०७७ माघमा उपभोक्ता मूल्य वृद्धिदर २.७७ प्रतिशतमा झरेको थियो। कोभिड–१९ को महामारीका कारण आर्थिक गतिविधि ठप्प हुँदा बजारमा वस्तु तथा सेवाको माग घटेपछि मुद्रास्फीति न्यून विन्दुमा झरेको थियो।

८. आमाको नामबाट मात्र पनि नागरिकता दिइने विधेयक प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशासन समितिबाट कहिले पारित भएको हो ?

= विसं २०८२ जेठ २७

९. धिमाल युवा प्रतिभा पुरस्कार २०८२ कसलाई प्रदान गरियो ?

= डा. सजना धिमाल

-धिमाल समुदायबाट पहिलो चिकित्सक बन्न सफल डा. सजनालाई सो पुरस्कारबाट सम्मान गरिएको।

-हरेक वर्ष असार २ गते सिरिजात पर्व समापनका अवसरमा सो पुरस्कारबाट एक जना युवा प्रतिभालाई सम्मान गरिँदै आएको।



www.laxmiprasadjoshi.com.np

१०. राष्ट्र बैङ्कले २०८२ जेठ २७ मा सार्वजनिक प्रतिवेदन अनुसार गत वैशाखमा मात्र नेपालमा कति विप्रेषण भित्रिएको छ ?

= रु. एक खर्ब ६५ अर्ब ३० करोड

-मासिक रूपमा तुलना गर्दा वैशाखमा भित्रिएको रेमिट्यान्स हालसम्मकै सबैभन्दा बढी हो । आव २०८१ /८२ को १० महिनाको अवस्था शोधनान्तर बचत : रु. चार खर्ब ३८ अर्ब विप्रेषण : रु. १३ खर्ब ५६ अर्ब कुल विदेशी मुद्रा सञ्चिति : रु. २५ खर्ब १२ अर्ब

११. विश्वको पहिलो वैदिक घडी कुन हो ?

= विक्रामादित्य वैदिक घडी

-भारतको मध्यप्रदेशस्थित उज्जैनमा रहेको ।

-समय गणना मान ३० घण्टा एक दिन एवं १ घण्टा ४८ मिनेट रहेको ।

-यस घडीको उद्घाटन सन् २०२४ फेब्रुअरी २९ मा भारतीय प्रम नरेन्द्र मोदीद्वारा गरिएको ।

१२. पहिलो नेपाली एनिमेटेड फिचर फिल्म कुन हो ?

= सलिना (तेजसराज जोशी निर्देशित)

१३. नेपालका प्रथम महालेखा परीक्षक को हुन् ?

= चन्द्र बहादुर थापा

१४. अनुसूचीको व्यवस्था नभएको नेपालको संविधान कुन हो ?

= नेपाल अधिराज्यको संविधान, २०१५

१५. धेरै गजुर भएको मन्दिर पाटनको कृष्ण मन्दिर हो भने गजुर नै नभएको मन्दिर कुन हो ?

= अशोक विनायक

१६. आन्तरिक राजस्व विभागले केन्द्रीय विजक प्रणालीको सुरुवात कहिलेदेखि गरेको हो ?

= विसं २०७४ मङ्सिर १

१७. आणिविक हतियारमा प्रतिबन्ध लगाउनेसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सन्धि औपचारिक रूपमा कहिलेदेखि कार्यान्वयनमा आएको हो ?

= सन् २०२१ जनवरी २२

१८. नेपाल विश्व पर्यटन सङ्गठन (युएनडब्लुटीओ) को सदस्य कहिले बनेको हो ?

= सन् १९७५ १९. लोक सेवा आयोगको स्थापना कहिले भएको हो ?

= विसं २००८ असार १

-'नेपाल पब्लिक सर्भिस कमिसन/ नामबाट २००८ साल असार १ गते लोकसेवा आयोगको विधिवत् स्थापना भएको ।

२०. उपप्रधानमन्त्रीले को समक्ष शपथ लिनुपर्ने प्रावधान रहेको छ ?

= राष्ट्रपति



www.laxmiprasadjoshi.com.np

**2082/3/11 गते । गोरखापत्र । ज्ञान सागर । वस्तुगत प्रश्नोत्तर ।**

१. राष्ट्रिय योजना आयोगले सार्वजनिक गरेको प्रतिवेदन अनुसार नेपालको आगामी तीन वर्षको आर्थिक वृद्धिदर कति हुने अनुमान छ ?
= ७.१ प्रतिशत
-आयोगले २०८२ असारमा आर्थिक वर्ष २०८२ /८३ देखि २०८४ /८५ सम्म लागु हुने मध्यकालीन खर्च संरचना सार्वजनिक गरेको ।
-संरचनाले तीन वर्षभित्र सङ्घीय सरकारले खर्च गर्ने योजना, प्राथमिकताका आयोजना, स्रोत व्यवस्थापन र बजेटको विनियोजन प्र क्रिया स्पष्ट पारेको । यसले ‘१६ औँ योजना/ तथा दिगो विकास लक्ष्यसँग समन्वय हुने सार्वजनिक खर्च प्रणालीको आधार तयार गरेको ।
-आव २०८२ /८३ देखि २०८४ /८५ मा मुलुकको औसत आर्थिक विकास ७.१ प्रतिशत रहने अनुमान गरिएको ।
-प्रतिवेदनले चालु आव २०८१ /८२ मा आर्थिक वृद्धिदर आधारभूत मूल्यमा ३.९९ प्रतिशत र उपभोक्ताको मूल्यमा ४.६१ प्रतिशत रहने अनुमान गरेको ।
-चालु आवमा कुल गार्हस्थ उत्पादन (जिडिपी) ६१ खर्ब ७ अर्ब पुगेको ।
-आव २०६७ /६८ मा १५ खर्ब ५९ अर्ब रहेको जिडिपी १५ वर्षमा पाँच गुणाले बढेको आयोगले जनाएको ।
-यो अवधिमा जिडिपीको वार्षिक वृद्धिदर सबैभन्दा धेरै आव २०७३ /७४ मा ८.९८ प्रतिशत र सबैभन्दा कम आव २०७६ /७७ मा २.३७ प्रतिशतमा सीमित रही औसत ४.३० प्रतिशत रहेको ।
-विगत १५ वर्षमा नेपालीको प्रतिव्यक्ति आय ८१८ अमेरिकी डलरबाट बढेर यस वर्ष १५१७ अमेरिकी डलर पुग्ने अनुमान रहेको ।
२. अन्तर्राष्ट्रिय योग दिवस कहिले मनाइन्छ ?
= जुन २१
-सन् २०२५ को नारा : ‘सिङ्गो पृथ्वी र मानव स्वास्थ्यका लागि योग/ ।
३. राष्ट्रपति चुरे तराई मधेश संरक्षण दिवस कहिले मनाइन्छ ?
= असार २
-राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति स्थापनाको अवसर पारी हरेक वर्ष असार २ गते यो दिवस मनाउने गरिएको ।
-चुरेको प्राकृतिक स्रोत संरक्षण, दिगो व्यवस्थापन, पारि स्थितिकीय सेवाको सम्बर्धनद्वारा गरिबी न्यूनीकरणमा टेवा पुऱ्याउने लक्ष्यका साथ समितिको स्थापना २०७१ असार २ गते भएको ।
४. युइएफए नेसन्स लिग फुटबल २०२५ को उपाधि कसले जित्यो ?
= पोर्चुगल



www.laxmiprasadjoshi.com.np

-फाइनलमा स्पेनलाई टाइब्रेकरमा हराउँदै पोर्चुगलले दोस्रो पटक नेसन्स लिग फुटबलको उपाधि जितेको।
-टाइब्रेकरमा पोर्चुगल ५–३ ले विजयी भएको।
-पोर्चुगलले यसअघि नेसन्स लिगको पहिलो संस्करण २०१८–१९ को उपाधि जितेको थियो। त्यस यता फ्रान्स र स्पेनले १–१ पटक उपाधि जितेका।
५. अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले कहिलेदेखि लागु हुने गरी १२ देशका नागरिकहरूलाई पूर्ण र आंशिक यात्रा प्रतिबन्ध घोषणा गरेका हुन् ?
-सन् २०२५ जुन ९
-यात्रा प्रतिबन्ध घोषणा गरिएका राष्ट्रहरू : अफगानिस्तान, म्यानमार, चाड, कङ्गो, इक्वेटोरियल गिनी, इरिट्रिया, हाइटी, इरान, लिबिया, सोमालिया, सुडान र यमन।
-ट्रम्पले जुन ४ मा जारी गरेको आदेश जुन ९ देखि लागु भएको।
-त्यस्तै, बुरुन्डी, क्युवा, लाओस, सिएरालियोन, टोगो, तुर्कमेनिस्तान र भेनेजुएला (७ देश) का नागरिकमाथि आंशिक यात्रा प्रतिबन्ध लागु हुने।
-यो रोक आप्रवासन र गैरआप्रवासन (नन–इमिग्रेसन) दुवै प्रकारका भिसामा लागु हुने जनाइएको।
-पूर्ण प्रतिबन्ध लागू भएका देशका अधिकांश नागरिकको अमेरिका प्रवेश पूर्ण रूपमा निषेध हुने। यसमा पर्यटक भिसा, विद्यार्थी भिसा, काम गर्ने भिसा र आप्रवासन भिसा लिने सबै समावेश हुन्छन्।
-आंशिक प्रतिबन्ध लागु भएका देशका नागरिकलाई केही विशेष प्रकारका भिसा वा प्रवेशमा मात्र रोक हुने जनाइएको।
६. स्नायु विज्ञानसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन ‘न्युरोकन–२/ काठमाडौँमा कहिले सम्पन्न भएको हो ?
= विसं २०८२ असार ४ र ५
-सम्मेलनको नारा : स्नायु विज्ञानको विकासक्रम एवं नवप्रवर्तन।
-सम्मेलनमा स्नायु विज्ञानका विभिन्न विधा न्युरो–सर्जरी, न्युरो–मेडिसिन, न्युरो–रेडियोलोजी, न्युरो–इन्टरभेन्सन, न्युरो–ओटोलोजी, न्युरो–ऐनस्थेसिया, न्युरो–साइक्याट्री, न्युरो नर्सिङ एवं पुनस्र्थापनासम्बन्धी देश तथा विदेशका विशेषज्ञ, चिकित्सकको सहभागिता रहेको।
-सम्मेलनको अवसरमा वरिष्ठ स्नायु शल्य चिकित्सक प्राडा डेविट टेरेन्स होपलाई उपेन्द्र देवकोटा पुरस्कार प्रदान गरिएको।
७. एसियाली विकास बैङ्क (एडिबी) ले नेपालका लागि अघि सारेको नयाँ कन्ट्री पार्टनरसिप स्ट्राटेजीको अवधि कुन हो ?
= सन् २०२५–२०२९
-एडिबीले सन् २०२५ जुनमा ‘नेपाल रणनीति २०२५–२०२९/ सार्वजनिक गरेको।
-सन् २०२५ देखि २०२९ सम्मका लागि लागु हुने रणनीतिले नेपालको आर्थिक रूपान्तरणका लागि हरित, निजी क्षेत्र लक्षित र जलवायु रेजिलियन्ट विकास मोडेललाई अघि सारेको।



www.laxmiprasadjoshi.com.np

-सुशासन, सामाजिक न्याय, साझा समृद्धि हासिल गर्ने नेपालको १६ औँ पञ्चवर्षीय योजनाको उद्देश्यसँग मेल खाने गरी यो रणनीति बनाइएको एडिबीले जनाएको ।
-यो रणनीति विश्व बैङ्क समूहसँगको साझा अवधारणामा तयार पारिएको ।
-एडिबी र विश्व बैङ्कले नेपालमा कुल विकास सहयोगको झन्डै ७० प्रतिशत हिस्सा ओगट्छन् ।
-एडिबीले सन् २०२५ देखि २०२९ भित्र नेपालमा झन्डै २.३ अर्ब डलर सहयोग गर्ने जनाएको ।
-निजी क्षेत्रको अग्रसरतामा रोजगारीमूलक तथा हरित आर्थिक रूपान्तरण, गुणस्तरीय मानव पुँजी विकास एवं सार्वजनिक सेवा र जलवायु परिवर्तनप्रति प्रतिरोधी संरचनाको प्रवर्धनलाई नयाँ रणनीतिका मुख्य तीन प्राथमिकतामा राखिएको ।
८. सेभेन रिला लेक्स कहाँ पर्छ ?
= बुल्गेरिया
-रिला माउन्टेन पर्वत श्रेणीमा पर्ने सेभेन रिला लेक्स सात वटा हिमतालको समूह हो ।
-२१०० मिटरदेखि २५०० मिटर उचाइमा अवस्थित सात तालहरू : १) दी टियर (सबैभन्दा सानो) २) दी आई ३) दी किड्नी ४) दी ट्विन (सबैभन्दा ठुलो) ५) दी टे्रफोइल ६) फिस लेक ७) दी लोवर लेक
९. नेपाली भाषाका प्रथम कवि कसलाई मानिन्छ ?
= सुवानन्द दास
१०. विश्वको सबैभन्दा पुरानो अन्न कुनलाई भनिन्छ ?
= भटमास
११. इजरायल–इरानबिच युद्धविराम कहिले भएको हो ?
= सन् २०२५ जुन २४
-अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको पहलमा इजरायल र इरान युद्ध विरामको सहमतिमा पुगेका ।
-इजरायल र इरानका अधिकारीहरूले युद्ध विरामका लागि सहमत भएको जनाएका ।
१२. मुलुककै पहिलो फ्लाइओभर ‘ग्वार्को फ्लाइओभर/ को उद्घाटन कहिले भएको हो ?
= विसं २०८२ असार ६
-प्रधानमन्त्री केपी शर्मा ओलीको उपस्थितिमा काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) नवराज अधिकारीले रिबन काटेर फ्लाइओभरको उद्घाटन गर्नुभएको ।
-उद्घाटनसँगै फ्लाइओभर सञ्चालनमा ल्याइएको ।
-विसं २०७८ फागुन १२ गते २ वर्षमा निर्माण सक्ने गरी सम्झौता भई निर्माण कार्य अघि बढेको थियो ।
१३. एउटै आय वर्षमा एकभन्दा बढी मुलुकमा कारोबार गर्ने व्यक्तिलाई कारोबार गरेको मुलुक वा बासिन्दा रहेको मुलुकमा मात्रै कर लिन सकिने व्यवस्थासम्बन्धी सम्झौतालाई के भनी चिनिन्छ ?
= दोहोरो कर मुक्ति सम्झौता (डिटिएए)



www.laxmiprasadjoshi.com.np

१४. प्रसिद्ध समाजसेवी तुलसी मेहरद्वारा जनचेतना जगाउने उद्देश्यका साथ सञ्चालन गरिएको चर्खा प्रचार नामक अभियानमा रोक लगाउने राणा प्रधानमन्त्री को हुन् ?
= भीमशमशेर १५. पशुपतिनाथमा सन्ध्याकालीन आरतीको थालनी कहिलेदेखि गरिएको हो ?
= विसं २०६४
१६. सरकारले गैरबैङ्किङ सम्पत्ति व्यवस्थापन गर्न कहिले सम्ममा 'एसेट म्यानेजमेन्ट कम्पनी/ स्थापना गर्ने घोषणा गरेको छ ?
= आव २०८२ /८३ (आव २०८२ /८३ को नीति तथा कार्यक्रम र बजेटमार्फत)
१७. सिएनएनको साहसी खेलाडी, २०२४ को सूचीमा पर्न सफल नेपाली पर्वतारोही व्यक्तित्व को हुन् ?
= पूर्णिमा श्रेष्ठ
१८. १२ औँ संस्करणको नेपाल अन्तर्राष्ट्रिय मानव अधिकार चलचित्र महोत्सवमा नेपाली पानारोमा अवार्ड जित्न सफल चलचित्र कुन हो ?
= रेमन्यान्ट्स
१९. बेइजिङ ३० एसिया प्यासिफिक मन्त्रीस्तरीय सम्मेलन कहिले र कहाँ सम्पन्न भयो ?
= बैङ्कक (थाइल्यान्ड), सन् २०२४ नोभेम्बर १९–२१
२०. प्रसिद्ध म्यागजिन टाइमद्वारा सन् २०२४ का लागि तयार पारिएको संसारका १०० सर्वोत्कृष्ट ठाउँको सूचीमा पर्न सफल नेपालको पर्यटकीय स्थल कुन हो ?
= बुरहान वाइल्डरनेस क्याम्प, बर्दिया
२१. आर्थिक सर्वेक्षण २०८१ /८२ अनुसार २०८१ फागुनसम्म आधारभूत खानेपानी सेवाको पहुँच पुगेको जनसङ्ख्या कति प्रतिशत रहेको छ ?
= ९६.८५ प्रतिशत
-त्यस्तै, सुरक्षित खानेपानी (उच्च मध्यमस्तर) सेवाको पहुँच पुगेको जनसङ्ख्या २८.५० प्रतिशत पुगेको।

www.laxmiprasadjoshi.com.np

**2082/3/18 गते । गोरखापत्र । ज्ञान सागर । वस्तुगत प्रश्नोत्तर ।**

१. सुदूरपश्चिम प्रदेशलाई साक्षर प्रदेश घोषणा कहिले गरिएको हो ?
= विसं २०८२ असार १२
-प्रदेशको नौ वटै जिल्लामा रहेका १५ देखि ६० वर्ष उमेर समूहको जनसङ्ख्याको साक्षरता दर ९६.१९ प्रतिशत रहेको तथ्याङ्कको आधारमा सुदूरपश्चिम प्रदेश सरकारले साक्षर प्रदेश घोषणा गरेको।
-प्रदेशका नौ वटै जिल्लालाई यसअघि विभिन्न समयमा साक्षर जिल्ला घोषणा गरिसकिएको।
-लक्षित उमेर समूहको जनसङ्ख्यामध्ये ९५ प्रतिशतभन्दा बढी साक्षर भए साक्षर घोषणा गर्न सकिने प्रावधान छ। जिल्ला साक्षर प्रतिशत बाजुरा ९७.३१ डोटी ९६.५५ बैतडी ९६.५३ कञ्चनपुर ९६.२१ कैलाली ९६.२० डडेलधुरा ९६.८ बझाङ ९५.६० अछाम ९५.५५ दार्चुला ९५.४०
२. यस वर्ष (२०८२) को मदन भण्डारी राष्ट्रिय पुरस्कार कसलाई प्रदान गरियो ?
= वातावरण संरक्षण अभियन्ता एवं पर्यटन व्यवसायी आङ छिरिङ शेर्पा
-शेर्पा विगत लामो समयदेखि जलवायु परिवर्तनप्रति चेतना अभिवृद्धिमा स क्रिय रहँदै आउनुभएको।
-उहाँले सगरमाथा आधार शिविरबाट मानव मलमूत्र व्यवस्थापनका लागि ब्याग प्रविधि प्रयोग गरी हिमाल सफाइ अभियानमा संलग्न हुनुभएको।
३. गोपालप्रसाद रिमाल पुरस्कार
-२०८२ बाट सम्मानित हुने स्रष्टा को हुनुहुन्छ ?
= कवि मञ्जुल (मेघराज शर्मा नेपाल)
४. राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कारबाट सम्मानित हुने कृषक को–को हुनुहुन्छ ?
= कोशी प्रदेशबाट : सुरेशकुमार मेहता र रमेश साह,
-मधेश प्रदेशबाट : भरतकुमार यादव र हीराबहादुर थापामगर,
-बागमती प्रदेशबाट : चेतप्रसाद ढकाल र दयाराम मसामसी,
-गण्डकी प्रदेशबाट : छिरिङढोका गुरुङ र बाटुली तिवारी,
-लुम्बिनी प्रदेशबाट : जयपाल मौर्य र सुवास कुर्मी,
-कर्णाली प्रदेशबाट : गोविन्द ओली र भरतनाथ योगी,
-सुदूरपश्चिम प्रदेशबाट : प्रेमप्रसाद जोशी र लोकबहादुर थापा।
-प्रत्येक प्रदेशबाट २ जना कृषकका दरले कषि व्यवसायमा उत्कृष्ट कार्य गरी छनोटमा परेका १४ किसानलाई राष्ट्रपति रामचन्द्र पौडेलद्वारा पुरस्कृत गरिएको।
-राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ अनुसार पुरस्कृत गरिएको।
-पुरस्कार राशि जनही दुई लाख रुपियाँ रहेको।
५. मधेश प्रदेशको सदरमुकाम जनकपुरमा प्रथम राष्ट्रिय शिक्षा सम्मेलन कहिले सम्पन्न भएको हो ?
= विसं २०८२ असार १० /११



www.laxmiprasadjoshi.com.np

-उद्घाटन : मुख्यमन्त्री सतीशकुमार सिंह

-आयोजना : जनकपुरधाम

-१० बुँदे घोषणापत्र जारी गर्दै प्रथम राष्ट्रिय शिक्षा सम्मेलन २०८२ सम्पन्न भएको।

-सो सम्मेलन शिक्षा तथा संस्कृति मन्त्रालय मधेश प्रदेशको आयोजनामा भएको।

-सम्मेलनमा मधेश, गण्डकी, बागमती प्रदेशसहित शिक्षा क्षेत्रका विज्ञ, प्राध्यापक र सरोकारवालाको सहभागिता रहेको।

६. 'एक पालिका एक खेल मैदान/ सुरु गर्ने प्रदेश कुन हो ?

= लुम्बिनी प्रदेश

७. जुम्लाको सिञ्जा गाउँपालिकालाई पोषणमैत्री स्वास्थ्य संस्था गाउँपालिका घोषणा कहिले गरिएको हो ?

= विसं २०८२ असार ९ (गाउँपालिकाका स्वास्थ्य संस्था पोषणमैत्री घोषित भएसँगै गाउँपालिकालाई नै पोषणमैत्री स्वास्थ्य संस्था गाउँपालिका घोषणा गरिएको।)

८. नेपाल सरकारले राष्ट्रिय खेलकुद नीति २०८२ कहिले स्वीकृत गरेको हो ?

= विसं २०८२ असार ९

९. विकासका लागि वित्तपोषण ('फाइनान्सिङ फर डेभलपमेन्ट/) सम्बन्धी चौथो अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिन प्रधानमन्त्री केपी शर्मा ओली कहिले स्पेन प्रस्थान गर्नुभएको हो ?

= विसं २०८२ असार १४ (स्वदेश फिर्ती : असार २०)

-संयुक्त राष्ट्रसङ्घद्वारा आयोजित सो सम्मेलन स्पेनको सेविला सहरमा सन् २०२५ जुन ३०–जुलाई ३ सम्मका लागि तय गरिएको।

-स्पेनका प्रधानमन्त्री पेट्रो सान्चेज र संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेसको निमन्त्रणामा प्रधानमन्त्री ओलीको स्पेन भ्रमण तय भएको परराष्ट्र मन्त्रालयले जनाएको।

-अति कम विकसित देशको 'ग्लोबल को–अर्डिनेसन ब्युरो/ को अध्यक्षको हैसियतमा प्रधानमन्त्री ओलीले सम्मेलनलाई सम्बोधन –जुन ३० मा) गर्नुभएको।

-जुन ३१ मा प्रधानमन्त्री ओलीले अल्प विकसित मुलुकको उच्चस्तरीय बैठकको अध्यक्षतासमेत गर्नुभएको।

१०. राष्ट्रिय धान दिवस कहिले मनाइन्छ ?

= असार १५

-विसं २०८२ (२२ औँ) को नारा : धान बालीमा सघनता : खाद्य सुरक्षा र आत्मनिर्भरता

-नेपालमा धान समूद्र सतहबाट ६० मिटर उचाइदेखि ३०५० मिटर उचाइसम्म खेती गरिने।

-मुलुकमा लगभग १४ लाख २० हजार हेक्टरमा धान खेती गर्ने गरिएको र ५९ लाख ५५ हजार मेट धान उत्पादन हुने।

११. सङ्घीय निजामती सेवा विधेयक प्रतिनिधि सभाबाट कहिले पारित भएको हो ?
= विसं २०८२ असार १५
-असार १५ गते सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताको प्रस्तावमा विधेयक सभाले बहुमतले पारित भएको ।
-पारित विधेयक अनुसार अब निजामती सेवामा श्रेणी र तहगत दुवैँ व्यवस्था प्रचलनमा आउने ।
-सेवा प्रवेशको उमेर पुरुषका लागि ३५ वर्ष (यथावत्) र महिलाका लागि ३९ वर्ष बनाइएको ।
-अवकाशको उमेर हद ५८ बाट ६० वर्ष पुर्‍याइएको ।
-अवकाशको व्यवस्था वार्षिक रूपमा क्रमशः लागु हुने व्यवस्था गरिएको ।
-शाखा अधिकृतको खुला प्रतिस्पर्धा ६० प्रतिशत कायम गरिएको ।
-नायब सुब्बाको खुला प्रतिस्पर्धा हटाइएको ।
-१३ औँ तहको विशिष्ट श्रेणीको पदका रूपमा अतिरिक्त सचिवको व्यवस्था गरिएको ।
-स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत र प्रदेश मन्त्रालयका सचिव सङ्घीय निजामतीकै कर्मचारी हुने व्यवस्था गरिएको तर १० वर्षसम्म मात्र सङ्घको कर्मचारी खटाउने व्यवस्था गरिएको ।
-निजामती सेवाको उच्च पद मुख्य सचिवको कार्यकाल अब दुई वर्षको हुने । अहिले तीन वर्ष कायम छ ।
-यस्तै सचिवको कार्यकाल पाँच वर्षबाट चार वर्ष बनाइएको । यो व्यवस्था हाल कार्यरतका हकमा लागु हुने छैन तर अवकाशका लागि बढाइएको उमेर हद भने सबैका लागि लागु हुने छ ।
-निजामती सेवाबाट अवकाश वा राजीनामा दिएका कर्मचारीले अब दुई वर्षसम्म कुनै सरकारी वा संवैधानिक नियुक्ति लिन नपाउने प्रावधान ।
-सङ्घीय संसद्का दुवै सदनबाट विधेयक पारित भई प्रमाणीकरण भएपछि अन्तरप्रदेश सरुवाको बाटो खुल्ने ।
-दुवै प्रदेशका मन्त्रीपरिषद्को सहमतिमा अन्तरप्रदेश र अन्तरस्थानीय तहको सरुवा खुला गरिएको ।
-प्रदेश लोक सेवा आयोगमार्फत पदपूर्ति भएका पदमा पनि १० वर्ष पछि अन्यत्र सरुवा हुने व्यवस्था गरिएको ।
-निजामती कर्मचारीको ट्रेड युनियनसम्बन्धी व्यवस्था यथावत् राखिएको ।
१२ विश्वका आठ हजार मिटरभन्दा अग्ला सबै १४ हिमालको सफल आरोहण गर्ने पहिलो नेपाली महिला को हुन् ?
= दावा याङजुम शेर्पा (दोलखा)
१३. साउथ एसियन ट्राभल अवार्डस् (साटा), २०२४ मा भिजिटर्स च्वाइस अवार्ड अन्तर्गत गोल्ड अवार्ड जित्ने एयरलायन्स कुन हो ?
= श्रीलङ्कन एयरलायन्स



www.laxmiprasadjoshi.com.np

१४. बेसीसहरदेखि हिमाली जिल्ला मनाङसम्म पुग्ने गरी सञ्चालनमा ल्याइएको वैकल्पिक पदमार्गलाई के नामकरण गरिएको छ ?

= लालुपाते पदमार्ग

१५. नेपालमा उत्पादित हाइड्रोजनबाट पहिलो पटक सवारीसाधन सञ्चालन कहिले गरिएको हो ?

= विसं २०८० चैत १८

१६. संयुक्त राष्ट्रसङ्घीय कृषि तथा खाद्य सङ्गठन (एफएओ) ले बालीको रोग पत्ता लगाउन सञ्चालनमा ल्याएको एप्स कुन हो ?

= टेलिप्लान्ट डाक्टर (सन् २०२४ फेबुरअरी)

१७. सङ्गीत क्षेत्रको विश्वकै प्रतिष्ठित ग्रामी अवार्डमा लगातार चार पटकसम्म 'एल्बम अफ दी इयर/ अवार्ड हात पार्न सफल गायिका को हुन् ?

= अमेरिकी गायिका टेलर स्विफ्ट

१८. २०७८ को जनगणना अनुसार नेपालको मातृ मृत्युदर कति रहेको छ ?

= १५१ जना (प्रति एक लाखमा), सबैभन्दा बढी मातृ मृत्युदर भएको प्रदेश लुम्बिनी र कम भएको प्रदेश बागमती रहेका ।

१९. कुनै पनि प्राणी तथा वनस्पतिको आनुवंशिक गुण बोक्ने शरीरको सबभन्दा सानो एकाइलाई के भनिन्छ ?

= वंशाणु (जिन)

२०. कवि क्षेत्रप्रताप अधिकारीको सम्झनामा स्थापित क्षेत्रप्रताप स्मृति साहित्य पुरस्कार कसलाई प्रदान गरियो ?

= वरिष्ठ साहित्यकार सरुभक्त

२१. हङकङ साहित्यिक साझा शृङ्खला पुरस्कार तथा सम्मान
-२०२५ बाट सम्मानित स्रष्टा को हुन् ?

= कवि तथा प्राज्ञ शशी लुमुम्बू
-सम्मानको राशि रु. ५५ हजार ५०५ रुपियाँ रहेको

www.laxmiprasadjoshi.com.np

**2082/3/25 गते । गोरखापत्र । ज्ञान सागर । वस्तुगत प्रश्नोत्तर ।**

१. दैलेखको जलजले क्षेत्रमा कति वर्षलाई पुग्ने ग्यास रहेको रिपोर्ट आएको छ ?

= ५० वर्ष

-चीनको सरकारी निकाय चाइना जिओलोजिकल सर्भेले गरेको अनुसन्धानको प्रारम्भिक नतिजाले सो तथ्य देखाएको,

-अनुसन्धान टोलीको प्रतिवेदन अनुसार सो स्थानमा एक अर्ब १२ करोड घनमिटर मिथेन ग्यासको भण्डार रहेको,

-विसं २०८० वैशाखबाट सुरु भएको अनुसन्धानको प्रारम्भिक नतिजा विसं २०८२ असारमा आएको,

-अहिले नेपालले गर्ने आयातमध्ये १८ प्रतिशत पेट्रोलियम पदार्थकै हिस्सा रहेको। आव २०८० /८१ मा रु. दुई खर्ब ६८ अर्बको पेट्रोलियम आयात भएको थियो,

-यातायातका साधनदेखि भान्साको ऊर्जा र इन्धनका लागि नेपालले आफ्नै उत्पादन प्रयोग गर्न पाए देशले आर्थिक रूपमा छलाङ मार्न सक्ने विश्वास गरिएको।

२. थाइल्यान्डका प्रधानमन्त्री पेटोङटार्न सिनावात्रालाई त्यहाँको संवैधानिक अदालतले देशको सूचना चुहाएको अभियोग लगाउँदै कहिले निलम्बन गरेको हो ?

= सन् २०२५ जुलाई १

३. न्यूनतम सेवा मापदण्डको लेखाजोखामा कोशी प्रदेशकै उत्कृष्ट अस्पताल बन्न सफल अस्पताल कुन हो ?

= उदयपुर जिल्ला अस्पताल

-आव २०८१ /८२ को न्यूनतम सेवा मापदण्डको लेखाजोखामा ९४ प्रतिशत अङ्क प्राप्त गरी उत्कृष्टता हासिल गरेको।

-यस अघि आव २०७९ /८० मा पनि यो अस्पतालले कोशी प्रदेशकै उत्कृष्ट अस्पतालको सम्मान प्राप्त गरेको थियो।

४. एकल साहसिक यात्रा (सोलो एड्भेन्चर ट्राभल) गन्तव्यको सूची २०२५ मा नेपाल कति औँ स्थानमा परेको छ ?

= सातौँ

-बेलायतस्थित साहसिक पर्यटन कम्पनी 'मच बेटर एड्भेन्चर्स/ ले सार्वजनिक गरेको सूचीमा नेपाल सातौँ स्थानमा परेको।

-नेपाललाई अद्वितीय भूदृश्य, समृद्ध संस्कृति, बजेटमैत्री सेवा र विविध साहसिक गतिविधिका लागि उच्च मूल्याङ्कन गरिएको।

-एभरेष्ट बेसक्याम्प ट्रेक, अन्नपूर्ण सर्किट, चितवन राष्ट्रिय निकुञ्जमा जङ्गल सफारी जस्ता गतिविधिले नेपाललाई आत्मिक शान्ति खोज्ने र साहसिकतामा रमाउने एकल पर्यटकहरूको प्रमुख रोजाइमा रहेको

www.laxmiprasadjoshi.com.np

उल्लेख। एडभेन्चर्सका प्रमुख १० गन्तव्य १. इटाली २. जापान ३. नर्वे ४. स्पेन ५. अल्बानिया ६. पोर्चुगल ७. नेपाल ८. मोन्टेनेग्रो ९. जोर्डन १०. ग्रिस

-नेपाल पर्यटन बोर्डले प्रवर्धन गर्दै आएको उत्तरदायी पर्यटन, सहज पहुँच, स्थानीय गाइड प्रयोग र समुदाय–आधारित पर्यटन प्रवर्धनको नीतिले नेपाललाई एकल यात्रुहरूका लागि थप सुरक्षित, भरपर्दो र रमणीय गन्तव्य बनाएको।

५. विश्वकै गरिब राष्ट्रपतिको उपनामबाट परिचित उरुग्वेका पूर्वराष्ट्रपति जोसे अल्बर्टो 'पेपे' मुजिका कोर्डानोको निधन कहिले भएको हो ?

= सन् २०२५ मे १३ (८९ वर्षको उमेरमा)

६. साइटिस (ऋक्तभ्क्) को पूरा रूप के हो ?

= कन्भेन्सन अन इन्टरनेसनल ट्रेड इन इन्डेन्जर्ड स्पेसिज अफ वल्ड फौना एन्ड फ्लोरा

-दुलर्भ एवं सङ्कटग्रस्त वन्यजन्तु तथा वनस्पतिको संरक्षण गर्ने उद्देश्यले यो महासन्धि सन् १९७५ जुलाई १ देखि लागु भएको।

-नेपालले सन् १९७५ मा नै यस सन्धिमा हस्ताक्षर गरेको।

७. प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थल सुन्द्रावती सेतीदेवी कुण्ड कहाँ रहेको छ ?

= दोलखा

-सुन्द्रावती सेतीदेवी मन्दिर आसपास रहेको पहराको एउटै ढुङ्गामा सात वटा अद्भुत र आकर्षक कुण्ड रहेका।

-सुन्द्रावती सेतीदेवी कुण्डमा एकादशी, रामनवमी, फागु पूर्णिमा जस्ता पर्वमा ठुलो मेला लाग्ने गरेको।

८. राष्ट्रिय पर्यटन नीति, २०८२ कहिले स्वीकृत गरिएको हो ?

= विसं ् २०८२ असार १३

९. युवा तथा खेलकुद मन्त्रालयले राष्ट्रिय खेलकुद सम्मान–२०८२ बाट कस कसलाई सम्मानित गऱ्यो ?

= खेलाडीतर्फ पारातेक्वान्दो : भरतसिंह महता, तेक्वान्दो : प्रेमबहादुर लिम्बू, वीरबहादुर महरा, कबड्डी : अनुजा कुलुङ राई, मानमती बिष्ट, महिला फुटबलर : दीपा शाही,

= प्रशिक्षकतर्फ तेक्वान्दो : कविराज नेगी, बक्सिङ निर्णायक : धनकुमार मैनाली, चिकित्सक तर्फ : राजु डङ्गोल महर्जन,

-उपर्युक्त पुरस्कारहरूको राशि जनही एक लाख रुपियाँ रहेको,

-खेलकुद पत्रकार श्रीलोचन राजोपाध्यायलाई खेलकुद पत्रकारिता सम्मानसहित ५० हजार रुपियाँ प्रदान गरिएको,

-खेलकुद पत्रकार प्रोत्साहन पुरस्कार अन्तर्गत विभिन्न प्रदेशबाट थप ९ पत्रकारलाई जनही २५ हजार रुपियाँसहित सम्मान गरिएको।

१०. राष्ट्रिय खेलकुद नीति



www.laxmiprasadjoshi.com.np

-२०८२ कहिले स्वीकृत गरिएको हो ?

= विसं ः २०८२ असार ९

११. संयुक्त राष्ट्रसङ्घीय विकासका लागि वित्तसम्बन्धी चौथो अन्तर्राष्ट्रिय सम्मेलन कहिले र कहाँ सम्पन्न भएको हो ?

= सन् २०२५ जुन ३०–जुलाई ३, सेभिया (स्पेन)

-सम्मेलनमा नेपाललगायत संयुक्त राष्ट्रसङ्घका अधिकांश सदस्य राष्ट्रका राष्ट्र प्रमुख तथा सरकार प्रमुखहरूको सहभागिता रहेको ।

-सम्मेलनको पूर्ण सत्रमा अतिकम विकसित मुलुक समूहको अध्यक्षका हैसियतमा जुन ३० का दिन प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा सम्बोधन गरिएको ।

-पछिल्लो दशकमा अल्पविकसित राष्ट्रको ऋण तीन गुणा बढेको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले असमान व्यापारको वृद्धि र कमजोर लगानीका कारण विश्वव्यापी गरिबीको दर उस्तै रहेको बताउनुभएको ।

-विकसित देशमा प्रविधि र नवप्रवर्तन द्रुत गतिमा अगाडि बढिरहे पनि अल्पविकसित राष्ट्रले प्राविधिक र डिजिटल विभेदको सामना गरिरहेको पनि उहाँले बताउनुभएको ।

-प्रधानमन्त्री ओलीले सम्मेलनको पूर्वसन्ध्यामा सिभिल सोसाइटी फोरमद्वारा आयोजित अर्को समारोहको पूर्ण सत्रमा प्रमुख अतिथिको हैसियतमा सम्बोधन गर्नुभएको थियो ।

१२. धेरै गजुर भएको मन्दिर पाटनको कृष्ण मन्दिर हो भने गजुर नै नभएको मन्दिर कुन हो ?

= अशोक विनायक

१३. आन्तरिक राजस्व विभागले केन्द्रीय विजक प्रणालीको सुरुवात कहिलेदेखि गरेको हो ?

= विसं २०७४ मङ्सिर १

१४. नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ९ल्ब्क्त्० को स्थापना कहिले भएको हो ?

= विसं २०३९ मङ्सिर २०

१५. नेपाल र भारतबिच भएको सन् १९५० को सन्धिमा नेपालको तर्फबाट कसले हस्ताक्षर गरेका थिए ?

= मोहनशमशेर (भारतको तर्फबाट : चन्द्रेश्वर नारायण सिंह)

१६. हराएको वस्तु पाएबापत दिइने पुरस्कारलाई के भनिन्छ ?

= पलौनी

१७. नेपालको कुन हिमाललाई ‘म्याटरहर्न अफ हिमालयज/ उपनामले चिनिन्छ ?

= माछापुच्छ्रे

१८. ‘रातो र चन्द्र सूर्य..../ नामक गीतका सर्जक को हुन् ?

= गोपालप्रसाद रिमाल

१९. अण्डा पार्ने स्तनधारी जीव कुन हो ?

= प्लेटिपस



www.laxmiprasadjoshi.com.np

२०. सरकारद्वारा कर्जा असुली न्यायाधीकरण गठन गर्ने निर्णय कहिले गरिएको हो ?
= विसंः २०८२ असार १३
-सहकारी संस्थाको कर्जा असुलीसम्बन्धी मुद्दाको सुरु कारबाही र किनारा लगाउनका लागि सो न्यायाधीकरण गठन गरिएको ।
-सर्वोच्च अदालतका उपसचिव कृतिबहादुर बस्नेत अध्यक्ष र वसन्तराज पुरी (धनकुटा) तथा गोविन्द शर्मा गैह्रे (तनहुँ) सदस्य रहेको न्यायाधीकरण गठन गर्ने निर्णय भएको ।
२१. सरकारले राष्ट्रिय चलचित्र दिवस कहिले मनाउने निर्णय गरेको छ ?
-असोज १५ (विसं २०८२ असार १३ गतेको मन्त्रीपरिषद्को निर्णय)

www.laxmiprasadjoshi.com.np

**2082/3/32 गते । गोरखापत्र । ज्ञान सागर । वस्तुगत प्रश्नोत्तर ।**

१. १७ औँ ब्रिक्स शिखर सम्मेलन कहिले र कहाँ सम्पन्न भएको हो ? .

= सन् २०२५ जुलाई ५–६, रियो दी जेनेरियो, ब्राजिल

-वैश्विक मञ्चमा आर्थिक रूपमा उदाउँदै गरेका विकासशील देशहरूको समूह ब्रिक्सको १७ औँ शिखर सम्मेलन ब्राजिलको रियो दि जनेरियोमा सम्पन्न भएको ।

-सम्मेलनले एकतर्फी ढङ्गले भन्सार बढाउने र आयातमा रोक लगाउने अमेरिकी कदमको आलोचनासहितको घोषणापत्र जारी गरेको ।

-इरानमाथिको सैन्य हमला 'अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन/ भएको सम्मेलनको निष्कर्ष रहेको ।

-त्यस्तै, इजरायलद्वारा गाजामा भइरहेको आक्रमणको पनि ब्रिक्सले निन्दा गरेको ।

-सम्मेलनमा ब्रिक्सका संस्थापक तथा शक्तिशाली देश रुस र चिनका राष्ट्रपति अनुपस्थित रहेका ।

२. सन् २०२५ जुलाइमा मलेसियामा सम्पन्न एसिसी मेन्स यु–१६ इस्ट जोन कप क्रिकेट प्रतियोगिताको उपाधि कसले जित्यो ?

= नेपाल (उपविजेता : सिङ्गापुर)

-सर्वोत्कृष्ट खेलाडी : रौनक श्रीवास्तव (नेपाल)

-सर्वोत्कृष्ट बलर : विपिन शर्मा (कप्तान, नेपाल)

-सहभागी टोली : १० (नेपाल, भुटान, माल्दिभ्स, म्यानमार, थाइल्यान्ड, हङकङ, सिङ्गापुर, मलेसिया, इन्डोनेसिया र जापान)

-नेपाल लगातार चौथो पटक च्याम्पियन बनेको । यसअघि नेपालले सन् २०१७, २०१९ र २०२३ मा उपाधि जितेको थियो ।

३. गण्डकी प्रदेश सभाले मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषाका रूपमा प्रयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक कहिले पारित गरेको हो ?

= विसं २०८२ असार २४

-प्रदेश प्रमुख डिल्लीराज भट्टद्वारा प्रमाणीकरण भएपछि विधेयकले कानुनको रूप लिने छ ।

-यो सँगै गण्डकी प्रदेशमा सरकारी कामकाजी भाषाको रूपमा अब नेपाली, मगर र गुरुङ भाषा गरी ३ भाषा कायम हुने ।

-गण्डकी प्रदेशमा कुल जनसङ्ख्याको १९.७९ प्रतिशत मगर र ११.३१ प्रतिशत गुरुङ जाति रहेका ।

४. त्रिभुवन विश्वविद्यालयको २१ औँ उपकुलपतिमा को नियुक्त हुनुभएको छ ?

= प्राडा दीपक अर्याल (विसं २०८२ असार २५)

-अर्याल जल तथा मौसम विज्ञान केन्द्रीय विभागका पूर्वप्रमुख हुनुहुन्छ ।

-२०५२ सालमा त्रिवि प्रवेश गरेका अर्याल चर्चित हास्य व्यङ्ग्यकार एवं साहित्यकार स्व. भैरव अर्यालका जेठा छोरा हुनुहुन्छ ।



www.laxmiprasadjoshi.com.np

५. सरकारले जटिल रोगका बिरामीले दुई लाख रुपियाँसम्मको स्वास्थ्य बिमा सुविधा पाउने व्यवस्था कहिलेदेखि लागु गर्ने निर्णय गरेको छ ?

= विसं २०८२ साउन १ गते

-मुटु, मिर्गौला, हेड इन्जुरी, स्पाइनल इन्जुरी, सिकलसेल एनिमिया, पार्किन्सन र अल्जाइमरका बिरामीले यो सुविधा पाउने।

-हालसम्म सरकारले जटिल रोगका बिरामीलाई एक लाख रूपियाँसम्मको बिमा सुविधा उपलब्ध गराउँदै आएको।

६. हुम्ला सदरमुकाम सिमकोट राष्ट्रिय सडक सञ्जालमा कहिले जोडिएको हो ?

= विसं २०८२ असार २२

-कर्णाली करिडोरको चुवाखोलामा निर्मित बेलिब्रिज विसं २०८२ असार २२ मा प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा उद्घाटन भएसँगै हुम्ला सदरमुकाम राष्ट्रिय सडक सञ्जालमा जोडिएको।

-हुम्ला जिल्ला भने २०७७ मङ्सिरमै राष्ट्रिय सडक सञ्जालमा जोडिएको थियो। यद्यपि, सदरमुकाम भने राष्ट्रिय सडक सञ्जालमा जोडिन बाँकी थियो।

-कर्णाली करिडोर दक्षिणमा छिमेकी मुलुक भारतको सीमा रूपैडियादेखि उत्तर छिमेकी मुलुक चीनको सीमाना हिल्सासम्म गएर टुङ्गिन्छ। अब, भारतीय सहर रूपैडिहाबाट चीन सीमास्थित हिल्सासम्म एउटै गाडीमा जान सकिने भएको छ।

७. सन् २०२५ जुलाईमा श्रीलङ्काको कोलम्बोमा सम्पन्न नवौँ दक्षिण एसियाली कराँते च्याम्पियनसिपमा नेपालले कुन स्थान हासिल गऱ्यो ?

= द्वितीय (प्रथम : भारत)

-प्रतियोगितामा नेपाल २१ स्वर्ण, ९ रजत र ६ कास्यका साथ दोस्रो स्थान हासिल गर्न सफल भएको।

-भारतले २३ स्वर्ण, २४ रजत र २ कास्य पदक हात परोको।

-६ राष्ट्र सहभागी प्रतियोगितामा तेस्रो देखि छैटौँसम्म क्रमशः श्रीलङ्का, बङ्गलादेश, पाकिस्तान र भुटान रहेका।

८. ठुलो जनधनको क्षति हुने गरी भोटेकोशीमा ठुलो बाढी कहिले आएको हो ?

= विसं २०८२ असार २४

-बाढीका कारण १० भन्दा बढीको निधन र १९ भन्दा बढी बेपत्ता तथा थुप्रै घाइते भएका।

-बाढीले रसुवा भन्सार कार्यालय टिमुरेको यार्ड /सुक्खा बन्दरगाहमा भन्सार जाँच पासका लागि राखिएका ६४ सवार ाीसाधन बगाएको।

-बाढीले नेपाल–चिन जोड्ने मितेरी पुल बगाएको।

-बाढीले ड्याममा क्षति पुऱ्याउँदा १११ मेगावाटको रसुवागढी जलविद्युत् र बाढीको लेदो पस्दा २० मेगावाटको चिलिमे जलविद्युत् आयोजना प्रभावित बनेका।

-स्याफ्रुवेसीदेखि रसुवागढी नाकासम्मको सडक १४ किलोमिटर क्षेत्रमा थुप्रै ठाउँमा क्षति पुगेको ।

९. राष्ट्र बैङ्कका गभर्नर डा. विश्वनाथ पौडेलद्वारा आव २०८२ /८३ को मौद्रिक नीति कहिले सार्वजनिक गरियो ?

= विसं २०८२ असार २७

-मौद्रिक नीतिका प्रमुख प्रावधान

-नीतिगत दर ५ बाट ४.५ प्रतिशत कायम ।

-स्थायी तरलता दर ६.५ बाट ६ र निक्षेप सुविधा दर ३ बाट २.७५ प्रतिशत कायम ।

-मुद्रा प्रदाय र कर्जाको वृद्धिदर क्रमशः १३ प्रतिशत र १२ प्रतिशत हुने प्रक्षेपण ।

-निजी आवासीय घर निर्माण र खरिद गर्न प्रवाह गरिने कर्जाको सीमा तीन करोड कायम गरिएको ।

-पहिलो घर निर्माण र खरिद गर्दा कर्जा प्रवाहका लागि कर्जा मूल्य अनुपात बढीमा ८० प्रतिशतसम्म कायम गरिएको ।

-मार्जिन कर्जाको एकल ग्राहक कर्जा सीमा रु. १५ करोडबाट बढाई रु. २५ करोड कायम ।

-लघुवित्तले १५ प्रतिशतसम्म लाभांश दिन पाउने व्यवस्था पुनरवलोकन हुने ।

-विदेश भ्रमण जानेले लैजान पाउने डलर २५ सयबाट तीन हजार बनाइएको ।

-कर्जा निक्षेप अनुपातको विकल्पको रूपमा लिक्वीडिटी कभरेज रेसियो र नेट स्टेबल फन्डिङ रेसियो पहिचान गरिएको ।

-'नियो बैङ्क/ स्थापनाका लागि कानुनी व्यवस्था गरिने घोषणा ।

-बैङ्क तथा वित्तीय संस्थाले कृषि फसल, कृषियोग्य जमिन र कृषि व्यवसाय संरचनाको धितो आफैँले मूल्याङ्कन गरी रु. १० लाखसम्म कृषि वा व्यावसायिक कर्जा प्रवाह गर्न सक्ने ।

-वाणिज्य बैङ्कहरूको सम्पत्तिको गुणस्तरमा सुधार गर्न सम्पत्ति गुणस्तरको मूल्याङ्कन गरिने ।

-ऋणीसँग नेपाल राष्ट्र बैङ्क कार्यक्रम सञ्चालन गरिने ।

१०. बिमा प्राधिकरणले सरकारी स्कुलका विद्यार्थीलाई बिमाको दायरामा ल्याउने गरी आर्थिक वर्ष २०८२ /८३ को बिमा नीति तथा कार्यक्रम कहिले सार्वजनिक गरेको हो ?

= विसं २०८२ असार २४

-प्रचलित कानुन, राष्ट्रिय बिमा नीति, नियमावली, प्राधिकरणको पञ्चवर्षीय रणनीतिक योजना, विगतका कार्यक्रम तथा अन्तर्राष्ट्रिय असल अभ्यासलाई आधार बनाई वार्षिक नीति बनाइएको प्राधिकरणले जनाएको ।

-वार्षिक नीतिले बिमा क्षेत्रलाई डोऱ्याउन र स्वनियमनमा राख्न मद्दत मिल्ने विश्वास लिइएको । बिमा नीति तथा कार्यक्रमका प्रमुख प्रावधान

-डिजिटल भुक्तानी तथा वैकल्पिक वितरण प्रणाली प्रवर्धन ।

-बिमा कम्पनीमा पारदर्शिता ड्यासबोर्ड प्रणाली लागु गर्ने ।

-बिमित हकहित संरक्षण कानुन ।
-प्रदेश, स्थानीय तह, निजी क्षेत्रसँग सहकार्य ।
-गुनासो तथा उजुरी प्र क्रिया डिजिटल प्रणालीमा ।
-बिमकहरूद्वारा कम्तीमा एउटा नवीनतम बिमालेख निर्माण गर्ने ।
-बिमा सूचनाकेन्द्र तथा बिमा विकास कोष स्थापना ।
-सरकारी विद्यालयका विद्यार्थीको ि बिमा ।
-लक्षित समूह तथा वर्गको पाइलट बिमा ।
११. क्रेडिट क्रन्च भन्नाले के बुझिन्छ ?
= वित्तीय प्रणालीमा लगानीयोग्य पुँजीको अभाव
१२. सरकारले राष्ट्रिय कोदो दिवस कुन दिन मनाउने निर्णय गरेको छ ?
= साउन १६ गते
-विसं २०८२ असार २३ को मन्त्रीपरिषद् बैठकद्वारा यससम्बन्धी निर्णय गरिएको ।
१३. काठमाडौँ महानगरपालिकाले जलवायु सङ्कट र फोहोर व्यवस्थापनको दीर्घकालीन समाधानका लागि कुन अभियान सञ्चालन गर्ने घोषणा गरेको छ ?
= जिरो वेस्ट सिटी
-विसं २०८२ असार २९ को नगर सभामा नीति तथा कार्यक्रम सार्वजनिक गर्दै मेयर बालेन्द्र शाहले फोहोरबाट ऊर्जा उत्पादन (वेस्ट टु इनर्जी), सामुदायिक पुनः प्रयोग केन्द्र र सहरी वनको अवधारणा कार्यान्वयन गरिने बताउनुभएको ।
१४. हेमबहादुर मल्ल सम्मान, २०८२ कसलाई प्रदान गरियो ?
= पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठ
-हेमबहादुर मल्ल सम्मान २०५७ सालमा स्थापना गरिएको ।
-सार्वजनिक वितरण, सेवा र व्यवस्थापन क्षेत्रमा स्वर्गीय हेमबहादुर मल्लको योगदानको कदर गर्दै साल्ट ट्रेडिङ कर्पोरेसनको सौजन्यमा उक्त सम्मान स्थापना गरिएको ।
-ख्यातिप्राप्त प्रशासक एवं व्यवस्थापक स्वर्गीय मल्लले साल्ट टे«डिङ कर्पोरेसनको नेतृत्व तहमा रही सार्वजनिक वितरण, सेवा र व्यवस्थापनमा प्रेरणादायी योगदान गर्नुभएको थियो । साल्ट ट्रेडिङका संस्थापक प्रमुख, कार्यकारी प्रमुख, प्रमुख सल्लाहकार र अध्यक्षसमेत भएर सेवा गरेका मल्लको जन्म निसीभुजी (बागलुङ) मा भएको थियो ।
१५. नागरिकको स्वास्थ्य उपचारका लागि सहयोग पुऱ्याउने उद्देश्यका साथ एक अर्ब रुपियाँको नागरिक स्वास्थ्य उपचार कोष स्थापना गर्ने स्थानीय तह कुन हो ?
= जैमिनी नगरपालिका, बागलुङ (तीन वर्षअघि जैमिनी नागरिक स्वास्थ्य उपचार कोष घोषणा गरेर अभियान थालनी भएको ।)

१६. सरकारले कुन अवधिदेखि नियुक्त हुने सरकारी कर्मचारीलाई पेन्सन तथा उपदानको सट्टा योगदानमा आधारित सामाजिक सुरक्षा प्रणाली लागु गर्ने भएको छ ?

= आव २०८२ /८३ १७. बङ्गलादेशकी पूर्वप्रधानमन्त्री शेख हसिना वाजेदलाई छ महिनाको जेल सजाय कहिले सुनाइएको हो ?

= सन् २०२५ जुलाई २

-बङ्गलादेशको अन्तर्राष्ट्रिय अपराध न्यायाधीकरण (आइसिटी) ले पूर्वप्रधानमन्त्री शेख हसिनालाई अदालतको अवहेलनाको मुद्दामा छ महिनाको जेल सजाय सुनाएको ।

-गत वर्ष जुलाईमा बङ्गलादेशमा तत्कालीन सरकारविरुद्ध भएका प्रदर्शनपछि हसिनाले सत्ताबाट हट्नु परेको थियो ।

-यो सजाय उहाँले आत्मसमर्पण गर्ने वा प्रहरीले पक्राउ गर्ने दिनदेखि लागु हुने जनाइएको ।

१८. सबै जिल्लामा स्वास्थ्य बिमा लागु गर्ने पहिलो प्रदेश कुन हो ?

= सुदूरपश्चिम प्रदेश

www.laxmiprasadjoshi.com.np

**2082/4/7 गते । गोरखापत्र । ज्ञान सागर । वस्तुगत प्रश्नोत्तर ।**

१. नेसनल म्युजिक अवार्डस् (एनएमए) २०८१ मा लाइफ टाइम अचिभमेन्ट अवार्डबाट सम्मानित कलाकार को हुन् ?

= सङ्गीतकार शम्भुजित बाँस्कोटा

-रेडियो कान्तिपुरद्वारा २०८२ असार २८ गते गोदावरी सनराइज कन्भेन्सन सेन्टरमा आयोजित एनएमएमा सङ्गीतकार बास्कोटालाई 'सङ्गीत सम्राट/ को उपनाम दिँदै नगद एक लाख रुपियाँसहित सम्मान गरिएको ।

-एनएमएमा विभिन्न १५ विधामा अवार्ड प्रदान गरिएको । कुन अवार्ड कसलाई उत्कृष्ट ब्यान्ड : कुमः सागर एन्ड ख्वप (ए माइ रे...) उत्कृष्ट लोकदोहोरी गायिका : शान्तिश्री परियार (तिमी र म जाम माया...) उत्कृष्ट लोकदोहोरी गायक : प्रकाश दुतराज (करिम...) उत्कृष्ट गीतकार : भूषण खरेल (जान्छौ भने...) उत्कृष्ट आधुनिक गायिका : टीका प्रसाईं (ए जिन्दगी...) उत्कृष्ट आधुनिक गायक : शिव परियार (चुपचाप...) उत्कृष्ट पाश्र्व गायिका : समीक्षा अधिकारी (बुझिनँ मैले...) उत्कृष्ट पाश्र्व गायक : एसडी योगी (रुकुम मैकोट...) उत्कृष्ट सङ्गीतकार : सञ्जीव बराइली (चुपचाप...) उत्कृष्ट पप गायिका : त्रिशला गुरुङ (विच भाइब्स्...) उत्कृष्ट पप गायक : सुशान्त केसी (बार्दली...) हिपहप एन्ड आर एन्ड बी : ब्रिजेश श्रेष्ठ (मुटुमै बसेछ...) पिपुल च्वाइस अवार्ड : सुशान्त केसी /इन्द्रकला राई (बार्दली...) उत्कृष्ट डेब्यु सिङ्गर : आरसी रिमाल (जे हुनु थियो भैसक्यो...) रेडबुल इनर्जेटिक पर्फमेन्स : दुर्गेश थापा

२. दोलखा जिल्लालाई पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा कहिले गरिएको हो ?

= विसं २०८२ असार २६

३. ग्लोबल फाइनान्स म्यागजिनको बेस्ट बैङ्क अवार्ड–२०२५ बाट सम्मानित हुन सफल नेपाली बैङ्क कुन हो ?

= ग्लोबल आइएमई बैङ्क लि.

-यो अवार्डसँगै ग्लोबल आइएमई बैङ्क लगातार दुई वर्ष ग्लोबल फाइनान्स म्यागजिनको बेस्ट बैङ्क अवार्डबाट सम्मानित भएको ।

४. 'ढुकुर जोडी/ घोषणा गर्दै हरेक वडाबाट एक–एक उत्कृष्ट दम्पतीलाई सम्मान गर्ने स्थानीय तह कुन हो ?

= सुन्दरहरैँचा नगरपालिका (मोरङ), २०८२ असार

-पतीपत्नीबिचको आपसी समझदारी, संयम र पारिवारिक मर्यादालाई मूल्याङ्कन गर्दै नगरपालिकाले पहिलो पटक यस्तो कार्यक्रम गरेको ।

-४८ दम्पतीले आवेदन दिएकामा नगरपालिकाको मापदण्ड अनुसार १२ वडाबाट एक /एक दम्पती छनोट गरिएको ।



www.laxmiprasadjoshi.com.np

-विवाह, परिवार र सामाजिक सहिष्णुताको सकारात्मक अनुकरणीय अभ्यासलाई प्रवर्धन गर्न यस खालको कार्यक्रमलाई सामाजिक परिवर्तनतर्फको प्रयासका रूपमा लिइएको पालिकाले जनाएको ।

५. आव २०८१ /८२ को बजेटमा सबैभन्दा बढी खर्च गर्ने प्रदेश कुन हो ?

= कोशी प्रदेश (७७.२६ प्रतिशत)

-सबैभन्दा कम खर्च गर्ने प्रदेश : कर्णाली (६४.७२ प्रतिशत)

-सात प्रदेशको खर्च (औसत) : ७३ प्रतिशत

६. वीरगन्जस्थित नेपालको पहिलो सुक्खा बन्दरगाह र एकीकृत भन्सार जाँच चौकी (आइसिपी) कार्यालयको एकीकृत सेवाको सुरुवात कहिलेबाट भएको हो ?

= विसं २०८२ साउन १

७. २०८१ सालको मदन पुरस्कारका लागि छनोटमा परेका पुस्तक कुन–कुन हुन् ?

= उरमाल : छुदेन काविमो छालबाटो : रमेश भुसाल दज्र्यु संलाप : कुमारी लामा पञ्चतत्वको पालाम् : मनप्रसाद सुब्बा बहुरूपी : श्रेयज सुवेदी भिक्षु व्यापार र विद्रोह : सुधीर शर्मा हिउँको गीत : तीर्थ गुरुङ

८. नेपालमा श्रमिकको न्यूनतम पारिश्रमिक मासिक कति निर्धारण गरिएको छ ?

= रु. १९,५५०।

-(सहमति कायम : विसं २०८२ साउन १)

-आगामी दुई वर्षका लागि न्यूनतम पारिश्रमिक निर्धारण भएको । चिया बगानबाहेकका श्रमिकको आधारभूत पारिश्रमिक १२ हजार १७० र महँगी भत्ता सात हजार तीन सय ८० गरी कुल १९,५५० रुपियाँ कायम गर्ने सहमति बनेको ।

-दैनिक ४७० रुपियाँ पारिश्रमिक र २८४ रुपियाँ महँगी भत्ता गरी ७५४ र प्रतिघण्टा आधारभूत ६३ रुपियाँ एवं महँगी भत्ता ३८ गरी १०१ रुपियाँ तोकिएको ।

-श्रम ऐन, २०७४ अनुसार प्रत्येक दुई वर्षमा श्रमिकको न्यूनतम पारिश्रमिक निर्धारण गर्नुपर्ने प्रावधान रहेको ।

-यसअघि श्रमिकले न्यूनतम १७ हजार ३०० रुपियाँ पारिश्रमिक पाउँदै आएका थिए ।

-न्यूनतम ज्यालाको निर्धारण यसपालि पहिलो पटक त्रिपक्षीय (सरकार, रोजगारदाता र श्रमिक सङ्गठन) सहमतिका आधारमा गरिएको ।

९. ग्लोबल आइएमई बैङ्कले लगातार दोस्रो वर्ष ग्लोबल फाइनान्सबाट बेस्ट बैङ्क अवार्ड कहिले प्राप्त गर्‍यो ?

= सन् २०२५ जुलाई ११

१०. लिच्छवि कालमा नगर एवं व्यापारिक केन्द्रको रूपमा विकास भएको बस्तीलाई के भनिन्थ्यो ?

= द्रंग

www.laxmiprasadjoshi.com.np

११. एक मुख दस रुख अभियान सञ्चालन गर्ने स्थानीय तह कुन हो ?

= छायानाथ रारा नगरपालिका (मुगु)

-नगरपालिकाभित्र पहिरो प्रभावित क्षेत्रको रोकथाम तथा हरित नगर बनाउने उद्देश्यका साथ छायानाथ रारा नगरपालिकाले यो अभियान सञ्चालन गरेको ।

-वृक्षारोपण अभियान शुभारम्भ भएसँगै अब प्रत्येक नागरिकले अनिवार्य आफ्नो गाउँटोल तथा सार्वजनिक स्थलमा १० ओटा रुख लगाउनुपर्ने । १२. सिन्धुलीगढी युद्ध सङ्ग्रहालयको उद्घाटन कहिले गरियो ?

= विसं २०७८ साउन १३

-नेपाल अङ्ग्रेजको युद्धमा नेपालीले १८२४ सालमा विजय प्राप्त गरेको ऐतिहासिक सिन्धुलीगढीमा सङ्ग्रहालयको निर्माण गरिएको ।

-सिन्धुलीगढी युद्ध सङ्ग्रहालयको निर्माण ऐतिहासिक सम्पदाहरूको संरक्षणका साथै सिन्धुली जिल्लालाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्नसमेत मद्दत पुग्ने जनाइएको ।

१३. विश्व आर्थिक मञ्चद्वारा ग्लोबल सेन्टर फर साइबर सेक्युरिटीको स्थापना कहिले गरिएको हो ?

= सन् २०१८ जनवरी २६

-साइबर अपराधसम्बन्धी गतिविधिलाई निरुत्साहित गर्दै सुरक्षित साइबर स्पेस उपलब्ध गराउने उद्देश्यका साथ सो संस्था स्थापना गरिएको ।

-यो संस्थाको मुख्यालय स्विट्जरल्यान्डको जेनेभामा रहेको ।

१४. औद्योगिक व्यवसाय ऐन, २०७६ अनुसार 'बौद्धिक सम्पत्ति/ भन्नाले के बुझिन्छ ?

= पेटेन्ट, डिजाइन, ट्रेडमार्क, भौगोलिक सङ्केत चिह्न, व्यापारिक गोपनीयतालगायतका बौद्धिक सम्पत्तिका साथै प्रचलित कानुनले प्रतिलिपि अधिकारको रूपमा परिभाषित गरेको विषय ।

१५. नेपालमा सर्वप्रथम प्रतिनिधि सभाको बैठक कहिले बसेको थियो ?

= विसं २०१६ असार १ गते

१६. नेपालका चार धाम भन्नाले कुन कुन धार्मिक क्षेत्रलाई बुझाउँछ ?

= वराह क्षेत्र, मुक्ति क्षेत्र, रुरु क्षेत्र र हरिहर क्षेत्र

१७. 'सुस्वास्थ्य उत्कृष्ट उपहार हो भने सन्तुष्टि उत्कृष्ट सम्पत्ति हो/ भन्ने विचारक को हुन् ?

= गौतम बुद्ध

१८. राष्ट्रिय अपराध सूचना केन्द्रको उद्देश्य के रहेको छ ?

= देशभरका सम्पूर्ण अपराधको एकीकृत तथ्याङ्क राख्न

१९. युरोप महादेशको सबैभन्दा लामो पर्वत शृङ्खला कुन हो ?

= आल्पस पर्वत

२०. ओजोन तह संरक्षणसम्बन्धी पहिलो अन्तर्राष्ट्रिय सम्मेलन कहिले र कहाँ आयोजना गरियो ?

= सन् १९८७, क्यानडाको मन्ट्रियल



www.laxmiprasadjoshi.com.np

२१. काठमाडौँलाई आधुनिक नेपालको राजधानीका रूपमा कहिले घोषणा गरिएको हो ?
= विसं १८२६ चैत १०
२२. नेपाल एकीकरण अभियानताका त्रिशक्ति भनी कुन–कुन राज्यलाई चिनिन्थ्यो ?
= पाल्पा, लमजुङ र तनहुँ
२३. भिक्टोरिया फल्स कुन कुन देशको सीमामा पर्छ ?
= जिम्बाबे र जाम्बिया
२४. ‘शिक्षण कला भनेको खोजी कार्यको सहयोगी कला हो/ भन्ने विद्वान् को हुन् ?
= मार्क भान डोरेन, अमेरिकी कवि
२५. प्रसिद्ध दुधेश्वरनाथ मन्दिर कहाँ रहेको छ ?
= पर्सा
-पर्सा जिल्लाको सदरमुकाम वीरगन्जबाट करिब ३२ किमी उत्तरमा अवस्थित यसलाई तराई मधेशमा ‘भाठा धाम/ पनि भनिने ।
-वर्षको तीन पटक (वैशाख, साउन र माघमा) मेला लाग्ने यस ठाउँमा नेपाल, भारतलगायतका स्थानबाट हजारौँ आन्तरिक एवं बाह्य पर्यटकको आगमन हुने ।
२६. सूचनाको हक अभ्यास गर्ने विश्वको पहिलो राष्ट्र कुन हो ?
= स्विडेन
-स्विडेनले सन् १७६६ मा सूचना पहुँचका लागि संविधानमै व्यवस्था गरेको ।
-संयुक्त राष्ट्रसङ्घले स्थापनाको दोस्रो वर्षमै सन् १९४६ मा पारित गरेको प्रस्ताव ५९(१) मा सूचनाको हकसम्बन्धी व्यवस्था रहेको ।
-संयुक्त राज्य अमेरिकाले सन् १९६६ मा सूचनाको हकको कानुन बनाई लागु गरेको ।
-सूचनाको अधिकारमा युरोपेली सङ्घले सन् १९८० को दशकमा सदस्य राष्ट्रहरूलाई तिनीहरूका सार्वजनिक संस्थाहरूलाई निर्देश गरेको । २७. रोबोट शब्द प्रयोग गर्ने पहिलो व्यक्ति को हुन् ?
-कारेल क्यापेक (चेक नागरिक, सन् १९२१)
-रोबोट शब्दको उत्पत्ति रोबोटा (चेक वर्ड) बाट भएको । जसको अर्थ फोर्स्ड लेबर भन्ने हुने ।
-रोबोटको पूरा रूप र्‍यान्डम अप्टिकल बाइनरी अस्किलेटिङ टेक्नोलोजी रहेको ।
-पहिलो ह्युमोनोइड रोबोट एरिक (युके, सन् १९२८) रहेको ।
-फादर अफ रोबोटिक्स भनी एन्जेल बर्गेजलाई चिनिने ।
-नागरिकता प्राप्त गर्ने पहिलो रोबोट सोफिया (साउदी अरब, सन् २०१८ अक्टोवर २५) रहेको ।
-सोफिया रोबोटको डिजाइन ह्यान्सन रोबोटिक्सले गरेका ।


www.laxmiprasadjoshi.com.np

**2082/7/14 गते । गोरखापत्र । ज्ञान सागर । वस्तुगत प्रश्नोत्तर ।**

१. राष्ट्रिय चलचित्र अवार्ड २०८२ मा उत्कृष्ट चलचित्र घोषित हुन सफल चलचित्र कुन हो ?
= शाम्बाला
२. पर्यटन नीति–२०८२ कहिले सार्वजनिक गरिएको हो ?
= विसं २०८२ साउन १२ नीतिका विशेषता
-गुणस्तरीय र सुरक्षित पर्यटन पूर्वाधार तथा सेवाको विकास गर्ने ।
-दिगो र उत्थानशील पर्यटन विकास गर्ने ।
-पर्यटन क्षेत्रमा शासकीय दक्षता सुधार गर्ने ।
-डिजिटल प्रविधि र एआई प्रयोग गरी प्रचारप्रसार गर्ने ।
-दिगो र वातावरणमैत्री पर्यटन पूर्वाधारमा जोड दिने ।
-'टुरिजम स्याटेलाइट एकाउन्ट/ लागु गर्ने ।
-पाठ्यक्रममा पर्यटन समावेश गर्ने ।
३. हाल (आव २०८१ /८२ को अन्त्यसम्म) नेपालको सार्वजनिक ऋण कति पुगेको छ ?
= रु. २६ खर्ब ६९ अर्ब ५७ करोड
-सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार सार्वजनिक ऋण कुल गार्हस्थ उत्पादनको ४३.७१ प्रतिशत पुगेको ।
-सार्वजनिक ऋणमध्ये वैदेशिक ऋणको हिस्सा ५२.४९ प्रतिशत र आन्तरिक ऋणको हिस्सा ४७.५१ प्रतिशत रहेको ।
४. नेपालमा हाल चरा प्रजातिको सङ्ख्या कति रहेको छ ?
= ९०१
-विसं २०८२ साउनमा साइबेरियाली राजपुत्रिका (साइबेरियन स्यान्ड प्लोभर) नामक चरा फेला परेसँगै चरा प्रजातिको सङ्ख्या ९०१ पुगेको ।
-यो चरा रुसको साइबेरिया क्षेत्रमा आवासीय रूपमा पाइन्छ ।
५. बङ्गलादेशको ढाका नजिकै एक विद्यालय परिसरमा वायु सेनाको विमान कहिले दुर्घटनाग्रस्त भएको हो ?
= सन् २०२५ जुलाई २१ मा
-वायु सेनाको एफ–७ विमान विद्यालय परिसरमा दुर्घटनाग्रस्त भएको ।
-विमान माइलस्टोन स्कुल तथा कलेजको परिसरमा खस्न पुगेको थियो ।
-उक्त विमान दुर्घटनामा १९ जनाको ज्यान जानुको साथै १६४ जना घाइते भएका । ज्यान गुमाउनेमा अधिकांश विद्यार्थी रहेका ।
-दुर्घटनापछि बङ्गलादेश सरकारले राष्ट्रिय शोक घोषणा गरेको ।



www.laxmiprasadjoshi.com.np

६. 'मिडिया लिडर अफ द इयर अवार्ड,/ २०२५ बाट सम्मानित हुने व्यक्तित्व को हुन् ?
= मनोज बस्नेत (अन्नपूर्ण मिडिया नेटवर्कका महाप्रबन्धक)
-अमेरिकाको प्रतिष्ठित कम्पनी 'बाइस्ट्रिम्स्/ एलएलसीले बस्नेतलाई सो अवार्डबाट सम्मानित गरेको ।
-'बाइस्ट्रिम्स्/ ले हरेक वर्ष संसारभरका मिडियाका प्रभावशाली व्यक्तित्वलाई उक्त अवार्ड प्रदान गर्ने गरेको ।
७. सन् २०२५ जुलाईमा प्रकाशित रिपोर्ट अनुसार हाल विश्वको सर्वाधिक धनी कम्पनी कुन रहेको छ ?
= एनभिडिया कर्प
-एनभिडिया कर्प विश्वमै पहिलो पटक ४० खर्ब डलर बजार पुँजीकरण भएको कम्पनी बनेको ।
-एनभिडिया एक अमेरिकी बहुराष्ट्रिय प्रविधि कम्पनी हो ।
-यो कम्पनीले ग्राफिक्स प्रोसेसिङ युनिट र कृत्रिम बौद्धिकता (एआई) प्रविधिको विकास गर्छ ।
-एप्पल र माइक्रोसफ्ट जस्ता ठुला टेक कम्पनीलाई समेत पछाडि पार्दै एनभिडियाले यो उपलब्धि प्राप्त गरेको ।
-एनभिडिया सन् १९९३ मा क्यालिफोर्नियामा स्थापना भएको थियो ।
८. प्रसिद्ध समाजसेवी तुलसी मेहरद्वारा जनचेतना जगाउने उद्देश्यका साथ सञ्चालन गरिएको चर्खा प्रचार नामक अभियानमा रोक लगाउने राणा प्रधानमन्त्री को हुन् ?
= भीमशमशेर
९. पशुपतिनाथमा सन्ध्याकालीन आरतीको थालनी कहिलेदेखि गरिएको हो ?
= विसं २०६४
१०. नेपाली भाषाका प्रथम कवि कसलाई मानिन्छ ?
= सुवानन्द दास
११. सिमबायोटिक लिङ्क भन्नाले भूराजनीतिक रूपमा कुन क्षेत्रलाई वुझिन्छ ?
= इन्डो–प्यासिफिक क्षेत्र
१२. नेपालका प्रथम ग्र्याजुयट सिभिल इन्जिनियर को हुन् ?
= डिल्लीजङ्ग थापा
-हेटौँडा–काठमाडौँ रोप वे, विसं १९९० को भूकम्पमा भत्केको धरहरा र घण्टाघरको पुनर्निर्माण, डिल्लीबजार चारखाल अड्डा, जनकपुर–जयनगर रेलवे, भूकम्पमा भत्केको शीतल निवासको पुनर्निर्माणलगायतका भवन /मार्ग आदिको निर्माण डिजाइनमा यिनको भूमिका रहेको । यिनकै नामबाट काठमाडौँस्थित डिल्लीबजारको नामकरण गरिएको ।
१३. नेपालको स्विट्जरल्यान्ड भनी चिनिने ठाउँ कुन हो ?
= जिरी, दोलखा
१४. मधेश प्रदेश सरकारले नागरिक घरधुरी बिमा कहिलेदेखि सुरु गरेको हो ?


www.laxmiprasadjoshi.com.np

= विसं २०८२ साउन १

-आमनागरिक र सीमान्तकृत वर्गलाई प्राकृतिक विपत्, दुर्घटना तथा आकस्मिक मृत्यु जस्ता घटनाबाट सुरक्षा प्रदान गर्ने उद्देश्यले यो कार्यक्रम लागु गरिएको ।

-धरधुरी बिमा अन्तर्गत आगलागी, चट्याङ, बाढी, पहिरो, आँधीहुरी र अन्य आपत्कालीन घटनामा हुने क्षतिको क्षतिपूर्ति दिइने । नागरिक बिमा १० लाखसम्म र घरधुरी बिमा पाँच लाख रुपियाँसम्मको गरिएको ।

-नागरिक बिमा अन्तर्गत आकस्मिक मृत्यु, शारीरिक अपाङ्गता, दुर्घटनाजन्य घाइतेसम्म समेटिएको ।

-बिमा दाबीका लागि साक्षीसहितको निवेदन, प्रहरी प्रतिवेदन वा अस्पतालको रिपोर्ट, स्थानीय पालिकाको सिफारिस र प्रदेशको नागरिक भएको प्रमाण आवश्यक पर्ने ।

१५. युइएफए वुमन्स् युरो २०२५ को उपाधि कसले जित्यो ?

= इङ्ग्ल्यान्ड (उपविजेता : स्पेन)

-सन् २०२५ जुलाइमा सम्पन्न प्रतियोगितामा स्पेनलाई टाइब्रेकरमा ३–१ ले हराउँदै इङ्ग्ल्यान्डले लगातार दोस्रो पटक उपाधि हात पारेको ।

-निर्धारित १० मिनेट र अतिरिक्त समयमा दुवै पक्षबाट १–१ को बराबरी नतिजापश्चात खेल टाइब्रेकरमा पुगेको थियो ।

१६. नेपालको वर्तमान संविधान अनुसार राज्यको कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकासम्बन्धी अधिकार एवं अवशिष्ट अधिकार समेतलाई के भनिन्छ ?

= राज्यशक्ति

१७. प्रसिद्ध भाजु पोखरी कहाँ रहेको छ ?

= भक्तपुर (१२ औँ शताब्दीमा निर्माण भएको ।)

१८. विश्व बाघ दिवस कहिले मनाइन्छ ?

= जुलाई २९

-पाटेबाघ संरक्षणको महत्वबारे जनचेतना फैलाउने उद्देश्यले हरेक वर्ष जुलाई २९ मा यो दिवस मनाउने गरिएको ।

-सन् २०१० मा रुसको सेन्ट पिटर्सवर्गमा आयोजित अन्तर्राष्ट्रिय बाघ मञ्चले यससम्बन्धी घोषणा गरेको ।

-पाटेबाघ विश्वका १३ देशमा पाइन्छ ।

१९. देशमा पहिलो पटक साइबर सुरक्षासम्बन्धी नीति कहिले पारित गरिएको हो ?

= विसं २०८० साउन २३

-सञ्चार प्रविधिको सुरक्षाका लागि संस्थागत संरचना बनाउने, साइबर सुरक्षासम्बन्धी जनशक्ति उत्पादन क्षमता विकास गर्ने, साइबर सुरक्षाको विषयमा जनचेतना अभिवृद्धि गर्नेलगायतका उद्देश्य नीतिको रहेको ।



www.laxmiprasadjoshi.com.np

-साइबर सुरक्षाको विषयमा अनुसन्धान तथा विकास, साइबर सुरक्षा प्रवर्धन, जनचेतना अभिवृद्धि, साइबर सुरक्षासम्बन्धी तयारी, रोकथाम, पहिचान, प्रति क्रिया तथा पुनर्लाभ गर्न सातै दिन २४ सै घण्टा सम्पर्क निकायको रूपमा कार्य गर्न, डिजिटल फरेन्सिकको अनुसन्धान गर्न तथा साइबर सुरक्षासँग सम्बन्धित, निकायको नियमनकारी निकायका रूपमा समेत कार्य गर्ने गरी राष्ट्रिय साइबर सुरक्षा केन्द्र स्थापनासम्बन्धी कुरा नीतिमा रहेको ।

२०. प्रसिद्ध धार्मिक स्थल बडीकेदार कहाँ रहेको छ ?

= डोटी

२१. कर्णाली प्रदेश सरकारले घर बिमा कार्यक्रम कहिलेदेखि सुरु गरेको हो ?

= विसं २०८२ साउन १२

-कर्णाली प्रदेश विपत्को उच्च जोखिममा रहेको र प्राकृतिक विपत्लगायतको भवितव्यको कारणबाट हुने क्षति र नोक्सानीको आर्थिक सुरक्षाको प्रत्याभूति गर्न कर्णाली प्रदेश सरकारको आव २०८१ /८२ को वार्षिक नीति तथा कार्यक्रम र वार्षिक बजेटमा घर बिमा कार्यक्रम ल्याइएको थियो । सोही कार्यक्रम अन्तर्गत प्रदेश सरकारले घर बिमा कार्यक्रम सुरु गरेको ।

-यस कार्यक्रम अन्तर्गत पहिलो चरणमा १५ वटा स्थानीय तहका २१३ वडामा १६ हजार घर बिमा गरिएको ।

www.laxmiprasadjoshi.com.np

**2082/4/21 गते । गोरखापत्र । ज्ञान सागर । वस्तुगत प्रश्नोत्तर ।**

१. 'दी हेन्ली पासपोर्ट इन्डेक्स/ २०२५ अनुसार विश्वका शक्तिशाली पासपोर्टको सूचीमा नेपाल कति औँ स्थानमा परेको छ रु

= ९५ औँ

-१९९ वटा राष्ट्रको सूचीमा नेपाल र लिबिया ९५ औँ स्थानमा परेका ।

-कमजोर सूचीमा नेपालसँगै बङ्गलादेश, इरिट्रिया, प्यालेस्टाइन टेरिटोरी, उत्तर कोरिया, सुडान र श्रीलङ्का रहेका ।

-शक्तिशाली राहदानीको नम्बर १ मा सिङ्गापुर रहेको ।

२. वैदेशिक रोजगार विभागले २०८२ साउनमा सार्वजनिक गरेको तथ्याङ्क अनुसार सिप सिकेर वैदेशिक रोजगारमा जाने श्रमिकको हिस्सा कति रहेको छ रु

= ७३ प्रतिशत

-तीन वर्षअघि दक्ष भएर वैदेशिक रोजगारीमा जाने श्रमिक ६५ प्रतिशत रहेकोमा गत आव २०८१ /८२ मा ७३ प्रतिशत रहेको ।

-गत आवको तथ्याङ्क अनुसार वैदेशिक रोजगारीमा जान आठ लाख ३९ हजार २६६ युवाले श्रम स्विकृति लिएकोमा ७३ प्रतिशत अर्थात् छ लाख ११ हजार ८७० युवा सिप सिकी दक्ष भएर रोजगारीमा गएको देखिएको ।

-रोजगारमूलक सिप विकास तालिम सञ्चालन कार्यविधि, २०७५ लागु भएपछि नेपालबाट वैदेशिक रोजगारीमा जाने सबै युवा सिपयुक्त प्रमाणपत्रको आधारमा जानुपर्ने प्रावधान रहेको ।

-वैदेशिक रोजगार ऐनमा पनि वैदेशिक रोजगारीमा जाँदा अनिवार्य रूपमा तालिम लिनुपर्ने व्यवस्था रहेको छ ।

३. विभिन्न देशमा निर्यात गर्न सकिने नेपालमा उत्पादित खाद्यवस्तुको सङ्ख्या कति रहेको छ रु

= ८१४

-अब नेपालको आफ्नै प्रयोगशालामा परीक्षण भई गुणस्तरीय प्रमाणित भएका २२ वटा खाद्य समूहका ८१४ नेपाली खाद्यवस्तु भारतबाहेक देशमा समेत बिनाअवरोध निर्यात गर्न सकिने भएको ।

-विभाग अन्तर्गतको राष्ट्रिय खाद्य तथा दाना सन्दर्भ प्रयोगशालाले परीक्षण तथा मापन प्रयोगशालाका लागि प्रत्यायन बोर्ड ९एनएबिएल० बाट अन्तर्राष्ट्रिय मापदण्ड आइएसओ /आइइसी १७०२५ : २०१७ अनुसार ८१४ परीक्षण सूचकाङ्कमा अन्तर्राष्ट्रिय मान्यता प्राप्त गरेको ।

-विभागले यसअघि ३८६ परीक्षण सूचकाङ्कमा मात्र प्रत्यायन प्राप्त गरेकोमा अब त्यो सङ्ख्या ८१४ पुऱ्याउन सफल भएको ।

४. फ्रान्सले प्यालेस्टाइनलाई स्वतन्त्र राष्ट्रको मान्यता दिने घोषणा कहिले गरेको हो रु

= सन् २०२५ जुलाई

-यसको औपचारिक घोषणा न्युयोर्कमा हुने संयुक्त राष्ट्रसङ्घको महासभामा गरिने राष्ट्रपति म्याक्रोले जनाएका ।

-उनले तत्काल युद्धविराम, सबै बन्धकको रिहाइ र गाजामा ठुलो परिमाणमा मानवीय सहायता पुऱ्याउनुपर्ने धारणा व्यक्त गरेका ।

-अरब समूहका सबै देश, ‘इस्लामिक कोअपरेसन अर्गनाइजेसन/ र असंलग्न आन्दोलन पक्षधर मुलुकले प्यालेस्टाइनलाई स्वतन्त्र राज्यका रूपमा स्वीकारेका छन् ।

-गत वर्ष आयरल्यान्ड, नर्वे र स्पेनले प्यालेस्टाइनलाई स्वतन्त्र राष्ट्रको मान्यता दिने घोषणा गरेका ।

५. ‘ग्लोबल हिरो अवार्ड २०२५/ बाट सम्मानित हुने नेपाली को हुन् रु

= कुलमान घिसिङ

-नेपाल विद्युत प्राधिकरणका पूर्वकार्यकारी निर्देशक कुलमान घिसिङलाई अमेरिकाको न्यूयोर्कमा आयोजित एक विशेष समारोहमा प्रवासी नेपालीको संस्था ‘हामी नेपाली ग्लोबल/ ले सो अवार्ड प्रदान गरेको ।

६. ‘सावर्णि/ नामक औपन्यासिक कृतिका लेखक डा। श्रीधर खनाल हुन् भने ‘हिउँको गीत/ नामक उपन्यासका लेखक को हुन् रु

= तीर्थ गुरुङ

७. ‘इन्फोसिस फिनाकल इन्नोभेसन अवार्ड २०२५/ मा ‘ बिजनेस मोडेल इन्नोभेसन/ विधा अन्तर्गत ‘प्लाटिनम अवार्ड/ बाट सम्मानित नेपाली बैङ्क कुन हो रु

= माछापुच्छ्रे बैङ्क

८. नोबेल पुरस्कारबाट सम्मानित हुने संयुक्त राष्ट्रसङ्घका महासचिव को–को हुन् रु

= कोफी अन्नान र ड्याग ह्यामरसोल्ड

९. नेपालमा पहिलो पटक जेनेटिक ल्याव अर्थात् वंशाणुगत प्रयोगशाला कहाँ सञ्चालनमा ल्याइएको हो रु

= वीर अस्पताल

-विश्व स्वास्थ्य सङ्गठन र स्वास्थ्य मन्त्रालयको लगानीमा सो ल्याब सञ्चालनमा ल्याइएको ।

-जेनेटिक ल्याब सूक्ष्म तवरले क्रोमोजोमको अध्ययन गर्ने प्रयोगशाला हो ।

१०. एम्नेस्टी इन्टरनेसनलको स्थापना कहिले भएको हो रु

= सन् १९६१

-वैचारिक आस्था एवं राजनीतिक तथा धार्मिक मतभेदका कारण बन्दी बनाइएकाहरूको सहयोग गर्ने उद्देश्यका साथ यो संस्थाको स्थापना भएको ।

-विविध पक्ष (राजनीतिक, धार्मिक, सांस्कृतिक) का आस्थाका बन्दीहरूको अभिलेख तयार गरी तिनीहरूको मुक्तिका लागि सम्बन्धित मुलुकसमक्ष अनुरोध साथ सिफारिस गर्ने कार्य यसले गर्छ ।



www.laxmiprasadjoshi.com.np

-‘अन्तर्राष्ट्रिय क्षमादान सङ्गठन/ भनेर पनि चिनिने यस संस्थाको स्थापना बेलायतका कानुनविद् पिटर वेनेन्सनको स क्रियतामा भएको ।

-यसको प्रधान कार्यालय बेलायतको लन्डनमा रहेको ।

११. यार्चागुम्बाको वैज्ञानिक नाम के हो रु

= कोर्डिसेप्स सिनेन्सिस

-यार्चागुम्बा लेपिडोप्रेभा वर्गको लाभ्रे किरा सङ्क्रमित भई उम्रने च्याउ हो । त्यसैले यसलाई बर्से च्याउ र हिउँदे किराको संज्ञा पनि दिइएको छ ।

-यार्चागुम्बालाई अङ्ग्रेजीमा क्याटरपिलर फङ्गस भनिन्छ ।

-यार्चागुम्बा बहुचर्चित, बहुमूल्य र बहुगुणयुक्त जडीबुटी हो । चिनियाँ परम्परागत औषधी पद्धतिमा झन्डै दुई हजार वर्षदेखि नै यसलाई शक्तिबद्र्धक औषधीका रूपमा प्रयोगमा ल्याइएको अनुमान गरिन्छ ।

-नेपालमा जीवनबुटीको नामबाट चिनिने यार्चागुम्बा तिब्बती भाषाको यारचाकुनभु नामक शब्दबाट अपभ्रंश भई बनेको हो । तिब्बती भाषामा यारचाकुन्भुको शाब्दिक अर्थ केलाउँदा ‘यार/ भनेको वर्षा, ‘चा/ भनेको घाँस, ‘कुन/ भनेको हिउँद र ‘भु/ भनेको किरा हुन्छ ।

१२. नेपालको संविधानमा व्यवस्था भएबमोजिम नागरिकताका प्रकार कति छन् रु

= चार (वंशज, अङ्गीकृत, गैरआवासीय र सम्मानार्थ)

१३. रूपान्तरणकारी (गेमचेन्जर) योजनाको अवधारणा पहिलो पटक कुन आवधिक योजनामा ल्याइएको हो रु

= १५ औँ

१४. ‘मिसाइल म्यान/उपनामबाट चिनिने भारतका राष्ट्रपति को हुन् रु

= एपिजे अब्दुल कलाम

१५. नेपालमा बर्सेनि नयाँ वर्षको पहिलो सप्ताहलाई ‘वन्यजन्तु सप्ताह/ को रूपमा कहिलेदेखि मनाउँदै आइएको छ रु

= विसं २०५३

१६. नेपालमा कहिलेसम्म सबै नेपालीलाई स्वच्छ खानेपानीमा पहुँच पुऱ्याउने लक्ष्य लिइएको छ रु

= सन् २०३० सम्म

१७. यौन प्रजननलगायत स्वास्थ्य चेतना र जाँचका लागि ‘एक विद्यालय, एक नर्स/ कार्यक्रम अन्तर्गत सरकारले पाइलटिङ प्रोजेक्टका रूपमा कुन प्रदेशमा नर्स खटाउने कार्य सुरु गरेको हो रु

= बागमती

१८. औद्योगिक व्यवसाय ऐन, २०७६ अनुसार आफ्नो उत्पादनको कति प्रतिशतभन्दा बढी निर्यात गर्ने उद्योगलाई ‘निर्यातमूलक उद्योग/ भनिन्छ रु

= ४० प्रतिशत (ऊर्जामूलक उद्योगबाहेक)

www.laxmiprasadjoshi.com.np

१९. नेपालको कुन ठाउँमा कृषि आनुवांशिक केन्द्र (जिन बैङ्क) स्थापना गरिएको छ रु

= ललितपुरको खुमलटार

-जिन बैङ्कको स्थापनासँगै लोप हुने खतरामा रहेका विभिन्न जातका बिउ संरक्षण हुने ।

-बैङ्कमा कृत्रिम वातावरणमा अल्पकालीन र दीर्घकालीन गरी दुई किसिमले बिउ भण्डारणको व्यवस्था मिलाइएको ।

२०. नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) ले विदेशमा रहेका नेपाली वैज्ञानिकको ज्ञान र सिपलाई स्वदेशमा सदुपयोग गर्ने उद्देश्यका साथ सञ्चालन गर्न थालेको कार्यक्रम कुन हो रु

= ब्रेन पुलिङ

२१. विश्व स्वास्थ्य सङ्गठनको आह्वानमा प्रतिजैविक सप्ताह कहिलेदेखि मनाउन थालिएको हो रु

= सन् २०१५

www.laxmiprasadjoshi.com.np

**2082/4/28 गते । गोरखापत्र । ज्ञान सागर । वस्तुगत प्रश्नोत्तर ।**

१. सन् २०२५ अगस्तमा प्रकाशित फिफा विश्व वरीयतामा नेपाली महिला राष्ट्रिय टोली कति औँ स्थानमा रहन सफल भएको छ ?

= ८७ औँ

-यसअघि १०० औँ स्थानमा रहेको नेपालको महिला फुटबल टिमले १३ स्थान सुधार गर्दै ८७ औँ स्थान कायम गर्न सफल भएको ।

-नेपालको यो अहिलेसम्मकै सबैभन्दा उच्च वरीयता हो ।

-यसअघि नेपाली महिला टिमको सबैभन्दा उच्च वरीयता ९१ औँ रहेको थियो ।

२. प्रधानमन्त्री केपी शर्मा ओली भूपरिवेष्टित विकासशील राष्ट्र (एलएलडिसी) को तेस्रो संयुक्त राष्ट्रसङ्घीय सम्मेलनको सन्दर्भमा कहिले तुर्कमेनिस्तान प्रस्थान गर्नुभएको हो ?

= विसं २०८२ साउन १८ –स्वदेश फिर्ता : विसं २०८२ साउन २४)

-भूपरिवेष्टित विकासशील देश –एलएलडिसी) को तेस्रो संयुक्त राष्ट्रसङ्घीय सम्मेलन –५–८ अगस्ट, २०२५) मा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै प्रधानमन्त्री ओली तुर्कमेनिस्तान प्रस्थान गर्नुभएको ।

-प्रधानमन्त्री ओलीलाई तुर्कमेनिस्तानका राष्ट्रपति सेरदार बर्दिमुहामेदोभ र संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुर्टेरेसले साउन २० देखि २३ गतेसम्म आयोजित उक्त सम्मेलनमा सहभागी हुन संयुक्त रूपमा निमन्त्रणा गर्नुभएको परराष्ट्र मन्त्रालयले जनाएको ।

-प्रधानमन्त्रीले अति कम विकसित देशहरूको विश्वव्यापी समन्वय ब्युरोको अध्यक्ष तथा नेपाल सरकार प्रमुखको हैसियतमा सम्मेलनलाई सम्बोधन गर्नुभएको ।

-उहाँले सम्मेलनको उच्चस्तरीय गोलमेच सम्मेलनको सहअध्यक्षता र अन्य कार्यक्रमलाई पनि सम्बोधन गर्नुभएको ।

-उहाँले समुद्रमा प्रत्यक्ष पहुँचको अभाव, उच्च पारवहन लागत, कमजोर पूर्वाधार, लामो र अनिश्चित पारवहन मार्गहरू, सीमित बजार पहुँच, प्राथमिकताका वस्तु अत्यधिक निर्भरता, विश्वव्यापी व्यापारको जोखिम तथा जलवायु परिवर्तन–प्रेरित प्रकोपका कारण यी मुलुकको अर्थतन्त्र अविकसित र कमजोर रहन गएको बताउनुभएको ।

-प्रधानमन्त्री ओलीले भूपरिवेष्टित विकासशील मुलुकको तीव्र विकासका लागि दक्षिण–दक्षिण सहकार्यले थप मार्ग प्रशस्त गर्ने बताउनुभएको ।

३. ‘रानी जमरा कुलरिया सिँचाइ आयोजना/ को उद्घाटन कहिले भएको हो ?

= विसं २०८२ साउन १३ गते

-राष्ट्रिय गौरवको आयोजना अन्तर्गत पर्ने ‘रानी जमरा कुलरिया सिँचाइ आयोजना/ को सिँचाइतर्फको थप सिँचाइ, जलविद्युत् र प्रसारण लाइनको प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा विसं २०८२ साउन १३ गते उद्घाटन भएको ।



www.laxmiprasadjoshi.com.np

-प्रधानमन्त्री ओलीद्वारा थप १४ हजार ३०० हेक्टरमा सिँचाइ सुविधाको सिँचाइ आयोजना र ४.७१ मेगावाट जलविद्युत् तथा प्रसारण लाइनको उद्घाटन गरिएको।

-यसअघि राष्ट्रिय गौरवका चार वटा आयोजना

-अपर तामाकोशी जलविद्युत् आयोजना, मेलम्ची खानेपानी आयोजना, भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण सम्पन्न भई औपचारिक उद्घाटन भएको।

-रानी जमरा कुलरिया सिँचाइ आयोजनाबाट करिब ३४ हजार ३०० हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध हुने छ।

-आयोजनाको आधुनिकीकरण २०६६ /६७ मा सुरु भएको थियो र यसको तेस्रो चरणको काम २०८५ /८६ सम्म सम्पन्न गर्ने लक्ष्य रहेको छ।

४. रुसमा शक्तिशाली भूकम्प कहिले गएको हो ?

= सन् २०२५ जुलाई ३०

-रुसको सुदूरपूर्वी तटनजिकै पर्ने काम्चट्का प्रायःद्वीपमा सन् २०२५ जुलाई ३० मा ८.८ म्याग्निच्युडको शक्तिशाली भूकम्प गएको।

-अमेरिकी भौगर्भिक सर्वेक्षण निकाय (युएसजीएस) का अनुसार सो भूकम्प जमिनको सतहभन्दा १८ किमी तल उत्पन्न भएको।

५. कोपा अमेरिका वुमन च्याम्पियनसिप २०२५ को उपाधि कसले जित्यो ?

= ब्राजिल –उपविजेता : कोलम्बिया खेल सञ्चालन मिति : ११ जुलाई

-२ अगस्ट, २०२५ आयोजक राष्ट्र : इक्वेडर टिम सङ्ख्या : १०

६. भारतको नोएडामा सम्पन्न प्रतिष्ठित एमएफएन च्याम्पियन १७ उपाधि जित्ने खेलाडी को हुन् ?

= रवीन्द्र ढाँट -(बझाङ, नेपाल),

-फाइनल खेल : २ अगस्ट, २०२५

-भारतका चुनरेङ कोरेनलाई पराजित गर्दै रवीन्द्रले सो उपाधि जित्न सफल भएका।

-उनी म्याट्रिक्स फाइट नाइट (एनएफएन) १७ मा बान्टमवेट च्याम्पियन बनेका। शक्तिशाली रेसलिङ र आक्रामक पावरका लागि चर्चित ‘दी इन्डियन राइनो/ उपनामले परिचित कोरेनले सुरुदेखि नै दबाब सिर्जना गर्ने प्रयास गरे पनि रवीन्द्रले शान्त संयोजन र कुशल रणनीतिका साथ जवाफ दिएका थिए।

-रवीन्द्र उक्त उपाधि जित्ने पहिलो नेपाली फाइटर बनेका छन्।

७. पब्जी मोबाइल एसियन सोडाउन, २०२५ को उपाधि जित्ने राष्ट्र कुन हो ?

= पाकिस्तान –उपविजेता : इन्डोनेसिया)

-यस प्रतियोगितामा नेपाल –टिम निलो) ले तेस्रो स्थान हासिल गरेको। त्यसै गरी नेपाल रातो चौथो, मलेसिया पाँचौँ तथा जोर्डन छैटौँ भएका।

-सो प्रतियोगितामा पाकिस्तानका फाल्का उत्कृष्ट खेलाडी घोषित भएका।

-प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय हुनेले क्रमशः रु. चार लाख, दुई लाख र एक लाख ५० हजार रुपियाँ प्राप्त गरेका ।

८. सगरमाथाको सबैभन्दा धेरै पटक आरोहण गर्ने गैर शेर्पा आरोही को हुन् ?

= बेलायतका केन्टन कुल

-५१ वर्षीय बेलायती पर्वतारोही केन्टन कुलले सन् २०२५ मे १८ मा १९ औँ पटक सगरमाथाको सफल आरोहण गरेका ।

-केन्टन कुलले सन् २००४ देखि हरेक वर्ष सगरमाथा आरोहण गर्दै आएका छन् ।

-सर्वाधिक सगरमाथा आरोहणको कीर्तिमान कामीरिता शेर्पाको नाममा छ, जसले ३१ औँ पटक सगरमाथा चढिसकेका छन् ।

९. संयुक्त राष्ट्रसङ्घद्वारा कुन वर्षलाई इन्टरनेसनल इयर अफ को–अपरेटिभ्सको रूपमा मनाउने घोषणा गरिएको छ ?

= सन् २०२५ सन् २०२५ मा मनाइने संयुक्त राष्ट्रसङ्घीय वर्ष

-इन्टरनेसनल इयर अफ पिस एण्ड ट्रस्ट

-इन्टरनेसनल इयर अफ ग्लेसियर प्रिजर्भेसन

-इन्टरनेसनल इयर अफ को–अपरेटिभ्स

-इन्टरनेसनल इयर अफ क्वान्टम साइन्स एन्ड टेक्नोलोजी

१०. विशाखापट्टनम बन्दरगाहमा मालवस्तु परिवहन विद्युतीय ट्रेकिङ प्रणाली (इसिटीएस) प्र क्रिया अन्तर्गत कन्टेनर पारवहन कहिलेदेखि सुरु गरिएको हो ?

= विसं २०७५ फागुन ३

११. नेपालको सबैभन्दा धेरै नगरपालिका भएको जिल्ला रौतहट (१६ वटा) हो भने धेरै गाउँपालिका भएको जिल्ला कुन हो ?

= धादिङ (११ गाउँपालिका)

१२. सगरमाथाको सफल आरोहण गर्ने विश्वकै पहिलो मिर्गौला प्रत्यारोपित व्यक्ति को हुन् ?

= पेम्बा शेर्पा

-मिर्गाैला प्रत्यारोपणपछि सगरमाथाको आरोहण गरी उनले विश्व कीर्तिमान कायम गरेका ।

-सोलुखुम्बुको माप्य दुधकोशी गाउँपालिका–७ सोलावनका ३६ वर्षीय पेम्बाले विसं २०८१ वैशाख ३१ –(सन् २०२५ मे १४) गते सगरमाथा आरोहण गरेका ।

-उनको २०७९ कात्तिक २ गते भक्तपुरस्थित राष्ट्रिय प्रत्यारोपण केन्द्रमा मिर्गौला प्रत्यारोपण गरिएको थियो ।

-आरोहण संस्था : एक्सपिडिसन हाई माउन्टेन ट्रेक्स

१३. टेलिफोन कललाई इन्टरनेटको माध्यमबाट देशमा भिœयाउने प्रविधिलाई के भनी चिनिन्छ ?



www.laxmiprasadjoshi.com.np

= भिओआइपी (भ्वाइस ओभर इन्टरनेट प्रोटोकल)

१४. सरकारद्वारा राष्ट्रिय श्रम आप्रवासन नीति, २०८२ कहिले स्वीकृत गरिएको हो ?

= विसं २०८२ साउन १८

-नेपाली श्रमिकको मानव अधिकारको संरक्षण, पारदर्शी सेवा प्रवाह, सामाजिक सुरक्षाको सुनिश्चितता श्रमिकको सिप विकास, श्रम कूटनीतिक सुदृढीकरण तथा पुनर्एकीकरणमा जोड दिनु नीतिको प्रमुख उद्देश्य रहेको ।

-नीतिमा वैदेशिक रोजगारीमा जाने अनौपचारिक क्षेत्रका श्रमिकको अभिलेखीकरण र व्यवस्थापन, विदेशी श्रमिकको नियमन, महिला र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक श्रमिकप्रति संवेदनशील नीति र कार्यक्रमको व्यवस्था गरिएको ।

-श्रम आप्रवासन क्षेत्रका समस्या, चुनौती र जोखिमलाई सम्बोधन गर्दै यो नीतिले श्रम आप्रवासनलाई प्रतिफलयुक्त बनाई प्राप्त विप्रेषणलाई उत्पादन र उद्यमशीलता केन्द्रित गरी समृद्धिको आधार बनाउने मार्गचित्र प्रस्तुत गरेको ।

-नीति अन्तर्गत वैदेशिक रोजगार ऐन तथा नियमावलीको संशोधन, श्रम कूटनीति सबलीकरण, एकद्वार प्रणालीको विकास, सिप प्रमाणीकरण, उद्यमशीलता प्रवर्धन तथा सामाजिक सुरक्षा कार्यक्रमको पहुँच विस्तार गरिने व्यवस्था गरिएको । यस नीतिले वैदेशिक रोजगार नीति, २०६८ लाई प्रतिस्थापन गरेको ।

१५. विभिन्न उत्पादकले आफ्ना सामग्रीमा प्रयोग गर्ने क्युआर कोडको पूरा रूप के हो ?

= क्विक रेस्पोन्स कोड

१६. नेपालले अन्तर्राष्ट्रिय गुणस्तर संस्था (आइएसओ) को पूर्ण सदस्यता कहिलेदेखि लागु हुने गरी प्राप्त गरेको ो हो ?

= सन् २०१४ जनवरी

१७. सेतो हात्तीको देश भनेर थाइल्यान्डलाई चिनिन्छ भने हजारौँ हात्तीको देश भनी कुनलाई चिनिन्छ ?

-लाओस

१८. उपत्यकाको चौडा सडकमा सवारीसाधनको गति मापनका लागि प्रयोगमा ल्याइएको प्रविधि कुन हो ?

-लेजर स्पिड गन

१९. नेपाल पन्छी संरक्षण सङ्घले नेपालमा पाइने चराको गणनाका लागि प्रयोगमा ल्याएको एप कुन हो ?

= छिमेकी चरा २०. नेपालका तर्फबाट आणविक ऊर्जासम्बन्धी कन्ट्री प्रोग्राम फ्रेमवर्क (सिपिएफ) मा कहिले हस्ताक्षर भएको हो ?

= सन् २०२२ सेप्टेम्बर २७

२१. नेपाल अन्तर्राष्ट्रिय तेक्वान्दो महासङ्घ (आइटिएफ) ले वर्ष उत्कृष्ट खेलाडी अवार्ड–२०८१ बाट कसलाई सम्मानित गर्‍यो ?

= पुरुषतर्फ : भीमबहादुर तामाङ र महिलातर्फ : सुस्मिता थापा मगर
-वर्ष उत्कृष्ट प्रशिक्षकमा आकाशचन्द्र घर्तीमगर, प्रदेश सङ्घमा गण्डकी र जिल्ला सङ्घमा गुल्मी उत्कृष्ट घोषित भई सम्मानित भएका ।

www.laxmiprasadjoshi.com.np

**2082/5/4 गते । गोरखापत्र । ज्ञान सागर । वस्तुगत प्रश्नोत्तर ।**

१. नेपालले रुबेला रोग निवारण गर्ने सफलता कहिले हासिल गरेको हो ?

= विसं २०८२ भदौ २

-विश्व स्वास्थ्य सङ्गठनले नेपालमा जनस्वास्थ्य समस्याको रूपमा रहेको रुबेला रोग निवारण भएको बताएको ।

-दक्षिण–पूर्व एसिया क्षेत्रीय कार्यालयका कार्यवाहक प्रमुख डा. क्याथरिना बोहमले दक्षिण–पूर्व एसिया क्षेत्रमा दादुरा र रुबेला निवारणका लागि क्षेत्रीय प्रमाणीकरण आयोगको सिफारिसलाई स्वीकृत गर्दै नेपालबाट रुबेला निवारण भएको बताएकी ।

-नेपाल, विश्व स्वास्थ्य सङ्गठनको दक्षिण–पूर्वी एसिया क्षेत्रमा रुबेला निवारण गर्ने छैटौँ राष्ट्र बनेको ।

-सन् २०२६ भित्र दादुरा र रुबेलालाई जनस्वास्थ्य समस्याको रूपमा नरहेको अवस्थामा पुऱ्याउने लक्ष्य हासिल गर्ने सम्बन्धमा भुटान, उत्तर कोरिया, माल्दिभ्स, श्रीलङ्का, टिमोर–लेस्टे पछि नेपालले पनि रुबेला निवारणमा सफलता प्राप्त गरेको ।

-दक्षिण–पूर्वी एसिया क्षेत्रमा दादुरा र रुबेला निवारणका लागि क्षेत्रीय प्रमाणीकरण आयोगको स्थापना मार्च २०१६ मा भएको थियो । यस आयोगले दादुरा र रुबेला निवारणतर्फको प्रगतिको निगरानी गर्छ ।

-सन् २०१३ मा विश्व स्वास्थ्य सङ्गठनको दक्षिण

-पूर्वी एसिया क्षेत्रले सन् २०२० सम्ममा दादुरा निवारण र रुबेला नियन्त्रण गर्ने लक्ष्य निर्धारण गरेको थियो । सन् २०१९ मा उक्त समयसीमा परिमार्जन गरी सन् २०२३ सम्म दादुरा र रुबेला दुवै निवारण गर्ने लक्ष्य तय गरियो तर कोभिड–१९ महामारीका कारण खोप सेवाको कभरेजमा आएको कमीलाई ध्यानमा राख्दै सदस्य राष्ट्रहरूले लक्ष्य प्राप्तिको समयसीमा बढाएर सन् २०२६ सम्ममा दादुरा र रुबेला निवारण गर्ने नयाँ लक्ष्य निर्धारण गरेका हुन् ।

२. अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनबिच भेटवार्ता कहिले भएको हो ?

= सन् २०२५ अगस्त १५, अलास्का

-दुई नेताबिच एङ्कोरेज, अलास्का (अमेरिका) मा भेटवार्ता सम्पन्न भएको ।

-रुस–युक्रेनबिचको युद्ध अन्त्य गर्ने सम्भावित कदमबारे छलफल गर्ने सम्बन्धमा भेटवार्ता केन्द्रित रहेको । सो बैठक लगभग तीन घण्टा चलेको थियो ।

३. 'युरो मनी अवार्ड फर एक्सिलेन्स २०२५/ को बेस्ट बैङ्क अवार्डबाट सम्मानित हुने नेपाली बैङ्क कुन हो ?

= ग्लोबल आइएमई बैङ्क लिमिटेड

-यस वर्षको अवार्डसँगै ग्लोबल आइएमई बैङ्क तेस्रो पटक बेस्ट बैङ्क अवार्डबाट सम्मानित भएको हो । यसअघि पनि ग्लोबल आइएमई बैङ्कले 'युरो मनी अवार्ड फर एक्सलेन्स/ २०२२ र २०२४ मा बेस्ट बैङ्क अवार्ड प्राप्त गरेको ।



www.laxmiprasadjoshi.com.np

-सन् १९९२ मा युरो मनी म्यागजिनद्वारा स्थापित यो अवार्ड बैङ्किङ क्षेत्रको एक प्रतिष्ठित अवार्ड हो। युरो मनी म्यागजिन बैङ्किङ क्षेत्रको गहिरो विश्लेषण र समालोचनाका लागि प्रख्यात छ।

४. नेपाल विद्युत् प्राधिकरणको स्थापना कहिले भएको हो ?

= विसं २०४२ भदौ १ (नेपाल विद्युत् प्राधिकरण ऐन, २०४१ अनुसार गठित)

-प्राधिकरण मुलुकको लगभग ९८ प्रतिशत जनसङ्ख्यालाई विद्युतीकरणमार्फत जोड्न सफल भएको।

-आर्थिक वर्ष २०८१ /८२ मा भारतलाई १७ अर्ब रुपियाँ बराबरको बिजुली बिक्री गरेको।

-प्राधिकरणले ६,७६० सर्किट किलोमिटर उच्च भोल्टेजका प्रसारण लाइन, २,१८,०६७ सर्किट किलोमिटर वितरण लाइन र १४,१२३ एमभिए क्षमताका सबस्टेसनमार्फत हालसम्म मुलुकका ७७ वटै जिल्लामा करिब ६१ लाख घरधुरीसम्म विद्युत् पुऱ्याएको।

-साथै, विद्युतीय सवारी 'चार्जिङ स्टेसन/ निर्माण तथा सञ्चालन, नवीकरणीय ऊर्जाको एकीकरण, प्रसारण र वितरण सञ्जालको स्तरोन्नति, प्रणाली चुहावट न्यूनीकरण र ग्रिड पूर्वाधारको आधुनिकीकरणमा पनि उल्लेखनीय प्रगति हासिल भएको।

-नेपाल सरकारद्वारा जारी 'ऊर्जा विकास मार्गचित्र, २०८१/ अनुसार नेपालले सन् २०३५ सम्ममा २८,५०० मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य रहेको।

-त्यस्तै सन् २०३५ सम्ममा नेपालको सम्पूर्ण विद्युत् आवश्यकता पूरा गरी १५ हजार मेगावाट विद्युत् छिमेकी राष्ट्रहरूमा निर्यात गर्ने लक्ष्य लिइएको।

५. जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धिका पक्ष राष्ट्रहरूको ३० औँ सम्मेलन 'कोप–३०/ कहिले र कहाँ हुने भएको छ ?

= सन् २०२५ नोभेम्बर १०–२१, बेलेम, ब्राजिल जलवायु परिवर्तनसम्बन्धी पछिल्ला सम्मेलन कोप २७

-सन् २०२२ नोभेम्बर ६–१८, सार्म एल शेख (इजिप्ट) कोप २८–सन् २०२३ नोभेम्बर ३०–डिसेम्बर १२, युएई कोप २९

-सन् २०२४ नोभेम्बर ११–१२, बाकु, अजरवैजान

६. जैविक तथा वैयक्तिक विवरणसहितको राष्ट्रिय परिचयपत्र कहिलेदेखि वितरण गर्न थालिएको हो ?

= विसं २०७५ मङ्सिर ३

७. सबैका लागि समावेशी र समतामूलक शिक्षा उपलब्ध गराउन तर्जुमा गरिएको कार्यढाँचा (एसडिजी–४) अनुसार सन् २०३० सम्म आधारभूत तह १–५ मा खुद भर्ना दर कति प्रतिशत पुऱ्याउने लक्ष्य रहेको छ ?

= शतप्रतिशत

८. पूर्वको ग्रेट ब्रिटेन भनी जापानलाई चिनिन्छ भने दक्षिणको ग्रेट ब्रिटेन भनी कुनलाई चिनिन्छ ?

= न्युजिल्यान्ड



www.laxmiprasadjoshi.com.np

-१९औँ शताब्दीको अन्त्यतिर जापानले तीव्र गति साथ औद्योगिक क्रान्ति, सैन्य शक्ति र आधुनिक शासन प्रणाली अङ्गीकार गऱ्यो, जसरी ब्रिटेनले युरोपमा नेतृत्व गरेको थियो ।

-ब्रिटिस उपनिवेशकालमा न्यूजिल्यान्डलाई दक्षिणी गोलार्द्धको ब्रिटेन जस्तै देखिने र "ब्रिटिस शैलीको बसोबास, संस्कृति र शासन पद्धति" भएको मानिन्थ्यो । त्यहाँ ब्रिटिस वंशका आप्रवासीको सङ्ख्या धेरै भएकाले समाज, भाषा, प्रशासन, कानुन र खेलकुदमा ब्रिटेनकै झल्को पाइन्थ्यो ।

-त्यसैले इतिहासकार र उपनिवेशकालीन लेखहरूमा न्युजिल्यान्डलाई 'दक्षिणको ग्रेट ब्रिटेन/ र जापानलाई 'पूर्वको ग्रेट ब्रिटेन/ भनेर उल्लेख गरेको पाइन्छ ।

९. मालवाहक गाडीमा 'भेहिकल एन्ड कन्साइन्मेन्ट ट्रे किङ/ प्रणाली (भिसिटिएस) 'वेब पोर्टल/ कहिलेदेखि कार्यान्वयनमा ल्याइएको हो ?

= विसं २०७६ साउन १

१०. 'बेल्ट एन्ड रोड/ साहित्यिक सञ्जालको स्थापना कहिले गरिएको हो ?

= सन् २०२१ सेप्टेम्बर ७

११. सरकारद्वारा ल्याइएको निःसन्तान व्यवस्थापन सेवा सञ्चालनसम्बन्धी मापदण्ड २०८२ अनुसार शुक्रकिट वा डिम्ब दान गर्ने दाताको उमेर हद कति तोकिएको छ ?

= २०–३५ वर्ष

-स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले निःसन्तान उपचार (आइभिएफ) सेवा नियमन गर्नका लागि पहिलो पटक निःसन्तान व्यवस्थापन सेवा सञ्चालनसम्बन्धी मापदण्ड, २०८२ ल्याएको ।

-मन्त्रालयका अनुसार मापदण्डमा आइभिएफ सेवा सञ्चालन गर्न अव अनिवार्य रूपमा स्वास्थ्य मन्त्रालयको अनुमति लिनुपर्ने साथै प्रत्येक अनुमति प्राप्त केन्द्रमा निःसन्तान रोग विशेषज्ञ, तालिम प्राप्त इम्ब्रायोलोजिस्ट, एनेस्थेसियोलोजिस्टसहित दक्ष जनशक्ति उपलब्ध हुनुपर्ने छ ।

-शुक्रकिट वा डिम्ब दान गर्ने दाताका लागि स्पष्ट मापदण्ड तोक्दै अबदेखि दाताको उमेर २० देखि ३५ वर्षभित्रको हुनुपर्ने, कुनै सरुवा रोग नभएको स्वास्थ्य परीक्षणबाट प्रमाणित गर्नुपर्ने र विवाहित भएमा दम्पती दुवैको लिखित सहमति अनिवार्य हुने व्यवस्था गरिएको ।

-मापदण्डमा एक डिम्ब दान गर्ने व्यक्तिले छ पटकसम्म डिम्ब दान गर्न सक्ने र शुक्रकिट १० पटकसम्म दान दिन सक्ने व्यवस्था रहेको । यस्तै, दाताको पहिचान पूर्ण रूपमा गोप्य राखिनुपर्ने, प्रलोभन देखाएर वा दबाबमा पारी दान गराउन पूर्ण रूपमा निषेध गरिएको ।

१२. नेपालका तर्फबाट आणविक ऊर्जासम्बन्धी 'कन्ट्री प्रोग्राम फ्रेमवर्क/ (सिपिएफ) मा कहिले हस्ताक्षर भएको हो ?

= सन् २०२२ सेप्टेम्बर २७

१३. अन्तर्राष्ट्रिय फौजदारी अदालतको प्रधान कार्यालय कहाँ रहेको छ ?

= नेदरल्यान्डको द हेग



www.laxmiprasadjoshi.com.np

१४. काठमाडौँको चोभारमा रहेको सुक्खा बन्दरगाह (ड्राइपोर्ट) लजिस्टिक हबका रूपमा कहिलेदेखि सञ्चालनमा ल्याइएको हो ?

= विसं २०७९ माघ २७

१५. अमेरिकाको इतिहासमा पहिलो पटक अश्वेत समुदायबाट राष्ट्रपति बन्ने व्यक्ति को हुन् ?

= बाराक ओबामा ४४ औँ राष्ट्रपति)

१६. मोबाइल फोनमा प्रयोग गरिने 'सिम कार्ड/ को पूरा रूप के हो ?

= 'सब्सक्राइबर आइडेन्टिटी मोड्युल/

१७. समुद्र सतह (न्यूयोर्क) देखि सगरमाथाको आरोहण यात्रा सुरु गरी सबैभन्दा कम समयमा सफल आरोहण गरेर किर्तिमान कायम गर्ने आरोही को हुन् ?

= एन्ड्रयु उशाकोभ

-एन्ड्रयु उशाकोभले समुद्र सतहदेखि सगरमाथाको शिखरसम्मको आरोहण सबैभन्दा छोटो समय (तीन दिन २३ घण्टा सात मिनेट) मा पूरा गरी इतिहास रच्न सफल भएका ।

-उशाकोभले आफ्नो चुनौती सन् २०२५ मे १५ बिहान १२ : ३० बजे न्यूयोर्कको समुद्र सतहबाट सुरु गरेका थिए । त्यसपछि उनी काठमाडौँ हुँदै सगरमाथा आधार शिविर पुगेर मे १९ बिहान ९ : २२ (नेपाली समय) बजे सगरमाथाको चुचुरो चुम्न सफल भएका ।

१८. चीन–दक्षिण एसियाली गरिबी उन्मूलन र सहकारी विकास केन्द्रको स्थापना कहिले भएको हो ?

= सन् २०२१ जुलाई ८

१९. शालिग्राम सङ्ग्रहालयको निर्माण कहाँ गरिएको छ ?

= बागलुङ

-करिब एक सय मिटर लामो सुरुङभित्र निर्माण गरिएको सङ्ग्रहालयमा साढे एक लाख शालिग्राम, विश्वका विभिन्न नदीमा पाइने शिलासँगै गण्डकी सभ्यता झल्किने सामग्री सङ्गृहीत गरिएको ।

-बागलुङ बजारदेखि तीन किलोमिटर पर कुँडुलेमा मानव निर्मित सुरुङभित्र बनाइएको सो सङ्ग्रहालयमा श्रीधराचार्य खण्ड (श्रीधराचार्यले गण्डकी सम्पूर्णता तथा शालिग्रामका बारेमा लेखेका पुस्तक, खोज अनुसन्धानसम्बन्धी सामग्री सङ्गृहीत), गण्डकी खण्ड (गण्डकी सभ्यतासम्बन्धी सामग्री सङ्गृहीत) एवं शालिग्राम खण्ड (विभिन्न प्रकृतिका दुर्लभ शालिग्राम सङगृहीत) रहेका साथै अर्का ्ि खण्डमा सभाहल समेत निर्माण गरिएको ।

-नेपालको कालीगण्डकी नदीमा पाइने शालिग्राम शिलाबाहेक भारत, चीन, पाकिस्तानलगायत देशका नदी तथा समुद्रमा पाइने शिलालाई असी मिटरको फ्रेममा सजाएर राखिएको ।



www.laxmiprasadjoshi.com.np

**2082/5/11 गते । गोरखापत्र । ज्ञान सागर । वस्तुगत प्रश्नोत्तर ।**

१. विसं २०८१ को मदन पुरस्कार विजेता स्रष्टा को हुन् ?

= छुदेन काविमो (औपन्यासिक कृति : उरमाल)

-उरमाल उपन्यासले दार्जिलिङको चिया बगान क्षेत्रका महिला श्रमिकको सांस्कृतिक र ऐतिहासिक यथार्थलाई जीवन्त रूपमा उद्घाटित गरेको ।

-सीमापारि (कालिम्पोङ, भारत) का लेखक काविमोको पुस्तकले उचाइ लिने क्रममा नेपालको प्रतिष्ठित मदन पुरस्कार प्राप्त गरेको ।

-त्यसै गरी २०८१ सालको जगदम्बाश्री पुरस्कारबाट सम्मानित हुने व्यक्तित्व प्रेमदेव गिरी हुन् । उनी लोकगीतहरूको सङ्कलन र संरक्षणमा लामो समयदेखि निरन्तर समर्पित रहेका । सुर्खेतमा बसेर नेपाली वाङ्मय गोडमेल गरिरहेका माली हुन् प्रेमदेव गिरी ।

-पुरस्कार राशि : दुवै पुरस्कारको राशि चार /चार लाख रुपियाँ रहेको ।

-प्रदान गर्ने संस्था : मदन पुरस्कार गुठी

२. नेपाल सरकारले आर्टिफिसियल इन्टेलिजेन्स (एआई) नीति २०८२ कहिले स्वीकृत गरेको हो ?

= विसं २०८२ साउन २६

-उक्त नीतिले आर्टिफिसियल इन्टेलिजेन्स प्रविधिमार्फत 'मानवकेन्द्रित, नैतिक र समृद्ध नेपाल निर्माण गर्न/ मुख्य चार वटा उद्देश्य राखेको :

-एआईबाट आर्थिक वृद्धिदर उच्च बनाउने,

-एआईको प्रयोग गरी सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने,

-दिगो एवं भरपर्दो एआई इकोसिस्टम निर्माण गर्ने,

-एआई गभर्नन्सलाई प्रभावकारी बनाउने ।

-नीति कार्यान्वयनका लागि एआई नियमन परिषद् स्थापना गरिने ।

-एआईको क्षेत्रमा कम्तीमा पाँच हजार जनशक्ति तयार गर्ने ।

-एआई रेडिनेस इन्डेक्समा नेपालको स्थानलाई शीर्ष ५० भित्र पुऱ्याउने । स्मरण रहोस् अक्सफोर्ड इन्साइट्सले तयार पारेको गभर्नन्स एआई रेडिनेस इन्डेक्समा नेपाल सन् २०२४ मा १५० औँ स्थानमा रहेको ।

-एआईलाई सामाजिक, आर्थिक क्षेत्रमा प्रयोग गरी सूचना प्रविधिबाट कुल गार्हस्थ उत्पादनमा हुने योगदानलाई एक प्रतिशत पुऱ्याउनेसहित पाँच वटा लक्ष्य नीतिमा उल्लेख ।

३. कर्णाली प्रदेश सरकारले पहिलो पटक कृषिमा आयकर कहिलेदेखि लगाउन थालेको हो ?

= आर्थिक वर्ष २०८२ /८३ देखि

-आर्थिक वर्ष २०८२ /८३ का लागि प्रदेश सरकारले ल्याएको आर्थिक ऐनबमोजिम अब प्रदेशभित्र उत्पादित कृषि उपजको बिक्रीबाट हुने आम्दानीमा तोकिएको दरमा कर लाग्ने ।


www.laxmiprasadjoshi.com.np

-प्रदेशको आन्तरिक आम्दानी सुदृढ गर्न यो व्यवस्था ल्याएको जनाइएको ।

-यसअघि कृषि क्षेत्रलाई करको दायरामा ल्याइएको थिएन । नयाँ व्यवस्था अनुसार वार्षिक पाँच लाख रुपियाँसम्मको कृषि आयमा कर लाग्ने छैन । त्यसभन्दा बढी आम्दानी हुने किसानका लागि निम्न दरले कर निर्धारण गरिएको : पाँच लाखदेखि २५ लाख रुपियाँसम्म : एक प्रतिशत २५ लाखदेखि ५० लाख रुपियाँसम्म : १.५ प्रतिशत ५० लाखदेखि एक करोड रुपियाँसम्म : १.७५ प्रतिशत एक करोडभन्दा बढी आयमा : २ प्रतिशत ।

-कर्णाली सरकारले यस वर्षदेखि खेतीयोग्य जमिन बाँझो राख्नेलाई पनि कर लगाउने कानुनी व्यवस्था गरेको छ ।

४. ३४१ मेगावाट क्षमताको बुढीगण्डकी अर्धजलाशययुक्त आयोजना कहाँ रहेको छ ?

= गोरखा (परियोजनाको बाँध क्षेत्र चुमनुब्री गाउँपालिकाको वडा नं. ३ र विद्युतगृह धार्चे गाउँपालिकाको वडा नं. ३ मा हुने ।)

-निजी क्षेत्रकै ठुलो यस जलविद्युत् आयोजना निर्माणका लागि विसं २०८२ साउन २२ गते वित्तीय व्यवस्थापन सम्झौता भएको ।

-७० अर्ब रुपियाँ लागत अनुमान गरिएको यस परियोजनामा नेपाल इन्भेस्टमेन्ट मेगा बैङ्कको नेतृत्वमा १० बैङ्क तथा वित्तीय संस्थाले कन्स्टोटियम (संयुक्त) मोडेलमा ५२ अर्ब ५० करोड रुपियाँ ऋण लगानी गर्ने भएका । साउन २२ मा प्रवर्धक कम्पनी टाइम्स इनर्जी र बैङ्क तथा वित्तीय संस्थाबिच ऋण लगानी सम्झौता भएको ।

-विसं २०८७ पुस १५ सम्म परियोजना सञ्चालनमा ल्याउने कम्पनीको लक्ष्य रहेको ।

-यस परियोजनामा ७५ प्रतिशत लगानी ऋणमार्फत जुटाइएको छ भने बाँकी २५ प्रतिशत लगानी प्रवर्धक कम्पनीले स्वपुँजीका रूपमा लगानी गर्ने जनाइएको ।

५. नेपालमा कति तहका अदालत छन् ?

-तीन तह : सर्वोच्च, उच्च र जिल्ला अदालत

६. विश्व राष्ट्रिय निकुञ्ज सम्मेलन कति कति वर्षको अन्तरमा आयोजना गरिन्छ ?

= प्रत्येक १० वर्षमा

७. नेपालको निजीस्तरमा सञ्चालित पहिलो केबुलकार कुन हो ?

= मनकामना केबुलकार

८. सरकारले तर्जुमा गरेको खाद्य प्रणाली रूपान्तरणको पाँचबर्से रणनीतिक योजनाको अवधि कुन हो ?

= आव २०८१/८२–२०८६/८७

-सबैका लागि स्वस्थ्य तथा पोषणयुक्त खाद्य पहुँच सुनिश्चित गर्ने लक्ष्यसहित राष्ट्रिय योजना आयोगले सो योजना ल्याएको ।

-संयुक्त राष्ट्रसङ्घले विश्वव्यापी रूपमा खाद्य प्रणाली रूपान्तरणका लागि अघि सारेका पाँच कार्यक्षेत्र र नेपाल आफैँले थप गरेको खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी कार्यक्षेत्र गरी छ वटा कार्यक्षेत्रका विषयवस्तुमा योजना आधारित रहेको । रणनीतिक योजनाका लक्ष्य :

-सन् २०३० सम्ममा खाद्य असुरक्षा अनुभव मापनमा आधारित मध्यम वा गम्भीर खाद्य असुरक्षाको दर ७.८ बाट दुई प्रतिशत कायम गर्ने,

-कुपोषित जनसङ्ख्या ५.५ बाट तीन प्रतिशतमा झार्ने,

-आधारभूत खाद्य सुरक्षामा रहेका परिवारको संख्या ४६ बाट ८० प्रतिशत पुऱ्याउने,

-ग्लोबल खाद्य सुरक्षा सूचकाङ्कमा नेपालको स्थान ५६.९ बाट ९० पुऱ्याउने ।

९. राष्ट्रिय सूचना दिवस कहिले मनाइन्छ ?

= भदौ ३

-सूचनाको हकसम्बन्धी ऐन, २०६४ जारी भई कार्यान्वयनमा आएको दिन भदौ ३ गतेलाई राष्ट्रिय सूचना दिवसका रूपमा मनाउने गरिएको ।

-विसं २०८२ भदौ ३ गते १९ औँ राष्ट्रिय सूचना दिवस मनाइएको । सूचना हाम्रो अधिकार, सुशासन र विकासको आधार मूल मन्त्र रहेको ।

१०. महालेखा परीक्षक तोयम रायाद्वारा महालेखा परीक्षकको ६२ औं वार्षिक प्रतिवेदन कहिले पेस गरिएको हो ?

= विसं २०८२ वैशाख ३१ ६२ औँ वार्षिक प्रतिवेदनका प्रमुख तथ्याङ्क

= कुल लेखा परीक्षण गरिएको रकम : रु. ९४ खर्ब ६२ अर्ब ३६ करोड कुल लेखा परीक्षण गरिएका संस्था /निकाय : पाँच हजार ७५९ वटा कुल बेरुजु रकम : रु. ९१ अर्ब ५९ करोड ७९ लाख अद्यावधिक बेरुजु : रु. सात खर्ब ३३ अर्ब १९ करोड नौ लाख (सङ्घीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, समिति र अन्य संस्थातर्फ लेखा परीक्षणबाट औँल्याइएको ।) कुल बेरुजु प्रतिशत : १.८१ प्रतिशत संस्थागत आधारमा बेरुजु

-सङ्घीय मन्त्रालय तथा निकाय : रु. ४७ अर्ब ७४ करोड ३० लाख (१.५४ प्रतिशत)

-प्रदेश मन्त्रालय तथा निकाय : रु. चार अर्ब २० करोड (१.३६ प्रतिशत)

-स्थानीय तह : रु. २५ अर्ब ३२ करोड ४२ लाख (२.२६ प्रतिशत)

-समिति र अन्य संस्था : रु. १४ अर्ब ३३ करोड सात लाख (२.७४ प्रतिशत) बेरुजु वर्गीकरण असुल गर्नुपर्ने : ३२.८९ प्रतिशत नियमित गर्नुपर्ने : ६१.२७ प्रतिशत

-अनियमित भएको : १६.५० प्रतिशत

-प्रमाण /कागज पेस नभएको : ४४.७० प्रतिशत

-शोधभर्ना नलिएको : ०.०७ प्रतिशत पेस्की : ५.८४ प्रतिशत राजस्व र खर्च राजस्व लक्ष्य (२०८० /८१) : रु. १२ खर्ब ४८ अर्ब ६६ करोड राजस्व प्राप्ति : रु. नौ खर्ब ६० अर्ब १६ करोड (७६.९०



www.laxmiprasadjoshi.com.np

प्रतिशत) राजस्व वृद्धि : अघिल्लो वर्षको तुलनामा ६.७८ प्रतिशत कुल खर्च (२०८० /८१) : रु. १३ खर्ब ९३ अर्ब ४० करोड चालु खर्च : रु. ९२९ अर्ब १२ करोड (८१.३७ प्रतिशत) पुँजीगत खर्च : रु. एक खर्ब ९२ अर्ब (६३.५७ प्रतिशत) ऋण (साँवा, ब्याज भुक्तानी) : रु. दुई खर्ब ७२ अर्ब २५ करोड (८८.५५ प्रतिशत) प्रदेशगत बेरुजु अवस्था (२०८० /८१) प्रदेशमातहतका सरकारी कार्यालय, अन्य संस्था र समितितर्फको २०८० /८१ को लेखा परीक्षण रकम र बेरुजु अङ्क (रु. हजारमा) प्रदेश लेखापरीक्षण गरिएको कार्यालय सङ्ख्या बेरुजु प्रतिशत पेस्कीबाहेक बेरुजु प्रतिशत कोशी २०१ १.६९ १.४९ मधेश १५९ २.५३ २.१० बागमती २१४ १.०३ ०.८९ गण्डकी २०३ १.२६ १.०९ लुम्बिनी २११ १.२२ १.१३ कर्णाली १४० १.२२ ०.९५ सुदूरपश्चिम १६२ १.४१ १.३५ जम्मा १२९० १.४४ १.२५

११. नेपालको मरुभूमि भन्नाले मुस्ताङलाई चिनिन्छ भने नेपालको श्रीलङ्का भन्नाले कुन ठाउँलाई चिनिन्छ ?

= कोशीटप्पु

१२. झिङ्गुट भनेको के हो ?

= दही जमाउने माटोको भाँडो

१३. नेपालले श्रम सम्झौता गरेको पहिलो राष्ट्र कुन हो ?

= कतार

१४. श्रीलङ्काका पूर्वराष्ट्रपति रनिल विक्रमासिङ्घेलाई सरकारी खर्चको दुरुपयोग गरेको आरोपमा कहिले पक्राउ गरिएको हो ?

= सन् २०२५ अगस्ट २२

१५. राष्ट्रिय प्रकृति संरक्षण कोषको स्थापना कहिले भएको हो ?

= विसं २०३९ कात्तिक ३

१६. नेपालका शाहजहाँ भनेर कसलाई चिनिन्छ ?

= खड्गशमशेर

१७. 'गेट वे अफ नेपाल/ भनी नेपालको कुन ठाउँलाई चिनिन्छ ?

= वीरगन्ज

१८. स्थानीय सरकार संस्थागत क्षमता स्वमूल्याङ्कन प्रणाली (लिजा) मा देशकै उत्कृष्ट नगरपालिका कुन बनेको छ ?

= नीलकण्ठ नगरपालिका (धादिङ)

-देशभरका नगरपालिका र गाउँपालिकामध्ये नीलकण्ठ नगरपालिकाले ९३.५० अङ्क र बेनीघाट रोराङ गाउँपालिकाले ९१.७५ अङ्क प्राप्त गरी नगरपालिकातर्फ नीलकण्ठ र गाउँपालिकातर्फ बेनीघाट रोराङ सर्वाधिक अङ्कसहित देशकै उत्कृष्ट बनेका हुन् ।

१९. सुशासनसम्बन्धी नीति तथा कार्यक्रम पहिलोपल्ट कुन योजनाले अगाडि सारेको हो ?

www.laxmiprasadjoshi.com.np

= नवौँ योजना

२०. सरकारले कर्णाली र सुदूरपश्चिम प्रदेशका कति हिमाललाई आरोहणका लागि निःशुल्क गर्ने व्यवस्था गरेको छ ?

= ९७

-मन्त्रीपरिषद्को विसं २०८२ साउन १८ को बैठकले आगामी दुई वर्ष अर्थात् २०८४ सम्मका लागि कर्णालीका ७४, सुदूरपश्चिमका २० र दुवै प्रदेशको सीमामा रहेका तीन वटा गरी ९७ वटा हिमालको आरोहण निःशुल्क गरेको ।

-निःशुल्क आरोहणका लागि खुला गरिएकामा त्यस क्षेत्रका अपि, सैपाल, काञ्जिरोवा, कान्टी, जेठी बहुरानीलगायत छन् । यी ९७ हिमाल आरोहणका लागि हालसम्म विदेशीले १७५ डलरदेखि पाँच सय डलरसम्म रोयल्टी तिर्नुपर्दथ्यो ।

-मानव विकास सूचकाङ्कमा पछाडि परेका क्षेत्रमा हिमाल आरोहण निःशुल्क गर्दा पर्यटकको आकर्षण बढेर त्यहाँका अरू नयाँ गन्तव्यको पनि पहिचान हुने अपेक्षा गरिएको ।

www.laxmiprasadjoshi.com.np

**2082/5/18 गते । गोरखापत्र । ज्ञान सागर । वस्तुगत प्रश्नोत्तर ।**

१. साङ्घाई सहयोग सङ्गठन (एससिओ) प्लसको शिखर सम्मेलनमा सहभागी हुन प्रधानमन्त्री केपी शर्मा ओली कहिले चीन प्रस्थान गर्नुभएको हो ?

= विसं २०८२ भदौ १४

-सम्मेलन आयोजना : सन् २०२५ अगस्त ३१

-सेप्टेम्बर १, तियान्जिन (चीन)

-सो सम्मेलनमा नेपालका प्रधानमन्त्री ओलीसहित रुसका राष्ट्रपति भ्लादिमिर पुटिन, भारतका प्रधानमन्त्री नरेन्द्र मोदीलगायत विभिन्न देशका राष्ट्र तथा सरकार प्रमुखको सहभागिता रहेको ।

-चीनको तियानजिनमा भएको एससिओ शिखर सम्मेलनमा सी जिनफिङ, भ्लादिमिर पुटिन र नरेन्द्र मोदीको भेटले विश्व व्यवस्थामा नयाँ समीकरण र सन्तुलनको सन्देश दिएको ।

-अमेरिकासँगको चिसो सम्बन्ध र दबाबकाबिच भारत, चीन र रुसको निकटता बढ्दै गएको देखिएको, जसले पश्चिमी वर्चस्वमा चुनौती दिने सङ्केत गरेको ।

-तीन नेताको भेटलाई एसियाको युग सुरु भएको सन्देशका रूपमा पनि हेरिएको, जहाँ भारतले रुस र चीनसँगको सम्बन्धलाई प्राथमिकता दिन थालेको ।

-नेपालले एससिओभित्र क्षेत्रीय सहयोग अभिवृद्धि गर्ने आफ्नो प्रतिबद्धतालाई सदैव कायम राख्ने बताउँदै प्रधानमन्त्री ओलीले साङ्घाई भावनालाई समर्थन गर्दै मित्रता, साझेदारी र असल छिमेकी सम्बन्धलाई बलियो बनाउन जोड दिनुभएको ।

-प्रधानमन्त्री ओलीले चीनका राष्ट्रपति सीसँग चीन–भारत लिपुलेक सहमतिप्रति आपत्ति जनाउनुभएको थियो ।

-सन् १९९६ मा चीन, रुस, काजकिस्तान, किर्गिस्तान र ताजिकिस्तानबिच 'साङ्घाई फाइभ/ नामक क्षेत्रीय समूह बनेको थियो । सन् २००१ मा उज्वेकिस्तानसमेत सामेल भएपछि यसलाई औपचारिक रूपमा साङ्घाई सहयोग सङ्गठन (साङ्घाई को–अपरेसन अर्गनाइजेसन) नाम दिइएको थियो ।

-हाल चीन, रुस, भारत, पाकिस्तान, काजकिस्तान, कीर्गिस्तान, ताजकिस्तान, उज्वेकिस्तान, इरान र बेलारुस गरी १० पूर्ण सदस्य छन् ।

२. सरकारले ३२ औँ प्रहरी महानिरीक्षकमा कसलाई नियुक्त गर्ने निर्णय गर्‍यो ?

= चन्द्रकुवेर खापुङ

-विसं २०८२ भदौ १३ गते बसेको मन्त्रीपरिषद् बैठकले केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) का प्रमुख तथा प्रहरी अतिरिक्त महानिरीक्षक खापुङलाई आइजिपीमा नियुक्त गर्ने निर्णय गरेको ।

-हालका प्रहरी महानिरीक्षक दिपक थापा यही भदौ १८ गते अवकाशमा जाने भएपछि सरकारले खापुङलाई नयाँ आइजिपी नियुक्त गरेको । भदौ १९ गतेदेखि लागु हुने गरी नेपाल प्रहरीका ३२ औँ महानिरीक्षकमा खापुङ नियुक्त भएका ।



www.laxmiprasadjoshi.com.np

३. 'मिस नेपाल वल्ड २०२५' को उपाधि जित्ने प्रतिभा को हुन् ?

= लुना लुइँटेल

-दी हिडन ट्रेजरले आयोजना गरेको मिस नेपालको ३१ औँ संस्करणमा २५ प्रतियोगीलाई पछाडि पार्दै भोजपुरकी लुनाले मिस नेपाल वल्डको ताज पहिरेकी ।

-'युनिभर्सिटी अफ सिड्नी' बाट पब्लिक हेल्थमा स्नातकोत्तर अध्ययनरत लुना यसअघि सन् २०१५ मा मिस टिनको पहिलो उपविजेता बनेकी थिइन् ।

-प्रतियोगितामा दीपशिखा नेपाल, 'मिस नेपाल कस्मो' को ताजसहित पहिलो उपविजेता बनिन् ।

-विसं २०८२ भदौ १४ गते गोदावरी 'सनराइज कन्भेनसन सेन्टर' मा आयोजित मिस नेपालको 'ग्रान्ड फिनाले' मा उरुषा भण्डारी उपविजेता बन्दै 'मिस नेपाल इन्टरनेसनल' को ताज जितिन् । जापानमा हुने मिस इन्टरनेसनलमा उनले नेपालको तर्फबाट प्रतिनिधित्व गर्ने छन् ।

-सोनी घले प्रतियोगितामा 'मिस नेपाल अर्थ २०२५' घोषित भएकी ।

४. सरकारले मुगु जिल्लामा छायानाथ राष्ट्रिय निकुञ्ज स्थापना गर्ने निर्णय कहिले गरेको हो ?

= विसं २०८२ भदौ १३

-नेपाल सरकारले मुगु जिल्लाको मुगुम कार्मारोङ गाउँपालिकामा छायाँनाथ राष्ट्रिय निकुञ्ज स्थापना गर्ने निर्णय गरेको ।

-वन मन्त्रालयको प्रस्तावमा भदौ १३ मा बसेको मन्त्रीपरिषद्को बैठकले सो निर्णय गरेको ।

-यसअघि विसं २०३२ मा मुगुमा रारा राष्ट्रिय निकुञ्ज स्थापना भएको थियो ।

-डोल्पाको से–फोक्सुन्डो राष्ट्रिय निकुञ्जसँग जोडिएको मुगुम कार्मारोङ गाउँपालिकाको डोल्फु क्षेत्र करिब ९०६ वर्गकिलोमिटर भूभागलाई छुट्याएर छायानाथ राष्ट्रिय निकुञ्ज घोषणा गरिएको ।

-यससँगै नेपालमा राष्ट्रिय निकुञ्जको सङ्ख्या १३ पुगेको ।

५. नेपालको पहिलो पूर्ण खोप सुनिश्चित तथा दिगोपना जिल्ला कुन हो ?

= डोटी

६. नेपालमा फोटोसहितको मतदाता नामावलीको सुरुवात कहिलेदेखि भएको हो ?

= विसं २०६७ भदौ २८

७. नेपाल राष्ट्र बैङ्कले नेपालका विभिन्न १० वाणिज्य बैङ्कको विस्तृत सम्पत्ति गुणस्तर (ऋण पोर्टफोलियो) परीक्षणका लागि कुन देशको लेखा परीक्षण संस्थासँग सम्झौता गरेको हो ?

= बङ्गलादेशको हाउलदार युनुस एन्ड कम्पनी चार्टर्ड एकाउन्टेन्ट्स

-प्राविधिक तथा वित्तीय प्रस्तावको संयुक्त मूल्याङ्कनमा उच्चतम अङ्क प्राप्त गरेको हाउलदार युनुससँग ऋणको पोर्टफोलियो समीक्षा गर्न सो संस्थासँग राष्ट्र बैङ्कले सम्झौता गरेको ।

-अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) ले विस्तारित कर्जा सुविधा दिँदा विभिन्न १० वाणिज्य बैङ्कको विस्तृत सम्पत्ति गुणस्तर परीक्षण गर्नुपर्ने सर्त अनुसार राष्ट्र बैङ्कले परामर्शदाता कम्पनी छनोट गरेको हो ।



www.laxmiprasadjoshi.com.np

८. नोबेल पुरस्कार पाउने सबैभन्दा ज्येष्ठ लेखिका को हुन् ?
= डोरिस लेस्सिङ (८८ वर्ष)
-पर्सिया अर्थात् हालको इरानमा जन्म भई जिम्बाबेमा हुर्कीएकी र पछि बेलायतको नागरिक बनेकी डोरिस लेस्सिङले सन् २००७ को साहित्यतर्फको नोबेल पुरस्कार प्राप्त गरी सबैभन्दा बढी उमेर (८८ वर्ष) मा नोबेल साहित्य पुरस्कार विजेताको कीर्तिमान कायम गरेकी ।
९. नेपाल आइडल सिजन–६ को उपाधि जित्ने प्रतिभा को हुन् ?
= गङ्गा सोनाम (सिन्धुपाल्चोक)
-विसं २०८२ भदौ १५ गते ललितपुरमा भएको ‘ग्रान्ड फिनाले/ मा उत्कृष्ट चार प्रतिस्पर्धीलाई पछि पार्दै सोनाम विजेता बन्नुभएको ।
-विजेता सोनामले रु. २५ लाख नगद पुरस्कार प्राप्त गर्नुभएको ।
-प्रतियोगितामा वविता थापामगर दोस्रो, दर्शना गान्धारी तेस्रो, अभिनय खाती चौथो र मिनल मानन्धर पाँचौँ हुनुभएको ।
-२०८२ जेठ २ गतेदेखि सुरु भएको नेपाल आइडल सिजन–६ को मुख्य निर्णायकमा न्ह्यू बज्राचार्य, इन्दिरा जोशी र कालीप्रसाद रिजाल रहनुभएको ।
१०. राष्ट्रिय कविता महोत्सव, २०८२ मा उत्कृष्ट १० भित्र पर्न सफल भई पुरस्कृत हुने प्रतिभा को–को हुन् ?
= अविनाश भट्टराई (सिरहा), कर्ण सञ्जय (मोरङ), किशन पौडेल (मकवानपुर), गोमा श्रेष्ठ (लमजुङ), चन्द्रमणि चापागाईं (नवलपरासी), तुलसी केसी (रुकुमपश्चिम), मिरमा (रमा सुवेदी) (मकवानपुर), शमुएल कोइराला विश्वकर्मा (सुनसरी), सन्ध्या महर्जन (ललितपुर) र सिर्जन अविरल (चितवन)
-पुरस्कार : जनही ४० हजार रुपियाँ र ताम्रपत्र
-नेपाल प्रज्ञा–प्रतिष्ठानद्वारा विसं २०८२ भदौ १६ गते आयोजित समारोहमा राष्ट्रपति रामचन्द्र पौडेलद्वारा उत्कृष्ट कवि /कवयित्रीलाई पुरस्कार प्रदान गरिएको ।
११. कृषि तथा वन क्षेत्रको रूपान्तरण गर्न तर्जुमा गरिएको कन्ट्री प्रोग्रामिङ फ्रेमवर्कको अवधि कुन हो ?
= सन् २०२३–२०२७
१२. देशको तेस्रो अन्तर्राष्ट्रिय विमानस्थलका रूपमा पोखरा अन्तराष्ट्रिय विमानस्थलको उद्घाटन कहिले गरिएको हो ?
= विसं २०७९ पुस १७
१३. नेपालमा सर्वप्रथम डिएनए परीक्षण गरिएको वनस्पति कुन हो ?
= चिराइतो


www.laxmiprasadjoshi.com.np

१४. इन्डियन चेम्बर अफ कमर्सले बैङ्क तथा वित्तीय संस्थालाई प्रदान गर्ने दक्षिण एसियाकै प्रतिष्ठित अवार्ड ‘इमर्जिङ एसिया बैङ्किङ कनक्लेभ एन्ड अवार्डस्/ बाट सम्मानित हुने नेपाली वित्तीय संस्था कुन हो ?

= गरिमा विकास बैङ्क लि. (सन् २०२५ अगस्त)

१५. ग्लोबल पिस इन्डेक्स २०२५ मा नेपाल कतिऔँ स्थानमा रहेको छ ?

= ७६ औँ

-शान्तिपूर्ण देशको सूचीमा नेपालले आफूलाई गत वर्षभन्दा चार स्थान सुधार गरेको ।

-अस्ट्रेलियास्थित गैरसरकारी संस्था इन्स्टिच्युट फर इकोनोमिक्स एन्ड पिस (आइइपी)ले १६३ मुलुकको अध्ययन गरी सार्वजनिक गरेको प्रतिवेदनमा नेपाल ७६ औँ स्थानमा रहेको ।

-यस प्रतिवेदन अनुसार भुटान दक्षिण एसियाकै पहिलो शान्तिपूर्ण मुलुक बनेको छ । दक्षिण एसियाली राष्ट्रको स्थिति देश स्थान भुटान २१ नेपाल ७६ श्रीलङ्का ९७ भारत ११५ बङ्गलादेश १२३ पाकिस्तान १४४ अफगानिस्तान १५८

१६. नेपालमा पुस्तकालय दिवस कहिले मनाउने गरिन्छ ?

= भदौ १५

-विसं २०८२ को नारा : हाम्रो पुस्तकालय : हाम्रो भविष्य

-संस्करण : १८ औँ

-मनाउन थालिएको : विसं २०६५

-राजा गीर्वाणयुद्ध विक्रम शाहको शासनकालमा विसं १८६९ भदौ १५ गते पुस्तकालय बनाउनेसम्बन्धी कानुनमा लालमोहर लगाएको स्मृतिमा हरेक वर्ष भदौ १५ गतेलाई पुस्तकालय दिवसका रूपमा मनाउने गरिएको ।

१७. ‘ब्लु इकोनोमी/ भन्नाले के बुझिन्छ ?

= समुद्रसँग जोडिएर गरिने आर्थिक क्रियाकलापसँग सम्बन्धित दिगो विकासको मोडल

१८. नेपालमा खुलेको पहिलो प्रादेशिक विश्वविद्यालय कुन हो ?

= गण्डकी विश्वविद्यालय (गण्डकी प्रदेश)

१९. सङ्घीय सरकारले देशभर २३ नयाँ इलाका प्रशासन कार्यालय स्थापना गर्ने निर्णय कहिले गरेको हो ?

= विसं २०८२ भदौ ९ इलाका प्रशासन कार्यालय स्थापनाका लागि तोकिएका स्थान

www.laxmiprasadjoshi.com.np

**२०८२/०५/२५ गते । गोरखापत्र । ज्ञान सागर । वस्तुगत प्रश्नोत्तर ।**

१. सुडानको डार्परमा एक हजार जनाभन्दा बढी मानिसको ज्यान जाने गरी भीषण पहिरो कहिले गएको हो ?

-सन् २०२५ अगस्त ३१

२. नेपालमा पहिलो पटक एकै व्यक्तिमा तेस्रो पटक मिर्गौला प्रत्यारोपण कहिले गरियो ?

-विसं २०८२ भदौ ९

-सामान्यतः एउटा व्यक्तिमा तीन पटकसम्म मिर्गौला प्रत्यारोपण गर्नु जटिल र चुनौतीपूर्ण मानिए पनि सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रले दुर्लभ मानिने प्रत्यारोपण सफलतापूर्वक गरेको ।

-सुदूरपश्चिम प्रदेशका पूर्वमन्त्री लक्ष्मणकिशाोर चौधरीको तेस्रो पटक मिर्गौला प्रत्यारोपण गरिएको ।

-सामान्यतः मिर्गौला प्रत्यारोपण एक पटक सफल भएपछि लामो समयसम्म प्रत्यारोपण गरिएको मिर्गौलाले काम गर्ने गर्छ तर इम्युनोलोजिकल अस्वीकार, सङ्क्रमण, क्रनिक अलोग्राफ्ट नेफ्रोप्याथीलगायतका समस्याले पहिले प्रत्यारोपण गरिएको मिर्गौला असफल हुन सक्ने सम्भावना रहेको हुन्छ । यस्तो अवस्थामा दोस्रो प्रत्यारोपण गरिन्छ तर तेस्रो पटक प्रत्यारोपण गर्नुपर्ने अवस्था भने अत्यन्तै दुर्लभ मानिन्छ ।

३. जलवायु परिवर्तन र यसको प्रभावसम्बन्धी विश्व सम्मेलन (सिसिआई–२०२५) कहिले र कहाँ सम्पन्न भएको हो ?

-विसं २०८२ भदौ २१–२३, काठमाडौं

-सम्मेलनमा विश्वभरबाट २१ देशका विज्ञ, वैज्ञानिक र प्राज्ञिक व्यक्तित्व गरी दुई सय प्रतिनिधिको सहभागिता रहेको ।

-सम्मेलनमा नौ प्रमुख विषयवस्तु र ७० भन्दा बढी उपविषयमा छलफल केन्द्रित भएको । जसमा जलवायु विज्ञान, स्मार्ट कृषि, जैविक विविधता, विश्व तापक्रम वृद्धि, कार्बन उत्सर्जन, सामाजिक आर्थिक सहनशीलता,एआई उपकरणद्वारा जलवायु पूर्वानुमान, प्राकृतिक स्रोत व्यवस्थापन, विपत् जोखिम न्यूनीकरण तथा नीतिगत संरचना समेटिएका ।

४. आणविक हतियारमा प्रतिबन्ध लगाउनेसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सन्धि औपचारिक रूपमा कहिलेदेखि कार्यान्वयनमा आएको हो ? -सन् २०२१ जनवरी २२ संयुक्त राष्ट्रसङ्घद्वारा यो सन्धि सन् २०१७ मा अनुमोदन गरिएको ।

नेपालका तर्फबाट सन् २०१७ मा आणविक हतियारलाई प्रतिबन्ध लगाउने सन्धिउपर समर्थन जनाउँदै हस्ताक्षर भएको ।

५. आइयुसियनद्वारा रातो सूचीमा राखिएको तारे कछुवा (इन्डियन स्टार टर्टूवाइज) नेपालमा पहिलो पटिक कहिले फेला परेको हो ?



www.laxmiprasadjoshi.com.np

-विसं २०८२ भदौ ३

-कैलालीको जानकी गाउँपालिका–६ स्थित कर्णाली तटीय क्षेत्रमा रहेको वनक्षेत्रमा सो कछुवा फेला परेको ।

-संवेदनशील अवस्थाको तारे कछुवालाई अन्तर्राष्ट्रिय प्रकृति संरक्षण सङ्घ (आइयुसियन) ले सन् २०१६ देखि रातो सूचीमा राखेको ।

-यो कछुवा नेपालका लागि नयाँ प्रजाति रहेको ।

६. अफगानिस्तानमा आठ सयभन्दा बढी मानिसको ज्यान जाने गरी शक्तिशाली भूकम्प कहिले गएको हो ?

-सन् २०२५ अगस्त ३१

-सो भूकम्पमा परी २५ सयभन्दा बढी मानिस घाइते भएका ।

-भूकम्पको केन्द्रविन्दु देशको पाँचौँ ठुलो सहर जलालाबादबाट २७ किलोमिटर टाढा र जमिनभन्दा आठ किलोमिटर तल रहेको ।

-यस अघि सन् २०२२ मा अफगानिस्तानमा गएको भूकम्पमा एक हजार मानिसको ज्यान गएको थियो ।

७. सरकारले एक दशकपश्चात् पर्वतारोहणमा नयाँ शुल्कको व्यवस्था कहिलेदेखि गरेको हो ?

-विसं २०८२ भदौ १६

-सगरमाथासहितका हिमाल आरोहण गर्न नयाँ शुल्क लागु भएको ।

-सन् २०१५ जनवरी १ देखि कायम भएको हिमाल आरोहण अनुमति शुल्क एक दशकपछि परिवर्तन भएको ।

-बढाइएको शुल्क अनुसार विदेशी पर्यटकले अब वसन्तयाममा सगरमाथाको नियमित मार्ग (दक्षिणपूर्व) बाट आरोहण गर्न १५ हजार डलर बुझाउनुपर्ने छ । त्यस्तै शरद ऋतुमा आरोहण गर्न सात हजार पाँच सय डलर र शिशिर तथा वर्षा ऋतुमा तीन हजार ७५० डलर बुझाउनुपर्ने छ । हाल शरद ऋतुमा पाँच हजार पाँच सय डलर र शिशिर तथा वर्षा ऋतुमा दुई हजार पाँच सय डलर लिने गरिएको थियो ।

-त्यस्तै सगरमाथाको दक्षिणपूर्वी मार्गबाहेक अन्यतिरबाट आरोहण गर्न वसन्त ऋतुमा १० हजार डलर, शरद ऋतुमा पाँच हजार डलर र शिशिर तथा वर्षा ऋतुमा दुई हजार पाँच
सय डलर बुझाउनुपर्ने छ ।

-नेपाली आरोहीका लागि सगरमाथा आरोहण गर्न वसन्त
ऋतुमा एक लाख ५० हजार रुपियाँ, शरद ऋतुमा ७५ हजार रुपियाँ र बाँकी याममा ३५ हजार रुपियाँ कायम गरिएको छ ।

-सगरमाथाबाहेकका आठ हजार मिटरभन्दा माथिका हिमालमा विदेशीका लागि वसन्तकालीन, शरदकालीन र अन्य याममा क्रमशः तीन हजार, एक हजार पाँच सय र ७५० डलर शुल्क निर्धारण

www.laxmiprasadjoshi.com.np

गरिएको।
८. सङ्घीय निजामती सेवा विधेयक–२०८० राष्ट्रिय सभाबाट कहिले पारित भएको हो ?
-विसं २०८२ भदौ १७
-राष्ट्रिय सभाबाट पारित विधेयकमा अवकाशलगत्तैको नियुक्तिका लागि दुईबर्से विश्राम अवधि (कुलिङ पिरियड) कायम हुने गरी राष्ट्रिय सभाले प्रतिवेदन पास गरेको।
-अतिरिक्त सचिव (१३ औँ तह) राख्नेसम्बन्धी व्यवस्थालाई राष्ट्रिय सभाले हटाएको।
-नासु (सहायक पाँचौँ) र सहसचिव (राजपत्राङ्कित प्रथम श्रेणी) मा खुला र अन्तरतह प्रतियोगिताद्वारा १०/१० प्रतिशत पदपूर्ति हुने प्रबन्ध गरिएको। अब नासु र सहसचिवमा
खुलाबाट १०, अन्तरतह प्रतियोगिताबाट १० र बढुवाबाट ८० प्रतिशत पदपूर्ति हुने गरी व्यवस्था राष्ट्रिय सभाको प्रतिवेदनमा गरिएको। ९. सिन्धुपाल्चोककै सबैभन्दा ठुलो १०२ मेगावाट क्षमताको मध्य भोटेकोशी जलविद्युत् आयोजनाको परीक्षण उत्पादन कहिलेदेखि भएको हो ?
-विसं २०८२ भदौ १६
-आयोजनाले भदौ अन्तिम सातादेखि व्यावसायिक उत्पादन गर्ने उल्लेख गरेको।
-आयोजना निर्माण सुरु भएको १४ वर्षपछि उत्पादन हुन थालेको।
-१२ अर्ब ३३ करोड लागत अनुमान गरिएकोमा समयमा आयोजना सम्पन्न हुन नसक्दा २२ अर्ब लागत पुगेको आयोजनाले जनाएको। १०. 'कल्प/ महाकाव्यका सर्जक को हुन् ?
-डा. नवराज लम्साल (विसं २०८२ भाद्र २० मा विमोचित)
११. मुस्ताङको कोरला नाका व्यावसायिक रूपमा पहिलो पटक कहिलेदेखि सञ्चालनमा आएको हो ?
-विसं २०८२ भदौ २३
-यसअघि सिजनल रूपमा मुस्ताङका स्थानीयवासीलाई लक्षित गर्दै उक्त नाका सञ्चालन हुने गरेको थियो।
१२. सगरमाथा वृक्षरोपण महाअभियान कहिलेदेखि सुरु भएको हो ?
-विसं २०८२ असार १४ (राष्ट्रिय वृक्षरोपण दिवसका अवसरमा)
-महाअभियानका क्रममा हरेक वर्ष तीन करोड बिरुवा २० वर्षसम्म निरन्तर रोपण गरिने।
-सरकारले आगामी वर्षदेखि एकमहिने वृक्षरोपण अभियान चलाउने निर्णय गरेको।
-यस अभियानले कार्बन उत्सर्जन कम गर्ने, हिमालय र जैविक विविधताको संरक्षण गर्ने लक्ष्य राखेको।
-यस अभियानमा सङ्घ, प्रदेश र स्थानीय सरकारको सहभागिता रहने र यसलाई राष्ट्रिय पर्वका रूपमा मनाइने भएको। १३. संयुक्त राष्ट्रसङ्घद्वारा कुन वर्षलाई अन्तर्राष्ट्रिय धान वर्षका रूपमा मनाइएको हो ?
-सन् २००४
१४. आर्थिक सर्वेक्षण २०८१/८२ अनुसार कुल गार्हस्थ उत्पादन (जिडिपी) मा कृषि क्षेत्रको योगदान कति रहेको छ ?



www.laxmiprasadjoshi.com.np

-२५.१६ प्रतिशत

-उद्योग क्षेत्रको योगदानः १२.८३ प्रतिशत

-सेवा क्षेत्रको योगदानः ६२.०१ प्रतिशत १५. धिमाल युवा प्रतिभा पुरस्कार २०८२ कसलाई प्रदान गरियो ?

-डा. सजना धिमाल

-उनी धिमाल समुदायबाट पहिलो चिकित्सक बन्न सफल भएकी ।

-हरेक वर्ष असार २ गते सिरिजात पर्व समापनका अवसरमा यो पु◌ुरस्कारबाट एक जना युवा प्रतिभालाई सम्मान गर्दै आएको । १६. आर्थिक सर्वेक्षण २०८१ /८२ अनुसार नेपालमा प्रतिव्यक्ति रुख सङ्ख्या कति रहेको छ ?

-१११ (प्रतिव्यक्ति वनक्षेत्रः ०.२ हेक्टर) १७. ३५ औँ नेटो सम्मेलन कहिले र कहाँ सम्पन्न भएको हो ?

-सन् २०२५ जुन २४–२५, नेदरल्यान्डको हेग

-३४ औँ सम्मेलन : सन् २०२४ जुलाई ९–११, अमेरिका

-नेटोमा हाल ३२ सदस्य राष्ट्र रहेका ।

-३२ औँ सदस्य राष्ट्र : स्विडेन (सन् २०२४ मार्च ७)

१८. धनकुटा रत्न पुरस्कार २०८२ बाट सम्मानित हुने स्रष्टा को हुन् ?

-झमककुमारी घिमिरे

-जीवन काँडा कि फूल, मान्छेभित्रका योद्धाहरू, सङ्कल्प, आफ्नै चिता अग्नि शिखातिरलगायत कृतिको स्रष्टा घिमिरे मदन पुरस्कारबाट समेत सम्मानित भएकी ।

१९. हाल नेपालमा चरा प्रजातिको सङ्ख्या कति रहेको छ ?

-९०२

-९०२ औँ चरा : साइबेरियाली राजपुत्रिका (साइबेरियन स्यान्ड प्लोभर)

-९०१ औँ चरा : मालाबार ह्विसलिङ थ्रस

-९०० औँ चरा : छोटो पुच्छ«◌े समुद्री (सर्ट टेल्ड सियरवाटर)

२०. जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धिका पक्ष राष्ट्रको ३० औँ सम्मेलन (कोप–३०) कहिले र कहाँ हुने भएको छ ?

-सन् २०२५ नोभेम्बर १०–२१, बेलेम, ब्राजिल

२१. कुन अवधिमा जन्मिएको पुस्तालाई जेनजी भनी चिनिन्छ ?

-सन् १९९७–२०१२

-सन् १९९७ देखि २०१२ सम्मको अवधिमा जन्मिएका मानिसलाई ‘जेनरेसन जेड/ अर्थात् ‘जेनजी/ भनेर चिनिने ।

-यो डिजिटल युगको पुस्ता हो । सिकाइ, काम गर्ने तरिका र सोच्ने शैलीमा यिनीहरू स्वतन्त्र र प्रयोगशील देखिन्छन् । यो पुस्ताको व्यक्तिमा ग्लोबल दृष्टि र स्थानीय पहिचान
दुवैलाई सँगै बोकेको पाइन्छ ।
२२. दोस्रो राष्ट्रिय आर्टिफिसियल इन्टेलिजेन्स सम्मेलन कहिले र कहाँ सम्पन्न भएको हो ?
-विसं २०८२ भदौ २१, ललितपुर
-'एआई एन्ड डेभलपमेन्ट: ब्रिजिङ दी ग्याप, बिल्डिङ दी अपच्र्युनिटिज/ नाराका साथ सम्पन्न भएको हो।

www.laxmiprasadjoshi.com.np

## २०८२/०६/०१ गते । गोरखापत्र । ज्ञान सागर । वस्तुगत प्रश्नोत्तर ।

१. नेपालको इतिहासमा पहिलो पटक महिला प्रधानमन्त्री बन्न सफल व्यक्तित्व को हुनुहुन्छ ?
= सुशीला कार्की
– कार्की विसं २०८२ भदौ २७ गते प्रधानमन्त्री पदमा नियुक्त हुनुभएको ।
– राष्ट्रपति रामचन्द्र पौडेलद्वारा नेपालको संविधानको धारा ६१ (४) को आधारमा कार्कीलाई प्रधानमन्त्री पदमा नियुक्त गरिएको ।
– जेनजी आन्दोलनकारीको रोजाइमा परेर देशको पहिलो महिला सरकार प्रमुख बन्नुभएको नवनियुक्त प्रधानमन्त्री कार्कीको प्रमुख कार्यभार छ, महिनाभित्र प्रतिनिधि सभाको निर्वाचन गराउनु रहेको ।
– कार्कीले विसं २०७३ असार २७ देखि २०७४ जेठ २४ सम्म नेपालको पहिलो महिला प्रधान न्यायाधीशको रूपमा कार्यभार समाल्नुभएको थियो । प्रधान न्यायाधीशबाट अवकाश भएको करिब आठ वर्षपछि उहाँले कार्यपालिकाको नेतृत्व गर्ने नेपालको पहिलो महिला सरकार प्रमुखको इतिहास रच्नुभएको ।
– कार्कीले आफ्नो इमानदार छवि र दृढ निर्णयका कारण न्यायालयमा छुट्टै पहिचान बनाउन सफल हुनुभएको । लोकमानसिंह कार्की प्रकरण, सुडान घोटाला, दाइजोसम्बन्धी मुद्दा, बैङ्क अनियमितता जस्ता चर्चित मुद्दाको फैसलामा उहाँले महात्वपूर्ण भूमिका निर्वाह गर्नुभएको ।
– प्रधानन्यायाधीशको कार्यकाल सकिन करिब ४० दिन बाँकी रहँदा उहाँलाई महाभियोग लगाइएको थियो । व्यापक विरोधपश्चात् सो प्रस्ताव फिर्ता भएको थियो । सर्वोच्च अदालतले पछि त्यसलाई राजनीतिक प्रतिशोध भनेको थियो ।
– उहाँलाई निर्भीक, इमानदार र न्यायप्रति समर्पित न्यायाधीशका रूपमा चिन्ने गरिन्छ ।
– विराटनगर (मोरङ) मा विसं २००९ जेठ २५ गते जन्मनुभएको कार्कीले भारतको बनारस हिन्दु विश्वविद्यालयबाट राजनीतिशास्त्रमा एमए र त्रिभुवन विश्वविद्यालयबाट कानुनमा स्नातक उपाधि हासिल गर्नुभएको ।
२. नेपालको इतिहासमा पहिलो पटक महिला महान्यायाधिवक्ता बन्न सफल व्यक्तित्व को हुनुहुन्छ ?
= सविता भण्डारी
– विसं २०८२ भदौ २९ गते राष्ट्रपति रामचन्द्र पौडेलद्वारा महान्यायाधिवक्तामा वरिष्ठ अधिवक्ता भण्डारीलाई नियुक्त गरिएको ।
– प्रधानमन्त्री सुशीला कार्कीको सिफारिसमा राष्ट्रपति पौडेलले भण्डारीलाई महान्यायाधिवक्तामा नियुक्त गर्नुभएको ।
– न्यायिक वृत्तमा सबैले गुरु मान्ने कृष्णप्रसाद भण्डारीको छोरी सविता राष्ट्रिय सूचना आयोगकी पूर्वआयुक्त पनि हुनुहुन्छ ।



www.laxmiprasadjoshi.com.np

– पहिलो महान्यायाधिवक्ता ः कालीप्रसाद उपाध्याय
३. नेपालमा भ्रष्टाचारको विरोध एवं सामाजिक सञ्जालमाथि प्रतिबन्धको विषयमा केन्द्रित रही जेनजी पुस्ताको आन्दोलन कहिले सञ्चालन भएको हो ?
= विसं २०८२ भदौ २३–२४
– डिजिटल प्रविधि र सामाजिक सञ्जालमा सशक्त बनेको जेनजी पुस्ता आफ्ना मागहरू उठान गर्दै सशक्त रूपमा आन्दोलनमा उत्रिएको ।
– जेनजी पुस्ताको पहलमा अघि बढेको सो आन्दोलनमा विद्यार्थी, युवा, उद्यमी, श्रमिक र प्रवासी आवाजलाई एउटै उद्देश्यमा बाँध्दै विविध पृष्ठभूमिका व्यक्तिहरूको सहभागिता रहेको ।
– राज्यसत्ता, राजनीतिक नेतृत्व र प्रशासनलाई जवाफदेही बनाउन उठाइएका सवालहरूले तत्कालीन समस्या मात्र नभई दीर्घकालीन न्याय, समानता र पारदर्शी शासन प्रणालीको आधार तयार गर्न दिशा देखाउने विश्वास जेनजी पुस्ताको रहेको । चर्चित शब्द : नेपोबेबिज (अवसर, जागिर, छात्रवृत्ति वा सुविधा पाउन पहुँच र नातावादलाई आधार बनाउने प्रवृत्ति) । मुख्य नारा : इनफ इज इनफ, वेक अप जेन–जी, युथ अगेन्स्ट करप्सन प्रमुख घटनाक्रम
– आन्दोलनको सुरुवात : २०८२ भदौ २३
– गृहमन्त्री रमेश लेखकद्वारा राजीनामा : २०८२ भदौ २३
– सामाजिक सञ्जालमा लगाइएको प्रतिबन्ध फुकुवा : २०८२ भदौ २३
– प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा राजीनामा : २०८२ भदौ २४
– प्रधान सेनापति अशोकराज सिग्देलद्वारा राज्यको नाममा सम्बोधन : २०८२ भदौ २४
– सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन, संसद् विघटन : २०८२ भदौ २७ आन्दोलनको प्रभाव
– ७२ भन्दा बढीको मृत्यु, सयौँ घाइते ।
– संसद भवन, सिंहदरबार, सर्वोच्च अदालत जस्ता महत्वपूर्ण सरकारी भवनमा आगजनी ।
– राष्ट्रपति भवन, विभिन्न मन्त्रालय र नेताहरूको निवासमा ठुलो क्षति ।
४. विश्वमा सर्वप्रथम एआई मन्त्री बनाउने देश कुन हो ?
= अल्बानिया
– नियुक्ति मिति : सन् २०२५ सेप्टेम्बर ११
– नाम : डिएला
– उद्देश्य : भ्रष्टाचार नियन्त्रण र पारदर्शी शासन व्यवस्था प्रवर्धन
– अल्बानियाका प्रधानमन्त्री एडी रामाले आफ्नो मन्त्रीपरिषद्मा विश्वकै पहिलो एआई मन्त्री नियुक्त गरेका छन् । यो ऐतिहासिक जिम्मेवारी डिएलाले पाएकी हुन् ।

– प्रधानमन्त्रीका अनुसार डिएलाले सार्वजनिक कोष, सरकारी परियोजना र ठेक्का टेन्डरहरूलाई कडाइका साथ अनुगमन गर्नेछिन् । डिएलाको सक्रियताले मुलुकमा ठेक्का टेन्डरहरू शतप्रतिशत पारदर्शी र भ्रष्टाचारमुक्त हुने विश्वास गरिएको ।

५. नेपालमा राष्ट्रिय बाल दिवस कहिले मनाइन्छ ?

= भदौ २९

– विसं २०८२ (६१ औँ) बाल दिवसको नारा : 'बालबालिकामा लगानी : सुनिश्चित भविष्यको थालनी'

– विसं २०६३ देखि नेपालले संयुक्त राष्ट्रसङ्घ बाल अधिकारसम्बन्धी महासन्धि १९८९ लाई अनुमोदन गरेको दिन २०४७ भदौ २९ को सम्झनामा हरेक वर्ष यो दिवस मनाउन थालिएको ।

६. जेनजी पुस्ताको आन्दोलनपश्चात् गठित अन्तरिम सरकारले प्रतिनिधि सभाको निर्वाचन कहिले गर्ने घोषणा गरेको छ ?

= विसं २०८२ फागुन २१

७. युनेस्कोद्वारा वास्तुकलाको राजधानीका रूपमा घोषणा गरिएको सहर कुन हो ?

= रियो दी जेनेरियो (ब्राजिल)

८. वायुमण्डल नभएको ग्रह भनेर बुध ग्रहलाई चिनिन्छ भने म्याग्नेटिक फिल्ड नभएको ग्रह भनेर कुन हलाई चिनिन्छ ?

= शुक्र

९. अफ्रिका महाद्वीपकै ठुलो जलविद्युत् आयोजना कुन हो ?

= ग्रान्ड इथियोपियन रेनेसाँस ड्याम (गर्ड), ब्लु नाइल नदी, इथियोपिया

– उद्घाटन : सन् २०२५ सेप्टेम्बर ९

– उत्पादन क्षमता : ५,१५० मेगावाट

– निर्माण सुरु : सन् २०११

– कुल लागत : पाँच अर्ब अमेरिकी डलर

– यो आयोजना अन्तर्गत सन् २०२२ मा पहिलो टर्बाइनबाट विद्युत् उत्पादन सुरु भई क्रमशः सन् २०२५ सेप्टेम्बर ९ मा यसले अधिकतम ५,१५० मेगावाट उत्पादन पुऱ्याएको ।

१०. नेपालले विश्व स्वास्थ्य सङ्घ (डब्लुएचओ) को सदस्यता कहिले प्राप्त गरेको हो ?

= सन् १९५३ सेप्टेम्बर २

११. मुलुकभरिका स्थानीय तहका उपमेयर र उपाध्यक्षको राष्ट्रिय सम्मेलन कहिले सम्पन्न भएको हो ?

= विसं २०८२ जेठ २३–२४, विराटनगर

– सम्मेलनले २० बुँदे विराटनगर घोषणापत्र जारी गरेको ।

१२. प्रस्तावित मेरापिक राष्ट्रिय निकुञ्ज कुन जिल्लामा पर्छ ?

= सोलुखुम्बु

१३. सरकारले कुन निकाय अन्तर्गत राष्ट्रिय अनुसन्धान तथा विकस परिषद् स्थापना गर्ने निर्णय गरेको छ ?

= राष्ट्रिय योजना आयोग (२०८२ कात्तिकभित्र स्थापना निर्णय भएको)

– २०८२ जेठ ५ गते बसेको मन्त्रीपरिषद् बैठकले यो कार्ययोजना स्वीकृत गरेको ।

१४. म्युजिक खबर दीर्घ साधना सम्मान २०८१ बाट सम्मानित हुने स्रष्टा को हुन् ?

= गीतकार यादव खरेल

१५. जितिया पर्व कुन क्षेत्रमा प्रचलनमा रहेको छ ?

= तराई क्षेत्र

– आफ्ना सन्तानका लागि निराहार व्रत बसेर सन्तानको सुख, शान्ति र चिरायुको कामना गर्दै यो पर्व सोज कृष्णपक्षको सप्तमी, अष्टमी र नवमी तिथि गरी तीन दिनसम्म मनाउने गरिन्छ ।

– तराईका जिल्लामा थारू तथा मैथिली महिलाले विशेष महत्वका साथ मनाउने जितिया पर्वमा तवाहन भगवानको पूजा आराधनासहित कठोर व्रत बस्ने चलन रहेको छ ।

१६. बेल्ट एन्ड रोड साहित्यिक सञ्जालको स्थापना कहिले गरिएको हो ?

= सन् २०२१ सेप्टेम्बर ७

१७. युरोपेली मुलुक फ्रान्सको प्रधानमन्त्रीमा हालै कसलाई चयन गरियो ?

= सेबास्टियन लेकोर्नु

– फ्रास्वाँ बायरोले विश्वासको मत गुमाएर राजीनामा दिएपछि राष्ट्रपति इमानुएल म्याक्रोँले आफ्ना क्षामन्त्री र निकट सहयोगी सेबास्टियन लेकोर्नुलाई नयाँ प्रधानमन्त्रीको रूपमा नियुक्त गरेका ।

– दुई वर्षभित्र बनेका पाँचौँ प्रधानमन्त्री लेकोर्नुका सामु अब देशमा गहिरिँदै गएको राजनीतिक सङ्कट समाधान गर्नुपर्ने चुनौती रहेको ।

– युरोपेली सङ्घको दोस्रो ठुलो अर्थतन्त्र फ्रान्स अस्थिरताको सँघारमा उभिएको ।

१८. कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागको स्थापना कहिले भएको हो ?

= विसं २०७८ असोज १२

१९. अन्तर्राष्ट्रिय ओजोन तह संरक्षण दिवस कहिले मनाइन्छ ? = सेप्टेम्बर १६

– सन् २०२५ को नारा : 'फ्रम साइन्स टु ग्लोबल एक्सन' अर्थात् 'विज्ञानबाट विश्वव्यापी कार्यसम्म'

– यो अभियानले वैज्ञानिक निष्कर्षलाई नीतिगत उपायहरू र अन्तर्राष्ट्रिय सहयोगमा कसरी रूपान्तरण हुन्छ भन्ने कुरा देखाउँछ, जसले वातावरणीय चुनौतीलाई सम्बोधन गर्न एकताबद्ध प्रयासको शक्ति प्रकट गर्छ ।

www.laxmiprasadjoshi.com.np

…………

-२०८२ भाद्र ३१ गते आन्दोलमा सहिदहरुको राष्ट्रिय सम्मानका साथ सामुहिक अत्यस्टि र असोज १ गते शोक विदा।

**लेखक टंक के.सी द्धारा लेखिएका गोरखापत्रमा प्रकाशित सामग्रीहरु राखिएका छन्। २०८२ बैसाख देखि असोज १ गते सम्म राखिएका वस्तुगत प्रश्नोत्तर समावेश गरिएका छन्।**

**थप जानकारी र सुझाव सल्लाहका लागि**

**Whatsapp: 9848879264**

# सधै हेर्दै गर्नुहोला

# www.laxmiprasadjoshi.com.np

**CP**

www.laxmiprasadjoshi.com.np